विधेयक सङ्ख्याः

# विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

## उद्देश्य र कारण

प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक तथा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुने व्यवस्था नेपालको संविधानको धारा ३१ मा गरिएको छ । संविधानको धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने सहितका व्यवस्थाहरु रहेका छन्। उक्त नीतिको कार्यान्वयन कानूनी व्यवस्था बमोजिम हुने हुनाले संविधानको धारा ५६ मा भएको राज्यको संरचना, धारा ५७ मा भएको राज्यशक्तिको बाँडफाँड तथा संविधानको अनुसूची-८ र ९ मा भएका स्थानीय तहको अधिकार एवम् संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा भएका व्यवस्थालाई कार्यान्वयन गरी अधिकारमा आधारित शिक्षाको प्रवन्धका साथै मुलुकको समग्र विकासका लागि नैतिक मूल्य र मान्यता सहितको सबल र सक्षम जनशक्ति विकास गर्न आवश्यक भएको छ। यसका लागि नेपालको शासकीय मूल संरचना अनुकुल हुने गरी विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न छुट्टै ऐन आवश्यक भएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्नु परेको छ। यसबाट विद्यालयको स्थापना र सञ्चालन, पाठ्यक्रम तथा पाठ्यसामग्री र शैक्षिक गुणस्तर, परीक्षा संञ्चालन तथा व्यवस्थापन, सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारीको नियुक्ति, पदीय आचरण, सरुवा, कारवाही तथा अवकासका विषयमा देशभर एकरूपता कायम हुनुका साथै शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड तथा मन्त्रालय अन्तर्गतका संरचनात्मक व्यवस्थावाट प्रवाह हुने सेवा प्रभावकारी हुन गइ संवैधानिक व्यवस्था अनुरूपको संघ, प्रदेश तथा स्थानीय तहको काम कर्तव्य र जिम्मेवारीको प्रभावकारी कर्यान्वयन हुनेछ। उल्लिखित प्रावधानहरूका माध्यमवाट मुलुकका कर्णधारको रुपमा रहेका बालबालिकाको शिक्षा सम्बन्धी हकको संरक्षण र प्रत्याभूत हुने गरी मुलुकको विद्यालय शिक्षाको व्यवस्थापन गर्नु पर्ने भएकोले प्रस्तुत "विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्नु परेको हो।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(अशोक कुमार राई)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# आर्थिक टिप्पणी

विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा विद्यालयको स्थापना र सञ्चालनको अनुमति राष्ट्रिय मापदण्डको आधारमा स्थानीय तहबाट हुने, विद्यालयमा आधारभूत र माध्यमिक तह रहने र राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा पठन पाठन र परीक्षा सञ्चालन गर्ने, विद्यालयमा व्यवस्थापन समिति रहने, विद्यालयमा रहने शिक्षक कर्मचारीको दरवन्दी समायोजन गर्ने, शिक्षक कर्मचारीको पदपूर्तिको विज्ञापन र सिफारिस शिक्षक सेवा आयोगले गर्ने, नियुक्ति, सरूवा र अवकासका विषय स्थानीय तहले हेर्ने, शिक्षक कर्मचारीले कार्यरत रहँदा र अवकासपछि प्राप्त गर्ने सुविधा सुनिश्चित गर्ने, हाल कार्यरत राहत शिक्षक अनुदान कोटा, विशेष शिक्षक अनुदान कोटा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा दरवन्दीमा परिणत हुने, विद्यालय तथा शिक्षकको अभिलेख राष्ट्रिय किताबखानामा रहने व्यवस्था गरिएको छ।

प्रस्तुत विधेयकमा राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोगको व्यवस्था गरिएको छ। विद्यालयको प्रधानाध्यापकको छनोट सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संरचनामा शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र प्रत्येक जिल्लामा शिक्षा कार्यालय रहने व्यवस्था गरिएको छ । पाठ्यक्रमको व्यवस्थाका लागि राष्ट्रिय पाठ्यक्रम परिषदको व्यवस्था गरिएको छ। विद्यालय तथा शिक्षकको लागि उपलब्ध हुँदै आएको अनुदान उपलब्ध गराउनु पर्ने दायित्व तथा कर्मचारी वापत दिइने अनुदान लाई यथावत व्यवस्था गरिएको छ। शिक्षकका सेवा सुविधा, कर्मचारीलाई स्थानीय तहबाट उपलब्ध हुने सेवा सुविधा लगायतको व्यवस्थापन तथा मन्त्रालयको संगठन संरचना सहितका विषयमा नेपाल सरकारबाट रकम उपलब्ध गराउनु पर्ने भएकोले यसबाट सालवसाली रुपमा नेपाल सरकारलाई आर्थिक दायित्व पर्न जाने हुन्छ र सोको दायित्व अहिले नै यति नै पर्छ भनी अनुमान गर्न सकिने देखिदैन।

(अशोक कुमार राई)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेका छन्:-

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ३(२) | विद्यालयको स्थापना र सञ्चालन राष्ट्रिय मापदण्ड बमोजिम व्यवस्था गर्ने। | विद्यालय स्थापनाका आधार राष्ट्रिय मापदण्डबाट व्यवस्थित बनाइने । | विद्यालय स्थापनाका आधार स्पष्ट र पारदर्शि हुन जाने। |
| २ | ४(७) | निजी लगानीका विद्यालयको स्थापना र कक्षा थपको स्वीकृति प्रदान गर्दा स्थानीय तहले तोकिए बमोजिमको धरौटी माग गर्नु पर्ने। | निजी लगानीका विद्यालयको स्थापना र कक्षा थपको स्वीकृति सम्बन्धमा धरौटी व्यवस्थित हुन जाने । | स्थानीय आवश्यकता, औचित्यता र क्षमताको आधारमा निजी लगानीका विद्यालय स्थापना हुने । |
| ३ | ४(८) | निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने। | निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने । | निजी लगानीका विद्यालय को स्थापना र सञ्चालन व्यवस्थित हुने। |
| ४ | ५(१) | राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयको स्थापना तथा सञ्चालन वा कक्षा वा तह थपको अनुमति सम्बन्धी कार्य हुने। | राष्ट्रिय मापदण्डले विद्यालयको स्थापना तथा सञ्चालन वा कक्षा वा तह थपको अनुमति सम्बन्धी दिशा निर्देश गर्ने । | विद्यालय स्थापना र सञ्चालनमा नेपालभर एक रुपता कायम हुन जाने। |
| ५ | ६(१) | राष्ट्रिय मापदण्डको अधीनमा रही खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन हुने। | राष्ट्रिय मापदण्डको आधारमा खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन हुन जाने । | भौगोलिक विकटता लगायतका विशेष आवश्यकतालाई सम्बोधन गर्न खास प्रकृतिका विद्यालय स्थापना र सञ्चालन गर्ने व्यवस्था हुने। |
| ६ | ११(२) र (३) | विदेशमा नेपाली शैक्षिक कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले शर्त तोकी अनुमति दिने र अनुमति पाएको विद्यालय वा शिक्षण संस्थाले | अनुमति प्रदान गर्ने तथा अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम कार्य नगर्नेको अनुमतिपत्र मन्त्रालयले रद्ध गर्ने। | विदेशमा नेपाली पाठ्यक्रमका शैक्षिक कार्यक्रम सञ्चालन अनुमति तथा शैक्षिक कार्यक्रम व्यवस्थित हुन जाने। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | अनुमतिपत्रमा तोकिएको शर्त पालना नगरेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र रद्ध गर्न सक्ने। | | |
| ७ | १२(१) | विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने सम्बन्धी व्यवस्था विद्यालयको नक्साङ्कन तथा राष्ट्रिय मापदण्डको अधीनमा हुने। | विद्यालयको नक्साङ्कन तथा राष्ट्रिय मापदण्डको अधीनमा विद्यालय स्थानान्तरण, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन सम्बन्धी कार्य हुन जाने। | नक्साङ्कन र राष्ट्रिय मापदण्ड बमोजिम विद्यालय स्थापना र सञ्चालन हुन जाने। |
| ८ | १५(२) | निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क लिन सक्ने। | निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क सम्बन्धी कार्य गर्ने। | निजी लगानीका विद्यालयले लिने शुल्क सम्बन्धी कार्य व्यवस्थित हुन जाने। |
| ९ | १६(५) | प्रधानाध्यापकको छनोट सम्बन्धी पाठ्यक्रम र अन्य मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुने। | प्राधानाध्यापकको छनोट मापदण्डको आधारमा हुन जाने। | प्राधानाध्यापकको छनोट व्यवस्थित हुन जाने । |
| १० | १७(३) | सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको संयोजक र सदस्यहरुको छनोट तथा विद्यालय व्यवस्थापन समितिसम्बन्धी अन्य व्यवस्था तोक्नु पर्ने । | सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था नियमावली बमोजिम हुने । | सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था हुन जाने। |
| ११ | २० (१) | स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा | प्रारम्भिक बालविकास केन्द्रको स्थापना र सञ्चालन राष्ट्रिय मापदण्ड बमोजिम हुने। | प्रारम्भिक बालविकास केन्द्रको स्थापना र सञ्चालन व्यवस्थित हुने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्ने। | | |
| १२ | २१(१), (२) (झ) र (३) | विद्यालयको नीति योजना र मापदण्ड कार्यान्वयन गर्न शिक्षा विभाग रहने। शिक्षा विभागको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने। | विद्यालयको नीति योजना र मापदण्ड कार्यान्वयन गर्न गराउन शिक्षा विभाग रहने र शिक्षा विभागको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था हुन जाने। | शिक्षा विभागको काम, कर्तव्य र अधिकार व्यवस्थित हुने । |
| १३ | २३(१) | राष्ट्रिय पाठ्यक्रमको प्रारुप तर्जुमा, पाठ्यक्रम संरचना तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न एक राष्ट्रिय पाठ्यक्रम परिषद रहने। | राष्ट्रिय पाठ्यक्रम परिषदबाट पाठ्यक्रम संरचना तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस हुने। | शिक्षाको राष्ट्रिय पाठ्यक्रम निर्माण र कार्यान्वयनसंग सम्बन्धित विषय व्यवस्थित हुने। |
| १४ | २४(घ) र (ज) | पाठ्यक्रम लेखक तथा विज्ञको छनोटको मापदण्ड निर्धारण हुनुका साथै राष्ट्रिय पाठ्यक्रम परिषदबाट पाठ्यक्रमको विकास तथा त्यसको गुणस्तरको सम्बन्धमा व्यवस्था गर्नु पर्ने। | पाठ्यक्रम लेखक तथा विज्ञको छनोटको मापदण्ड निर्धारण हुनुका साथै राष्ट्रिय पाठ्यक्रम परिषदबाट सम्पादन हुने अन्य काम नियमावलीमा व्यवस्था हुने । | विज्ञको छनोट व्यवस्थित हुनुका साथै राष्ट्रिय पाठ्यक्रम परिषदका कार्यमा प्रभावकारिता आउने। |
| १५ | २५(१) र (३) | पाठ्यक्रम विकास केन्द्रको स्थापना तथा यसको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था गर्नु पर्ने। | पाठ्यक्रम विकास केन्द्रको स्थापना तथा यसको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्थित हुन जाने। | पाठ्यक्रम विकास केन्द्रको स्थापना तथा यसको कार्यमा स्पष्टता हुन जाने। |
| १६ | २६(१) | शैक्षिक गुणस्तर परीक्षणको मानक तथा मापदण्डको विकास र | शैक्षिक गुणस्तर परीक्षणको मानक तथा मापदण्डको विकास हुन जाने र विद्यार्थीको | शैक्षिक गुणस्तर केन्द्रबाट गुणस्तर परीक्षणको मापदण्डको विकास भै |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धिको परीक्षणको लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने। | सिकाइको राष्ट्रिय उपलब्धिको परीक्षण कार्य व्यवस्थित हुने । | विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धिको परीक्षण कार्य प्रभावकारी हुने। |
| १७ | २७(२) | आधारभुत तहको अन्त्यमा हुने परिक्षाको प्रश्नपत्र निर्माण गर्ने। | राष्ट्रिय मापदण्डको अधीनमा रही आधारभूत तहको अन्त्यमा हुने परीक्षाको अनिवार्य विषयको प्रश्नपत्र शिक्षा कार्यालयले र ऐच्छिक विषयको प्रश्नपत्र स्थानीय तहले निर्माण गर्ने। | प्रश्नपत्र निर्माणमा स्तरीयता र एकरूपता कायम हुन जाने। |
| १८ | २८(१) र (७) | परीक्षा सम्बन्धी विषयमा राष्ट्रिय मापदण्डको अधीनमा रही परीक्षा सम्बन्धी कार्य गर्न राष्ट्रिय परीक्षा बोर्ड स्थापना भएको र यसको बैठक सम्बन्धी कार्यविधि तोक्नु पर्ने भएको। | राष्ट्रिय परीक्षा बोर्डले मापदण्डको अधीनमा रही परीक्षा सम्बन्धी कार्य गर्ने र यसको बैठक सम्बन्धी कार्यविधि नियमावलीमा व्यवस्था हुन जाने। | राष्ट्रिय परीक्षा बोर्डबाट परीक्षा सम्बन्धी कार्य सञ्चालन हुने र यसको बैठक व्यवस्थित हुन जाने। |
| १९ | ३०(१) (क) | राष्ट्रिय मापदण्डको अधिनमा रही राष्ट्रिय परीक्षा बोर्डले परीक्षा सम्बन्धी कार्य गर्ने। | राष्ट्रिय परीक्षा बोर्डले राष्ट्रिय मापदण्डको अधिनमा रही परीक्षा सम्बन्धी कार्य गर्ने। | परिक्षाको स्तरीयता र गुणस्तर कायम हुन जाने। |
| २० | ३०(२) | राष्ट्रिय परीक्षा बोर्डको परीक्षा सम्बन्धी अन्य काम, कर्तव्य र अधिकार तोक्नु पर्ने। | राष्ट्रिय परीक्षा बोर्डको परीक्षा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | राष्ट्रिय परीक्षा बोर्डको परीक्षा सम्वन्धी कार्यहरू व्यवस्थित हुन जाने। |
| २१ | ३२(३) | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष तथा सदस्य सचिवको काम, कर्तव्य र अधिकार तोक्नु पर्ने। | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष तथा सदस्य सचिवको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था हुन जाने। | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष तथा सदस्य सचिवको अधिकार स्पष्ट हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| २२ | ३२(४) | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोक्नु पर्ने। | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नियमावलीमा व्यवस्था गरिने। | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको सेवा सर्त र सुविधा तोकिने। |
| २३ | ३३(४) | राष्ट्रिय परीक्षा बोर्डमा रहने कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोक्नु पर्ने भएको। | राष्ट्रिय परीक्षा बोर्डमा रहने कर्मचारी सम्बन्धी अन्य व्यवस्था नियमावली बमोजिम हुने। | राष्ट्रिय परीक्षा बोर्डमा रहने कर्मचारी सम्बन्धी व्यवस्था स्पष्ट हुन जाने । |
| २४ | ४१ | शिक्षकको पद र श्रेणी विभाजन सम्बन्धी अन्य व्यवस्था तोक्नु पर्ने। | शिक्षकको पद र श्रेणी विभाजन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गरिने। | शिक्षकको पद र श्रेणी विभाजन सम्बन्धी व्यवस्था व्यवस्थित हुन जाने। |
| २५ | ४२(१) | राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहने। | शिक्षकको दरवन्दी राष्ट्रिय मापदण्डको आधारमा कायम हुने। | मापदण्डको आधारमा दरवन्दी कायम तथा पुनर्वितरण हुने। |
| २६ | ४२(४) | विद्यालयमा शिक्षक तथा विद्यार्थीको अनुपात र शिक्षक दरबन्दी सम्बन्धी व्यवस्था तोक्नु पर्ने भएको। | विद्यालयमा कायम रहने शिक्षक तथा विद्यार्थीको अनुपात र शिक्षक दरबन्दी नियमावलीमा व्यवस्था गर्ने। | आवश्यकताको आधारमा विद्यालयमा शिक्षक दरवन्दी कायम हुन जाने। |
| २७ | ४४(६), (८) र (९) | आधारभुत तहको प्रथम र द्वितीय, माध्यमिक तहको तृतीय, द्वतीय र प्रथम श्रेणीको शिक्षकको लागि तोकिएको न्यूनतम योग्यता पूरा भएको हुनु पर्ने। | आधारभुत तहको प्रथम र द्वितीय, माध्यमिक तहको तृतीय, द्वतीय र प्रथम श्रेणीको शिक्षकको लागि न्यूनतम योग्यता निर्धारण हुन जाने। | विभिन्न श्रेणीका शिक्षकको न्यूनतम योग्यता कायम हुने। |
| २८ | ४४(११) | शिक्षक सेवाको पदपूर्ति र वढुवा सम्बन्धी अन्य व्यवस्था तोक्नु पर्ने। | शिक्षक सेवाको पदपूर्ति र वढुवा नियमावलीमा व्यवस्था गरिने। | शिक्षकको रिक्त पदपूर्ति र बढुवा व्यवस्थित हुने । |
| २९ | ४५(२) र (३) (च) | "पिछडिएको क्षेत्रका वासिन्दा" को सम्बन्धमा | पिछडिएको क्षेत्रका वासिन्दाको सम्बन्धमा नियमावलीमा निर्धारण हुन जाने। | पिछडिएको क्षेत्रको बासिन्दाको सम्बन्धमा स्पष्टता आउने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | तोकिए बमोजिमका स्थानीय तहमा स्थायी रुपमा वसोवास गर्ने व्यक्तिलाई सम्झनु पर्ने व्यवस्था गर्नु पर्ने। | | |
| ३० | ४५(३)(घ) | बिपन्न खस आर्यको आधार निर्धारण गर्नु पर्ने भएको। | बिपन्न खस आर्यको निर्धारणको आधार नियमावलीमा व्यवस्था हुन जाने। | बिपन्न खस आर्यको पहिचानमा स्पष्टता आउने। |
| ३१ | ४५(८) | महिला सहितका समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने कागजात निर्धारण गर्नु पर्ने भएको। | महिला सहितका समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्ने कागजात सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | समावेशी तर्फका उम्मेदवारहरूको कागजातहरु निर्धारण हुन जाने। |
| ३२ | ४९(१) | विद्यालय शिक्षक सेवामा नियुक्ति भएको शिक्षकले पेश गर्ने व्यक्तिगत विवरणको ढाँचा तोक्नु पर्ने। | शिक्षकको व्यक्तिगत विवरण सम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने । | व्यक्तिगत विवरणको ढाँचा नियमावलीमा निर्धारण हुने। |
| ३३ | ५०(३) | विशेष शिक्षा प्रदान गर्ने शिक्षकको योग्यता तोक्नु पर्ने भएको। | साधारण शिक्षाभन्दा विशेष शिक्षा फरक किसिमको शिक्षा भएकोले नियमावलीमा यस्ता शिक्षकको योग्यता व्यवस्थित गर्नु पर्ने भएको। | विशेष शिक्षा तर्फका शिक्षकको योग्यता तोकिने। |
| ३४ | ५३(२) | स्थायी शिक्षकले पाउने तलब वृद्धिको अधिकतम संख्या तोक्नु पर्ने भएको। | प्रत्येक स्थायी शिक्षकले पाउने तलब वृद्धिको अधिकतम संख्या नियमावलीमा व्यवस्था भए बमोजिम हुन जाने। | सार्वजनिक विद्यालयका स्थायी शिक्षकको तलव वृद्धि (ग्रेड) निर्धारण हुन जाने। |
| ३५ | ५७ | शिक्षकको योगदानमा आधारित सावधिक जीवन बीमा सम्बन्धी व्यवस्था गर्नु पर्ने भएको। | शिक्षकले नेपाल सरकारले तोके बमोजिमको सावधिक जीवन बिमा प्राप्त गर्ने। | सावधिक जीवन बिमा व्यवस्थित हुन जाने। |
| ३६ | ५९(१) | शिक्षकले लिन पाउने बिदा लिने सम्बन्धी व्यवस्था गर्नु पर्ने | शिक्षकले लिन पाउने बिदा लिन पुर्याउनु पर्ने रीत सहितको व्यवस्था नियमावलीमा | शिक्षकले पाउने विदा व्यवस्थित हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | | व्यवस्थित हुन जाने। | |
| ३७ | ६१(७) | शिक्षकको ज्येष्ठता, शैक्षिक योग्यता तथा तालीम वापतको अङ्क प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोक्नु पर्ने भएको। | शिक्षकका बढुवाका आधारहरु ज्येष्ठता, शैक्षिक योग्यता तथा तालीम वापतको अङ्क प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गरिने। | शिक्षकले बढुवाका लागि प्राप्त गर्ने अङ्कको प्रप्तिका आधारहरु स्पष्ट हुने। |
| ३८ | ६३ (२) | शिक्षकको सम्बन्धित विषयको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नै बढुवाको लागि समेत शैक्षिक योग्यताको लागि तोक्नु पर्ने। | शिक्षकमा बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी तथा तहको लागि विषयहरु नियमावलीमा व्यवस्था हुन जाने। | बढुवा हुन आवश्यक योग्यता व्यवस्था हुने। |
| ३९ | ६६(३) | शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी, सहितका विषयमा तोक्नु पर्ने। | शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी, कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क सहितका विषयमा नियमावलीमा व्यवस्था हुन जाने। | शिक्षकको बढुवा व्यवस्थित हुने। |
| ४० | ७०(५) | प्रत्येक प्रदेशमा माध्यमिक तह विशिष्ट श्रेणीको शिक्षक रहने भएमा त्यस्तो पदको बढुवा सम्बन्धी व्यवस्था तोक्नु पर्ने। | माध्यमिक तहको विशिष्ट श्रेणीको शिक्षकको दरबन्दी कायम भएमा सो पदमा हुने बढुवा सम्बन्धमा नियमावलीमा व्यवस्था हुन जाने। | माध्यमिक तहको शिक्षकको विशिष्ट श्रेणीको पदमा बढुवा व्यवस्थित हुने। |
| ४१ | ८२ | शिक्षकले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र सम्पत्ति विवरण पेश गर्नु पर्ने। | सम्पत्ति विवरण समयभित्रै पेश हुन जाने। | आर्थिक अनुशासन कायम हुने। |
| ४२ | ८८ (१) (ज) | विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गर्न | विद्यालय समयमा कार्य गर्न स्वीकृति दिने सम्बन्धी व्यवस्था | शिक्षकको पेशागत आचरण कायम हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | स्वीकृति दिने अधिकारी सम्बन्धी व्यवस्था गर्नु पर्ने भएको। | नियमावलीमा गर्नु पर्ने भएको। | |
| ४३ | ९६ (२) | निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका शिक्षकलाई अवकास दिने सम्बन्धमा व्यवस्था गर्नु पर्ने भएको। | नेपाल सरकारद्वारा नेपाल राजपत्रमा वा स्थानीय तहबाट स्थानीय राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा शिक्षकले स्वेच्छिक अवकाश लिन सक्ने व्यवस्था हुन जाने । | सूचनाको शर्त बमोजिम शिक्षकको अवकास सम्बन्धी व्यवस्था कार्यान्वयन हुन जाने। |
| ४४ | १०१ (४) | शिक्षकको निवृत्तभरण पाइरहेको विधुर पति वा विधवा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो शिक्षकको छोरा छोरीले अठार वर्ष उमेर पूरा नभएसम्म पाउने निवृत्तभरण रकमका सम्बन्धमा व्यवस्था गर्नु पर्ने भएको। | पारिवारिक निवृत्तभरण सम्बन्धी विषयलाई नियमावलीमा स्पष्ट गरी अझ व्यवस्थित हुन जाने। | निवृत्तभरण व्यवस्थित हुन जाने। |
| ४५ | १०६ (४) | द्वन्द पिडित शिक्षक भनी निवेदन प्राप्त हुन आएमा जाँचबुझको लागि समिति गठन गर्न नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | द्वन्द पिडित शिक्षकका सम्बन्धमा प्राप्त निवेदन जाँचबुझ गर्न नियमावलीमा समितिको व्यवस्था हुन जाने। | द्वन्द पिडित शिक्षकका समस्या समाधान हुन जाने। |
| ४६ | १०७ (२) | संवत् २०७५।१२।४ पछि नियुक्त भएका स्थायी शिक्षकलाई निवृत्तभरण कोष मार्फत निवृत्तभरण उपलब्ध गराउने र सोको रकम कट्टा सम्बन्धी व्यवस्था | मिति २०७५।१२।४ पछि नियुक्त हुने शिक्षकले निवृत्तभरण कोष ऐन, २०७५ को व्यवस्था समेतका आधारमा कट्टा हुने र थप हुने रकम नियमावलीमा निर्धारण हुन जाने। | शिक्षकको योगदानमा आधारित निवृत्तभरणको समस्या समाधान हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | नियमावलीमा तोक्नु पर्ने भएको छ। | | |
| ४७ | १०८ (१) | सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम विद्यालय कर्मचारीको दरबन्दी रहने। | राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम सार्वजनिक विद्यालयमा विद्यालय कर्मचारीको दरबन्दी रहने। | दरवन्दीको सम्बन्धमा मापदण्ड कायम हुने। |
| ४८ | ११५(४) | शिक्षक सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने। | शिक्षक सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा निर्धारण हुने। | सेवा सुविधा निर्धारण हुन जाने। |
| ४९ | ११६ (१) | शिक्षक सेवा आयोगको अध्यक्ष र सदस्यले लिने सपथको ढाँचा तोक्नु पर्ने। | शिक्षक सेवा आयोगको अध्यक्ष र सदस्यले लिने सपथको ढाँचा नियमावलीमा निर्धारण हुन जाने। | सपथको ढाँचा निर्धारण हुने। |
| ५० | ११७ (ज) | शिक्षक सेवा आयोगका अन्य कार्यहरु तोक्नु पर्ने। | शिक्षक सेवा आयोगका अन्य कार्य नियमावलीमा व्यवस्था हुन जाने। | शिक्षक सेवा आयोगका अन्य कार्य व्यवस्थित हुन जाने। |
| ५१ | ११९(५) | शिक्षक सेवा आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुने। | बैठक सञ्चालन सहज हुने । | बैठक सम्बन्धी व्यथा हुन जाने। |
| ५२ | १२२ (१) | आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र तत्सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुने। | परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र तत्सम्बन्धी अन्य व्यवस्था व्यवस्थित हुने। | समसामयीक रुपमा पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र तत्सम्बन्धी अन्य व्यवस्थित हुने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| ५३ | १२४ (४) | शिक्षक सेवा आयोगबाट प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा राखिने सङ्केत नम्बर तथा उत्तरपुस्तिकाको परीक्षण सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने भएको। | शिक्षक सेवा आयोगबाट प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा राखिने सङ्केत नम्बर तथा उत्तरपुस्तिकाको परीक्षण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुन जाने। | शिक्षक सेवा आयोगको काममा प्रभावकारिता आउने। |
| ५४ | १२९ (२) र (३) | अन्तर्वार्ता समिति आयोगको अध्यक्ष, सदस्य वा आयोगले तोकेको व्यक्तिको अध्यक्षता गठन हुने तथा आयोगको केन्द्रीय कार्यालय बाहेक अन्यत्र स्थानमा अन्तर्वार्ता सञ्चालन गर्न आयोगले तोके बमोजिमको अन्तर्वार्ता समिति गठन हुने। | अन्तर्वार्ता सम्बन्धी कार्य व्यवस्थित गर्न आयोगले नै निर्णय गर्ने व्यवस्था गर्नु पर्ने। | अन्तर्वार्ता सम्बन्धी कार्य व्यवस्थित हुन जाने। |
| ५५ | १३० (२) | शिक्षक सेवा आयोगबट नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको सूची र अन्तर्वार्तामा छनोट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारमध्येबाट तोकिएको सङ्ख्यामा अस्थायी करारमा नियुक्ति हुने उम्मेदवारको सूची प्रकाशन सम्बन्धी | शिक्षक सेवा आयोगबाट नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको सूची र अन्तर्वार्तामा छनोट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारमध्येबाट अस्थायी करारमा नियुक्ति हुने उम्मेदवारको सूची प्रकाशन सङ्ख्या नियमावलीमा व्यवस्था हुन जाने। | अस्थायी करारमा नियुक्त गर्नु पर्ने अवस्थामा सोको सूची निर्धारण हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | व्यवस्था गर्नु पर्ने भएको। | | |
| ५६ | १३० (३) | बैकल्पिक उम्मेदवारको सूची र अस्थायी करार सूची कायम रहने अवधि व्यवस्थित गर्नु पर्ने भएको। | बैकल्पिक उम्मेदवारको सूची र अस्थायी करार सूची कायम रहने अवधि सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | बैकल्पिक तथा अस्थायीको सूचीका सम्बन्धमा स्पष्टता आउने। |
| ५७ | १३१ (३) | उम्मेदवारको नियुक्तिको सिफारिस सम्बन्धी अन्य व्यवस्था तोक्नु पर्ने। | उम्मेदवारको नियुक्तिको सिफारिसका सम्बन्धमा नियमावलीमा व्यवस्था हुन जाने। | उम्मेद्ववारको नियुक्ति सम्बन्धमा व्यवस्था हुन जाने। |
| ५८ | १३७(१) | आयोगले अधिकार प्रत्यायोजन गर्दा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त समेत निर्धारण गर्नु पर्ने। | प्रत्यायोजित अधिकारमा शर्तसमेत निर्धारण हुन जाने। | प्रत्यायोजन सम्बन्धी कार्य कानून बमोजिम हुने। |
| ५९ | १३८ (२) | विवरण दिन सकिने परीक्षा सम्बन्धी कागजात वा परीक्षाको विवरण सम्बन्धी व्यवस्था गर्नु पर्ने। | परीक्षा सम्बन्धी के के विवरण सार्वजनिक गर्न मिल्ने हुन् सोको व्यवस्था नियमावली बमोजिम हुन जाने। | परीक्षाको मर्यादा र सम्वेदनशील विषयको गोपनियता कायम हुन जाने। |
| ६० | १३९ (२)(छ) | शिक्षक सेवा आयोगबाट वार्षिक रुपमा पेश हुने प्रतिवेदनमा खुलाउनु पर्ने अन्य विषयहरु नियमावलीमा व्यवस्था गर्नु पर्ने। | शिक्षक सेवा आयोगबाट वार्षिक रुपमा पेश हुने प्रतिवेदनमा खुलाउनु पर्ने अन्य विषयहरु नियमावलीमा व्यवस्था हुन जाने। | प्रतिवेदनमा आधारभुत कुरा खुल्ने । |
| ६१ | १४०(१) को खण्ड(क) ,(ख), (ग), (घ), (ङ), (च), (छ) र (ञ) | सार्वजनिक विद्यालयको दरवन्दी, परीक्षा, मूल्याङ्न, विद्यालयको स्थानान्तरण, शैक्षिक परामर्श राष्ट्रिय मापदण्ड बमोजिम हुने। | सार्वजनिक विद्यालयको दरवन्दी, परीक्षा, मूल्याङ्न, विद्यालयको स्थानान्तरण, शैक्षिक परामर्श राष्ट्रिय मापदण्ड बमोजिम हुने। | नेपाल सरकारले शिक्षा सम्बन्धी कार्यको लागि राष्ट्रिय मापदण्ड सम्बन्धी कार्य गर्ने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| ६२ | १४०(२) को खण्ड(क) | प्रदेश सरकारको जिम्मेवारी तथा दायित्वमा राष्ट्रिय मापदण्डको अधीनमा रही शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रमको तर्जुमा गर्ने। | प्रदेश सरकारबाट राष्ट्रिय मापदण्डको अधीनमा रही शिक्षा सम्बन्धी कार्य पूरा हुने। | प्रदेश सरकारबाट शैक्षिक क्षेत्रमा समन्वयात्मक रुपमा कार्य हुन जाने। |
| ६३ | १४० (३) को खण्ड (क) र (द) | राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन तथा शिक्षक वितरण तथा पुनर्वितरण गर्ने। | स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन तथा शिक्षक वितरण सम्बन्धी कार्य गर्नेछ। | विद्यालय शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रमको तर्जुमा राष्ट्रिय मापदण्डको अधीनमा रहेर हुने। |
| ६४ | १४१ | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७५ बमोजिमको विषयगत समितिबाट मापदण्ड कार्यान्वयनको लागि समन्वय हुन जाने। | विषयगत समितिबाट मापदण्ड कार्यान्वयनको लागि समन्वय हुने। | समन्वयात्मक रुपमा कार्य हुने। |
| ६५ | १४२ (९) | सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था गर्नु पर्ने। | दफा १४२ बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | सजाय गर्ने अख्तियारी सम्बन्धी व्यवस्था कार्यान्वयन हुन जाने। |
| ६६ | १४४ | सजाय गर्ने अधिकारी दफा १४२ बमोजिम नियमावलीमा व्यवस्थित गर्नु पर्ने। | सजाय गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | सजाय गर्ने अधिकारी निर्धारण हुने। |
| ६७ | १४६(२) | शिक्षकको अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने। | शिक्षकको अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | अध्यापन अनुमतिपत्र व्यवस्थित हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | | | |
| ६८ | १४९(६) | विद्यालयलाई दिइने अनुदान र विद्यालयमा गरिने लगानी सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने। | विद्यालयलाई दिइने अनुदान र विद्यालयमा गरिने लगानी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुने। | सरकारको अनुदानाम स्पष्टता आउने। |
| ६९ | १५२(२) | विद्यालय स्थापना तथा सञ्चालनको अनुमति दिने निकायले विद्यालय, त्यस्तो विद्यालयमा कार्यरत शिक्षक अन्य विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने सम्बन्धी व्यवस्था गर्नु पर्ने। | विद्यालयमा कार्यरत शिक्षकको अन्य विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने सम्बन्धी नियमावलीमा व्यवस्था हुन जाने। | अभिलेख व्यवस्थित हुन जाने। |
| ७० | १५३(४) | नेपाल शिक्षक महासंघ सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने । | नेपाल शिक्षक महासंघ सम्बन्धी अन्य व्यवस्था नियमावलीमा हुने। | शैक्षिक नीतिमा अपनत्व हुन जाने। |
| ७१ | १५४(३) | विद्यालयको अनुगमन संयन्त्र र सूचकाङ्क सम्बन्धी अन्य व्यवस्था गर्नु पर्ने। | विद्यालयको अनुगमन संयन्त्र र सूचकाङ्क सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | अनुगमन संयन्त्रबाट प्राभावकारी रुपमा कार्य हुन जाने। |
| ७२ | १५७ | प्रदेश सरकार र स्थानीय तहले विद्यालय शिक्षा सम्बन्धी कानून बनाउँदा यो ऐन, नियम तथा राष्ट्रिय मापदण्डलाई मार्ग दर्शनको रूपमा लिनु पर्ने। | प्रदेश सरकार र स्थानीय तहले विद्यालय शिक्षा सम्बन्धी कानून बनाउँदा यो ऐन, नियम तथा राष्ट्रिय मापदण्डलाई मार्ग दर्शनको रूपमा लिनु पर्ने। | मार्ग दर्शन सम्बन्धी व्यवस्था प्रभावकारी हुने। |
| ७३ | १६० | ऐनको व्यवस्था कार्यान्वयनको लागि नेपाल सरकारले राष्ट्रिय मापदण्ड बनाउनु पर्ने। | एघार भन्दा बढी विषयमा नेपाल सरकारले राष्ट्रिय मापदण्ड बनाउने व्यवस्था गरिएको छ। | राष्ट्रिय मापदण्डको तर्जुमा र कार्यान्वयन प्रभावकारी हुने। |
| ७४ | १६१ | प्रत्यायोजित विधायनको व्यवस्था बमोजिम नेपाल सरकारले ऐनको व्यवस्था | यस दफामा बाइसभन्दा बढी विषयमा नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था गरिएको | ऐनको व्यवस्था कार्यान्वयनमा सहजीकरण हुन जाने। |

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | कार्यान्वयन गर्नु पर्ने। | छ। | |
| ७५ | १६२ | प्रत्यायोजित विधायनको व्यवस्था बमोजिम मन्त्रालयले निर्देशिका बनाउन सक्ने व्यवस्था गरिएको छ। | यस दफामा निर्देशिका बनाउन सक्ने सम्बन्धी व्यवस्था रहेका छन्। | निर्देशिका जारी भई ऐन, मापदण्ड तथा नियमावलीको प्रभावकारी कार्यान्वयन हुन जाने। |

**विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको**

**<u>व्याख्यात्मक टिप्पणी</u>**

| दफा नं. | **दफा शिर्षक** | **व्याख्यात्मक टिप्पणी** |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "विद्यालय शिक्षा ऐन, २०८०" रहेको र यो ऐन तुरुन्त प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| २ | परिभाषा | प्रस्तुत ऐनमा परिभाषाद्वारा स्पष्ट पार्नु पर्ने र पटक पटक दोहोरिएका अनुमति, अपाङ्गता भएका बालबालिका, अभिभावक, आधारभूत शिक्षा, आधारभूत शिक्षा उत्तीर्ण परीक्षा, आयोग, आवासीय विद्यालय, तोकिएको वा तोकिए बमोजिम, निःशुल्क शिक्षा, निजी लगानीका विद्यालय, परिवार, प्रधानाध्यापक, प्रारम्भिक बालविकास तथा शिक्षा, बोर्ड, मन्त्रालय, माध्यमिक शिक्षा, माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कुल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेसन), राष्ट्रिय मापदण्ड, विद्यार्थी, विद्यालय, विद्यालय कर्मचारी, विद्यालय शिक्षक सेवा, विशेष शिक्षा, शिक्षक, शैक्षिक गुठी, सार्वजनिक विद्यालय, स्थानीय तह, स्थायी आवासीय अनुमति र स्थायी पद जस्ता शब्दहरुको यस दफामा परिभाषा गरिएको छ। यसवाट शब्दहरुको प्रयोगमा एकरुपता कायम हुन गई द्विविधाको अन्त्य हुन जानेछ। |
| ३ | सार्वजनिक विद्यालयको स्थापना र सञ्चालन | यो ऐन प्रारम्भ भएपछि सार्वजनिक विद्यालयको स्थापना र सञ्चालन राष्ट्रिय मापदण्डको आधारमा स्थानीय तहले गर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट नेपालको संविधानको व्यवस्था बमोजिम विद्यालयको स्थापना र सञ्चालनमा प्रभावकारिता आउनेछ। |
| ४ | निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन | निजी लगानीका विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने, सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न सक्ने र त्यस्तो विद्यालय शैक्षिक गुठीमा स्थापना हुनु पर्ने, कम्पनी कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भए पछि शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिने, निजी शैक्षिक गुठी सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुन सक्ने, सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुँदा छुट सुविधा दिन सकिने व्यवस्था प्रस्तुत दफामा गरिएको छ। |
| ५ | अनुमति दिन सक्ने | विद्यालयको स्थापना तथा सञ्चालन वा कक्षा वा तह थपको अनुमति राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानून बमोजिम स्थानीय तहले दिने, विद्यालय स्थापनाको नक्साङ्कन र स्रोतको सुनिश्चितताको आधारमा मात्र हुन सक्ने व्यवस्था दफामा गरिएको छ। यसबाट विद्यालयको स्थापनाको लागि आवश्यकताको पहिचान र नेपालभर विद्यालय स्थापना तथा सञ्चालनमा एकरुपता कायम हुन जानेछ। |
| ६ | विशेष प्रकृतिका विद्यालयको स्थापना | अपाङ्गता भएका बालबालिकाका लागि विशेष वा स्रोत कक्षा सहितका विद्यालय, मौसमी श्रम गर्ने अभिभावकका बालबालिकाको लागि घुम्ती विद्यालय, |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | र सञ्चालन | खुला तथा प्रौढ विद्यालय नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय मापदण्डको अधीनमा रही स्थापना गर्न सक्ने तथा नेपाल सरकारबाट वा सुरक्षा निकायका कल्याणकारी कोषबाट नमुना विद्यालय वा विशिष्टीकृत विद्यालय वा यस्तै अन्य विशेष प्रकारका विद्यालय स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट विशेष प्रकृतिका विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था प्रभावकारी हुन जाने हुन्छ। |
| ७ | माध्यमिक तहमा पढाइ हुने शिक्षाका धार | माध्यमिक तहमा प्राविधिक शिक्षा, साधारण शिक्षा र परम्परागत शिक्षाका धार (स्ट्रीम) मा पढाइ हुन सक्ने तथा परम्परागत शिक्षालाई स्पष्ट गरी यसमा संस्कृत धारमा पढाइ हुने विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, आश्रम तथा मदरसा लगायतका परम्परागत शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनु पर्ने व्यवस्था गरिएको छ । यसबाट शिक्षाका धार सम्बन्धी व्यवस्थामा स्पष्टता हुन जाने छ। |
| ८ | शिक्षणको माध्यमभाषा | शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अङ्ग्रेजी हुन सक्ने त्यसमध्ये गणित, विज्ञान र कम्प्युटर विषय अङ्ग्रेजी भाषामा अध्यापन गराउनु पर्ने, विदेशीले नेपाली भाषाको सट्टा अर्को भाषामा अध्ययन गर्न सक्ने, सामाजिक अध्ययनका विषय नेपाली वा मातृभाषामा अध्यापन गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट पठनपाठन प्रभावकारी हुनुका साथै यसबाट उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्नेलाई सहज हुन जानेछ। |
| ९ | शैक्षिक गुठी स्थापना गर्न सक्ने | शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापनाको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्ने र गुठीको विधानमा हुनु पर्ने मुलभुत कुराहरु यस दफामा उल्लेख गरिएको छ । यसबाट शैक्षिक गुठी दर्तामा सहजीकरण हुन जानेछ। |
| १० | विदेशी बोर्ड वा शिक्षण संस्थासँग आबद्ध भएका विद्यालयको सञ्चालन | कूटनीतिक नियोगले अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्ने र नेपालका विद्यालयमा पठनपाठन नहुने नवीनतम प्रविधिको कुनै खास विषयमा अध्यापनको लागि नेपाल सरकारले शर्त तोकि विदेशी बोर्डका विद्यालय स्थापनाको अनुमति दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ । यसका साथै यस अघि स्थापना भएका विद्यालयको बचाउ गरिएको छ भने शर्त उल्लङ्घन भएमा अध्ययनरत विद्यार्थीलाई अन्यत्र अध्ययन गर्ने व्यवस्था मिलाइ त्यस्ता विद्यालय बन्द गरिने व्यवस्था गरिएको छ । यसबाट विद्यालय शिक्षामा विदेशका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने अभ्यास व्यवस्थित हुन जाने देखिन्छ। |
| ११ | विदेशमा नेपाली शैक्षिक कार्यक्रम सञ्चालन | विदेशस्थित विद्यालय वा शिक्षण संस्थामा नेपाली पाठ्यक्रम बमोजिम शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा मन्त्रालय समक्ष विवरण सहित निवेदन दिनु पर्ने, प्राप्त निवेदनमा जाँचबुझ गरी शर्त सहित अनुमति दिइने र अनुमति प्राप्त |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | विद्यालयले भाषा विषय बाहेक अन्य विषय सम्बन्धित मुलुकको भाषामा अध्ययन गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट विदेशमा नेपाली पाठ्यक्रमबाट अध्यापन गराउन चाहनेलाई सहज हुन जानेछ। |
| १२ | विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने | विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन विद्यालयको नक्साङ्कन तथा राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानूनले निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ ।यसबाट विद्यालय बन्द गर्न वा गाभ्ने निर्णय गर्दा भौगोलिक विकटतासमेतलाई दृष्टिगत गरी कार्य हुन जानेछ। |
| १३ | विद्यालय कोष | प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहने तथा त्यस्तो कोषमा रहने रकम सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। यस कोषबाट विद्यालयको सबै खर्च व्यहोरिने तथा प्रचलित कानून बमोजिम कोषको लेखा परीक्षण सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। यसबाट विद्यालयहरुमा आर्थिक व्यवस्थापनमा सहजीकरण हुन जानेछ। |
| १४ | विद्यालयको सम्पत्ति | सार्वजनिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति तथा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित सम्पति सार्वजनिक सम्पत्ति हुने, यस्ता विद्यालयका जग्गा बिक्री गर्न, हक हस्तान्तरण गर्न, धितो राख्न वा सट्टापट्टा गर्न नपाइने, यी विद्यालयले जग्गा सट्टा पट्टा गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिनु पर्ने व्यवस्था यसमा गरिएको छ। अनुमति रद्द वा बन्द गरिएको सार्वजनिक विद्यालयको सम्पत्ति तथा गाभिएको वा गाभिने सार्वजनिक विद्यालयले उपयोग गर्न नसक्ने सम्पत्ति स्थानीय तहले नेपाल सरकारको स्वीकृतिमा अन्य सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्था सञ्चालनको लागि उपयोग गर्न दिन सक्ने व्यवस्था र सार्वजनिक जग्गामा विद्यालयको भौतिक संरचना निर्माण गरी भोगचलन गर्दै आएको रहेछ र त्यस्तो विद्यालय अन्य स्थानमा स्थानान्तरण गर्न उपयुक्त नहुने देखिएमा स्थानीय तहको सिफारिसमा त्यस्तो जग्गा सार्वजनिक विद्यालयले भोगचलन गर्न पाउने गरी नेपाल सरकारले स्वीकृति दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सार्वजनिक सम्पत्तिको संरक्षण हुने मात्र होइन आगामी समयमा विद्यालयमा प्राविधिक धार लगायतका थप शैक्षिक कार्यक्रम जस्तै सञ्चालन गर्न आवश्यक पर्ने जग्गाको संरक्षण हुन जानेछ । |
| १५ | शुल्क | सार्वजनिक विद्यालयले विद्यार्थीसँग शुल्क लिन नपाउने व्यवस्था गरिएको छ भने निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क लिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शैक्षिक व्यवस्थापनमा सहजीकरण हुनुका साथै निजी विद्यालयको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य प्रभावकारी रुपमा हुन जानेछ। |
| १६ | प्रधानाध्यापक | प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहने व्यवस्था गरिएको छ । |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | सार्वजनिक विद्यालयमा प्रधानाध्यापक छनोट गर्न तीन सदस्यीय समिति रहने र विद्यालयको तह तथा स्थानीय तहगत आधारमा कार्यरत स्थायी शिक्षक बीच प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापकको छनोट गरिने र यसरी छनोट भएको शिक्षकलाई स्थानीय तहले प्रधानाध्यापकमा तोक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्व सक्षम प्रधानाध्यापकबाट हुन गई शैक्षिक गुणस्तर हासिल हुन जानेछ। |
| १७ | विद्यालय व्यवस्थापन समिति | प्रत्येक सार्वजनिक विद्यालयमा अभिभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजिवी, शिक्षाप्रेमी तथा समाजसेवी मध्येबाट कम्तीमा दुई जना महिला समेत रहने गरी समावेशी सिद्धान्तको आधारमा एक विद्यालय व्यवस्थापन समिति रहने, अन्य विद्यालयका हकमा सम्बन्धित संस्थाको प्रवन्धपत्र वा विधानमा व्यवस्था भए बमोजिम व्यवस्थापन समिति रहने व्यवस्था यस दफामा गरिएको छ। |
| १८ | लिखत रजिष्ट्रेशन गर्दा छुट हुने | सार्वजनिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर नलाग्ने तथा अन्य विद्यालयको नाममा रजिष्ट्रेशन दस्तुर छुट दिन सकिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शैक्षिक क्षेत्रमा भौतिक सम्पत्ति प्राप्तिमा सहजीकरण हुन जानेछ। |
| १९ | अनुमति रद्द गर्ने | विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा स्थानीय तहले त्यस्तो विद्यालयको अनुमति रद्द गर्न सक्ने तथा सो अगाडी सुनुवाइको मौका दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । यसबाट विद्यालयबाट आफूखुसी कार्य नहुनुका साथै नियन्त्रण र सन्तुलन कायम हुनेछ। |
| २० | प्रारम्भिक बालविकास केन्द्र | स्थानीय तहले विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्ने, यस ऐन प्रारम्भ हुदा सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रलाई सम्बन्धित स्थानीय तहले प्रत्येक विद्यालयमा एकभन्दा बढी नहुने गरी समायोजन तथा पुनर्वितरण गर्न सक्ने, सहयोगी कार्यकर्ताको पारिश्रमिक श्रमसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुने गरी गर्नु पर्ने । सहयोगी कार्यकर्ताको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा स्थानीय कानून बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट प्रारम्भिक बालविकास शिक्षाको व्यवस्थापन तथा सञ्चालन सहज र प्रभावकारी हुनेछ। |
| २१ | शिक्षा विभाग | विद्यालय शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न वा गराउन तथा विद्यालय शिक्षा सम्बन्धमा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा विभाग रहने, शिक्षा विभागको प्रमुखको रूपमा महानिर्देशक रहने तथा विभागको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था नियमावलीमा हुने व्यवस्था गरिएको छ।यसबाट विद्यालय शिक्षामा सङ्घीय सरकारवाट सालवसाली दिइने शशर्त अनुदानको व्यवस्थापनका साथै शैक्षिक तथ्याङ्क |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | व्यवस्थापन, योजना र कार्यक्रमको कार्यन्वयन तथा पेशागत विकास र विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग जस्ता प्राविधिक कार्यमा प्रभावकारिता तथा एक रुपता कायम हुन जानेछ। |
| २२ | शिक्षा कार्यालय | प्रत्येक जिल्लामा शिक्षा कार्यालय रहने शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यालय नक्साङ्कन, शैक्षिक तथ्याङ्क सङ्कलन, शिक्षक तथा अन्य जनशक्तिको क्षमता विकास सहितका कार्य शिक्षा कार्यालयबाट हुने व्यवस्था गरिएको छ । विद्यालयहरुको जिल्लागत समन्वय, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगका कार्य सञ्चालनमा प्रभावकारिता कायम गर्न शिक्षा कार्यालय सम्बन्धी व्यवस्था गरिएको छ र यस कार्याललेे प्रदेश सरकारले तोकेका कामहरू समेत गर्नुपर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २३ | राष्ट्रिय पाठ्यक्रम परिषद् | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा, पाठ्यक्रम संरचना, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्रीको अध्यक्षतामा पन्ध्र सदस्यीय राष्ट्रिय पाठ्यक्रम परिषद् रहने व्यवस्था गरिएको छ ।यस परिषदको बैठक आवश्यकता अनुसार बस्न सक्ने तथा परिषदले बैठक सम्बन्धी कार्यविधि आफै बनाउने व्यवस्था यस दफामा गरिएको छ। यसबाट विद्यालय तहको पाठ्यक्रमको लागि आवश्यक सबै नीति तथा मापदण्ड सम्बन्धी कार्य हुनेछ। |
| २४ | राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकार | विद्यालय तहमा अध्यापन हुने सामान्य तथा प्राविधिक विषयको पहिचान गर्ने, राष्ट्रिय पाठ्यक्रम प्रारुप, पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, लेखक तथा विज्ञ छनोटको मापदण्ड निर्धारण गर्ने, गुणस्तर सुधार गर्ने, पाठ्यक्रम तथा पाठ्यसामग्रीको परीक्षण गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय पाठ्यक्रम परिषद्को हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २५ | पाठ्यक्रम विकास केन्द्र | विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्न तथा सोका लागि आवश्यक पर्ने नीति, योजना र मापदण्ड निर्धारण गर्नका लागि राष्ट्रिय पाठ्यक्रम परिषद् तथा मन्त्रालयलाई सहजीकरण गर्न मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र रहने व्यवस्था गरिएको छ। मन्त्रालयको संगठन संरचना अन्तर्गत नै यो केन्द्र रहन्छ र यसमा नेपाल सरकारका कर्मचारीहरु रहने। यस केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था गरिएको छ यसबाट पाठ्यक्रम सम्बन्धी कार्य व्यवस्थित हुन जानेछ। |
| २६ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने, विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सार्वजनिक गरेको विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइ |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | उपलब्धिको राष्ट्रिय परीक्षणको प्रतिवेदन समेतलाई आधार मान्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ।यसवाट विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि तथा विद्यार्थीको सिकाइउपलब्धिमा सुधारको लागि अनुसन्धानमा आधारित पृष्ठपोषण नियमित रूपमा प्राप्त हुने र त्यसको कार्यन्वयन हुनेछ। |
| २७ | परीक्षा सञ्चालन तथा व्यवस्थापन | माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुने, आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको मूल विषयको प्रश्नपत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको प्रश्नपत्र स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही निर्माण गर्ने व्यवस्था गरिएको छ। यसबाट आधारभुत शिक्षा उत्तीर्ण परीक्षा सम्बन्धित स्थानीय तहबाट र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुनेछ। |
| २८ | बोर्डको गठन | माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तर नियन्त्रणको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परीक्षा बोर्ड रहने छ। यस बोर्डमा अध्यक्ष सहित तेह्र जना सदस्य रहने । राष्ट्रिय योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा गठित सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले बोर्डको अध्यक्षको नियुक्ति गर्ने र अध्यक्षको पदावधि चार वर्षको रहने व्यवस्था यस दफामा गरिएको छ। यसबाट माध्यमिक तहको अन्त्यको परीक्षा सम्बन्धी व्यवस्था प्रभाकारी हुनेछ। |
| २९ | बोर्ड स्वशासित र सङ्गठित संस्था हुने | बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३० | बोर्डको काम, कर्तव्य र अधिकार | राष्ट्रिय मापदण्डको अधीनमा रही माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन, व्यवस्थापन, नियन्त्रण, समन्वय, नतिजा प्रकाशन र प्रमाणीकरण गर्ने, गराउने, विद्यालय तहको परीक्षा सम्बन्धी नीति निर्धारणका लागि मन्त्रालयलाई आवश्यक परामर्श उपलब्ध गराउने सहितका काम, कर्तव्य र अधिकार राष्ट्रिय परीक्षा बोर्डको हुने व्यवस्था यस दफामा गरिएको छ। बोर्डले योजना र वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, आवश्यक पर्ने आर्थिक स्रोत जुटाउने, परीक्षा साधन (टेष्ट आईटम) निर्माण र स्तरीकरण गर्ने, परीक्षा र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, नयाँ विधि, प्रणाली र कार्य ढाँचाको विकास गर्ने कार्य समेत गर्नेछ। परीक्षाको मर्यादा र गुणस्तर कायम गर्ने सम्बन्धमा आवश्यक कार्य राष्ट्रिय परीक्षा बोर्डबाट हुनेछ। |
| ३१ | बोर्डको कार्यालय | बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने र यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका बोर्ड अन्तर्गतका शाखा कार्यालयहरू आवश्यकता अनुसार रहन सक्ने व्यवस्था यस दफामा गरिएको छ।कक्षा बाह्रको परीक्षा सम्बन्धी कार्यको लागि आवश्यक पर्ने संरचना मात्र बोर्डमा रहनेछन् । |
| ३२ | बोर्डको अध्यक्ष | बोर्डको अध्यक्ष पूर्णकालीन काम गर्ने प्रमुख पदाधिकारी हुने, बोर्डको सदस्य |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | तथा सदस्य सचिवको काम, कर्तव्य र अधिकार | सचिव पूर्णकालीन काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुने र निजले परीक्षा नियन्त्रकको समेत काम गर्ने तथा बोर्डको अध्यक्ष तथा सदस्य सचिवको काम, कर्तव्य र अधिकार तथा अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३३ | बोर्डका कर्मचारी सम्बन्धी व्यवस्था | बोर्डमा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी बमोजिमका कर्मचारी रहने, बोर्डका कर्मचारीहरुको खर्च बोर्डको कोषबाट ब्यहोरिने, मन्त्रालयले आवश्यकता अनुसार बोर्डमा कर्मचारी खटाउन सक्ने तथा बोर्डमा रहने कर्मचारी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३४ | बोर्डको कोष | राष्ट्रिय परीक्षा बोर्डको नाममा एउटा छुट्टै कोष रहने। यस कोषमा नेपाल सरकारबाट प्राप्त रकम, विद्यार्थीको परीक्षा आवेदन र रजिष्ट्रेशन बापत प्राप्त हुने रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्गठित संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम, स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्त रकम रहने व्यवस्था गरिएको छ । विदेशी सहयोग प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको पुर्व स्वीकृति लिनु पर्ने, कोषको रकम "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्ने, बोर्डको सदस्य सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट बोर्डको कोष सञ्चालन हुने, कोषबाट बोर्डको सबै खर्च ब्यहोरिने तथा बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्ने र बोर्डको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३५ | अभिलेख राख्ने | यो ऐन प्रारम्भ हुनु भन्दा अगावै परीक्षा नियन्त्रण कार्यालय, उच्च माध्यमिक शिक्षा परिषद् र बोर्डबाट सञ्चालन भएका परीक्षाको नतिजा तथा सोसँग सम्बन्धित परीक्षार्थीको विवरण एवम् यो ऐन प्रारम्भ भएपछि बोर्डबाट सञ्चालन हुने परीक्षाको नतिजा र सोसँग सम्बन्धित परीक्षार्थीको विवरणको अभिलेख राष्ट्रिय परीक्षा बोर्डले राख्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट वि. सं. १९९० देखिका परीक्षाका विवरण संरक्षण हुनुका साथै अभिलेख संरक्षणमा जवाफदेहिता कायम हुनेछ। |
| ३६ | निर्देशन दिन सक्ने | मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्ने र मन्त्रालयको निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुने व्यवस्था यस दफामा गरिएको छ।यसबाट बोर्डका काम कारवाही जवाफदेही र प्रभावकारी हुनेछ। |
| ३७ | अधिकार प्रत्यायोजन | बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अध्यक्ष, सदस्य, सदस्य सचिव वा अधिकृत कर्मचारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था व्यवस्था यस दफामा गरिएको छ। यसबाट सम्बन्धित निकायबाट बोर्डका कार्यलाई सहजीकरण हुने गरी कार्य गराउन सकिने हुन्छ। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ३८ | वार्षिक प्रतिवेदन पेस गर्ने | बोर्डले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३९ | विद्यालय शिक्षक सेवाको गठन | सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवा रहने, यस सेवाभित्र आधारभूत तह र माध्यमिक तहका शिक्षक रहने व्यवस्था गरिएको छ। आधारभूत तहमा कक्षा एक देखी पाँचसम्म साधारण र कक्षा ६ देखी आठसम्म विषयगत शिक्षक रहने तथा माध्यमिक तहमा विषयगत शिक्षक रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ४० | शिक्षकको श्रेणी विभाजन | सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन गरिने तथा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका तह र श्रेणीका शिक्षक यसै ऐन बमोजिम समान तह र श्रेणीमा कायम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४१ | शिक्षकको पद र श्रेणी विभाजन | शिक्षकको पद र श्रेणी विभाजन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४२ | शिक्षकको दरबन्दी | सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहने, यस ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको स्वीकृत शिक्षक दरबन्दी यसै ऐन बमोजिम भएको मानिने तथा विशेष शिक्षा दिने विद्यालय वा स्रोत कक्षाका लागि अपाङ्गताको प्रकृति अनुसार सहजीकरण गर्न सक्ने विशेष दक्षता भएका शिक्षकको दरबन्दी रहने र विद्यालयमा शिक्षक तथा विद्यार्थीको अनुपात र शिक्षक दरबन्दी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४३ | शिक्षक दरबन्दी मिलान तथा हस्तान्तरण | विद्यालय शिक्षा ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्ने, सोको लागि विवरण स्थानीय तहसँग माग गर्ने र स्थानीय तहले विवरण पेश गर्नु पर्ने, यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुने, शिक्षक सेवा आयोगले शिक्षकको पदपूर्ति गर्ने, स्थानीय तहमा हस्तान्तरण भएका शिक्षकको पाउने उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्ने, स्थायी शिक्षकको शत प्रतिशत र अस्थायी वा करारमा स्वीकृत दरवन्दीमा रही स्थायी भएकोमा वा राहत अनुदान कोटाको शिक्षक स्थायी भएकोमा सो अवधिको पचास प्रतिशत सेवा अवधि जोडिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट संवत् २०५६ साल पछि शिक्षक दरवन्दी थप हुन नसकेका कारण सिर्जना भएको समस्याको न्यूनिकरण हुनुका साथै राहत |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | अनुदान शिक्षक सम्वन्धी समस्याको व्यवस्थापन हुन जानेछ। |
| ४४ | विद्यालय शिक्षक सेवाको पदपूर्ति | विद्यालय शिक्षक सेवाको पदमा आधारभूत तह साधारण तथा विषयगत शिक्षकमा तृतीय श्रेणीमा १०० प्रतिशत खुला प्रतियोगिताद्वारा तथा द्वितीय र प्रथम श्रेणीमा २० प्रतिशत आन्तरिक प्रतियोगिताद्वारा, ६० प्रतिशत कार्यक्षमताको मूल्याङ्कनद्वारा र २० प्रतिशत ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति गरिने व्यवस्था गरिएको छ । माध्यमिक तह कक्षा नौदेखि बाह्रसम्मका लागि विषयगत शिक्षकमा तृतीय श्रेणीमा ७० प्रतिशत खुला प्रतियोगिताद्वारा र बाँकी ३० प्रतिशत आन्तरीक प्रतियोगिताद्वारा, द्वितीय श्रेणीमा ३० प्रतिशत खुला, २० प्रतिशत आन्तरिक प्रतियोगिताद्वारा, ३० प्रतिशत कार्यक्षमताको मूल्याङ्कनद्वारा र २० प्रतिशत ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा र प्रथम श्रेणीमा २० प्रतिशत आन्तरिक प्रतियोगिताद्वारा, ५० प्रतिशत कार्यक्षमताको मूल्याङ्कनद्वारा र ३० प्रतिशत ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति गरिने व्यवस्था गरिएको छ । राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा दरवन्दीमा कायम भए पछि हुने विज्ञापनमा राहत तथा विशेष शिक्षामा कार्यरतलाई उमेर हद नलाग्ने, दरवन्दी कायम भएको राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारमा पचास प्रतिशत कार्यरत मध्येबाट सिमित र बाँकी पचास प्रतिशत खुला प्रतियोगिताको आधारमा पदपूर्ति गरिने, कक्षा एघार र बाह्रमा अध्यापन गर्ने शिक्षकलाई माध्यमिक तृतीय वा द्वितीय श्रेणीमा उम्मेदवार हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसवाट सार्वजनिक विद्यालयका शिक्षकको व्यवस्थापन सहज सरल र प्रभावकारी रुपमा हुन गइ शैक्षिक गुणस्तर अभिवृद्धिको लक्ष्य हासिल हुन मद्धत् पुग्ने हुन्छ। |
| ४५ | पदपूर्ति सम्बन्धी विशेष व्यवस्था | विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूमात्र र बाँकी पचास प्रतिशत पदमा यस ऐनमा व्यवस्था भए बमोजिमको समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ।त्यस्तै महिलाहरुबीचको प्रतिष्पर्धामा विभिन्न क्लष्टर समुहबीचका महिलामात्र प्रतिष्पर्धा हुने गरी तथा बाँकी पचास प्रतिशत पदलाई शत प्रतिशत मानी सम्बन्धित समुहको क्लष्टरभित्र प्रतिष्पर्धा हुने व्यवस्था यस दफामा गरिएको छ। यसले विद्यालय शिक्षक सेवालाई वास्तविक रुपमा समावेशी गराउने छ। |
| ४६ | आयोगको सिफारिसमा नियुक्ति हुने | सार्वजनिक विद्यालयका शिक्षकमा खुला प्रतियोगिता तथा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति हुने पदमा शिक्षक सेवा आयोगको सिफारिसमा शिक्षकको नियुक्ति गरिने र पदपूर्तिको लागि पदसङ्ख्या निर्धारण गरी विज्ञापन गरिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शिक्षक छनोट सम्बन्धी कार्य |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | व्यवस्थित र योग्यता प्रणालीमा आधारित हुन गई बालबालिकाले योग्य शिक्षकबाट अध्ययन गर्न पाउनेछन्। |
| ४७ | पदपूर्तिका लागि माग गर्ने | विद्यालय शिक्षक सेवाको कुनै पद रिक्त भएमा प्रधानाध्यापकले सात दिनभित्र विवरण स्थानीय तहमा पठाउनु पर्ने, स्थानीय तहबाट विज्ञापन गर्ने मितिभन्दा कम्तीमा एक महिना अघि पदपूर्तिका लागि शिक्षक सेवा आयोगमा पठाउनु पर्ने र त्यसरी विवरण पठाउदा सो शैक्षिक सत्रभित्र अनिवार्य अवकाशबाट रिक्त हुने पद समेतको विवरण पठाउनु पर्ने व्यवस्था गरिएको छ । यसो नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाही हुने व्यवस्था गरी शिक्षक पदपूर्तिलाई अनुमान योग्य बनाइएको छ। |
| ४८ | नियुक्ति र पदस्थापन | शिक्षक सेवा आयोगबाट शिक्षक सेवाको पदमा सिफारिस भई आएको व्यक्तिलाई गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले नियुक्ति गर्नु पर्ने, आयोगले सिफारिस गरेको योग्यताक्रमका आधारमा शिक्षकको पदस्थापन गर्नु पर्ने तथा अपाङ्गता भएका शिक्षकलाई सम्भव भएसम्म पायक पर्ने विद्यालयमा पदस्थापन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। मेरिटको आधारमा शिक्षक नियुक्ति हुने र यसैको आधारमा पदस्थापन गरिदा समानता कायम हुन गई पदस्थापनमा आउन सक्ने समस्याको समाधान हुन जानेछ। |
| ४९ | व्यक्तिगत विवरण | विद्यालय शिक्षक सेवामा नियुक्ति भएको शिक्षकले नियुक्ति भएको एक महिनाभित्र आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी विद्यालयमा पेस गर्नु पर्ने, सो सिटरोल स्थानीय तहमा पठाउनु पर्ने, स्थानीय तहले पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्ने र राष्ट्रिय किताबखाना (शिक्षक) ले व्यक्तिगत विवरण प्राप्त भएको मितिले एक महिनाभित्र दर्ता गरी अभिलेख राख्नु पर्ने व्यवस्था गरिएको छ। यसबाट शिक्षकको अभिलेख तथा दर्ता व्यवस्थित हुनेछ। लामो समयसम्म शिक्षकको अभिलेख कायम नहुने अवस्थाको अन्त्य गर्न प्रस्तुत व्यवस्था यस दफामा गरिएको छ। |
| ५० | शिक्षकको योग्यता | शिक्षक पदमा नियुक्तिका लागि नेपाली नागरिक हुनुपर्ने, कक्षा एक-पाँचसम्म जुनसुकै विषयमा स्नातक तह, कक्षा ६-आठ को लागि सम्बन्धित विषयमा स्नातक तह र माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उतीर्ण गरेको हुनुपर्ने, अध्यापन अनुमतिपत्र प्राप्त गरेको र एक्काईस वर्ष उमेर पूरा भई पैंतीस वर्ष पूरा नभएको व्यक्ति हुनु पर्ने व्यवस्था गरिएको छ। शिक्षकको योग्यता शैक्षिक गुणस्तरसँग जोडिएको र सक्षम शिक्षक आवश्यक भएकोले न्यूनतम स्नातक योग्यता भएको व्यक्ति शिक्षक हुने व्यवस्था गरिएको छ। त्यस्तै उमेरको हकमा अधिकतम उमेर महिलाको लागि चालिस, अपाङ्गमात्र प्रतिस्पर्धा गर्नेको हकमा चालिस तथा माध्यमिक द्वितीय श्रेणीको खुला तर्फको लागि पैतालीस वर्षसम्म उम्मेदवार हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट योग्य र क्षमताबान व्यक्ति शिक्षक हुन सक्ने हुन्छ। त्यस्तै विशेष शिक्षा तर्फ विशेष व्यवस्था गर्नु पर्ने र समय समयमा यसमा परिमार्जन समेत |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | गर्नु पर्ने भएकोले नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। |
| ५१ | उम्मेदवार हुनको लागि अयोग्यता | यस ऐन बमोजिम योग्यता नभएको, भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको व्यक्ति विद्यालय शिक्षक सेवाको पदमा उम्मेदवार हुन अयोग्य हुने व्यवस्था यस दफामा गरिएको छ।यसबाट शिक्षक कस्तो व्यक्ति हुन नसक्ने भन्नेमा स्पष्टता हुन जाने र अन्य सरकारी सेवामा जस्तै शिक्षकका सम्बन्धमा अयोग्यता कायम गरिएको छ। |
| ५२ | परीक्षणकाल | विद्यालय शिक्षक सेवाको पदमा नियुक्ति गर्दा एक वर्ष परीक्षणकालमा रहने गरी गरिने, महिला शिक्षकको हकमा ६ महिनाको परीक्षणकाल हुने तथा परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा नियुक्ति दिने अधिकारीले निजको नियुक्ति बदर गर्न सक्ने तथा परीक्षणकालमा नियुक्ति बदर नगरिएका शिक्षकको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिने तथा शिक्षक सेवामा एक पटक परीक्षण काल पूरा गरेको शिक्षकलाई पुनः परीक्षणकालमा नराखिने व्यवस्था यस दफामा गरिएको छ। |
| ५३ | तलब, भत्ता | शिक्षकले विद्यालयमा हाजिर भएको दिनदेखि नेपाल सरकारले निर्धारण गरे बमोजिमको तलब भत्ता पाउने, स्थायी शिक्षकले एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउने तथा त्यस्तो तलबवृद्धि तोकिएको सङ्ख्यामा नबढ्ने गरी निश्चित अवधि वा वर्षसम्म मात्र थप गर्दै लगिने, शिक्षकले पकाएको तलब भत्ता निज जुनसुकै तरिकाले विद्यालय शिक्षक सेवामा नरहे पनि पाउने, बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित भएको शिक्षकले विद्यालयमा अनुपस्थित भएको अवधिको कुनै सुविधा प्राप्त गर्न नसक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट अनुपस्थित भए तापनि सेवा सुविधा पाइन्छ भन्ने दावी समाप्ति हुन जान्छ। त्यस्तै सेवाको सुरक्षा यसबाट हुन जान्छ। |
| ५४ | निलम्बन भएमा पाउने तलब | कुनै शिक्षक छानबिन वा विभागीय कारबाहीको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउने तर निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब तथा तलव वृद्धि हुने भएमा सो समेत पाउनेछ। कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता नपाउने र कुनै शिक्षक निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब नपाउने व्यवस्था |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | यस दफामा गरिएको छ। यसबाट मुद्दा मामिलाको कारण कस्तो अवस्थामा शिक्षकले सुविधा पाउने र नपाउने भन्ने सम्बन्धमा द्विविधाको अन्त्य हुनेछ। |
| ५५ | चाडपर्व खर्च | शिक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रुपमा पाउने व्यवस्था यस दफामा गरिएको छ। |
| ५६ | सञ्चय कोष | स्थायी शिक्षकको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शिक्षकको सुरक्षा हुन जाने हुन्छ। |
| ५७ | सावधिक जीवन बीमा | शिक्षकको लागि नेपाल सरकारले शिक्षकको योगदानमा आधारित सावधिक जीवन नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी यस दफामा व्यवस्था गरिएको छ। |
| ५८ | उपचार खर्च | माध्यमिक तहको शिक्षक भए बाह्र महिना बराबरको, आधारभूत तहको कक्षा ६ देखि कक्षा आठसम्मको शिक्षक भए अठार महिना बराबरको र कक्षा एकदेखि पाँचसम्मको शिक्षक भए एक्काईस महिना बराबरको उपचार खर्च सेवा अवधिमा पाउने, भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा त्यस्तो सुविधा नपाउने व्यवस्था यस दफामा गरिएको छ। यसबाट उपचार खर्चको व्यवस्थापन हुनेछ। |
| ५९ | शिक्षकले पाउने बिदा | शिक्षकले पाउने बिदामा भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, प्रसुति बिदा, प्रसुति स्याहार बिदा, किरिया बिदा, अध्ययन बिदा र असाधारण बिदा कायम गरिएको छ भने यसलाई अधिकार नभई सुविधाको रुपमा मात्र लिन सकिने र यसबाट अध्यापन कार्य प्रभावित नहुने गरी उपयोग गर्नु पर्ने गरी व्यवस्था गरिएको छ। |
| ६० | शिक्षकको सरुवा | स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा तथा एक स्थानीय तहले अर्को स्थानीय तहमा सरुवा गर्न सक्ने व्यवस्था गरिएको छ। त्यसरी सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्नेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा गर्दा सहमतिको आधारमा सरुवा गर्नु पर्ने, पदपूर्तिको लागि विज्ञापन भएको वा पदपूर्तिका लागि माग गरी पठाएको भएमा सो पदमा सरुवा गर्न नसकिने, नियुक्ति भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म सरुवा गर्न नपाइने र रमाना दिँदा किताबखानामा रेकर्ड अद्यावधिक गरी सकेपछि मात्र रमाना दिनु पर्ने व्यवस्था गरिएको छ। शिक्षकको सरुवालाई आवश्यकता र औचित्यपूर्ण हुने गरी व्यवस्थित गर्न प्रस्तुत व्यवस्था गरिएको छ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ६१ | शिक्षकको बढुवा | शिक्षकको बढुवा आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट गरिने। यसरी वढुवा गर्दा आधारभूत तहको साधारण तर्फ जिल्लागत आधारमा र आधारभूत तहको विषयगत तथा माध्यमिक तह तर्फ प्रदेशगत आधारमा बढुवा गरिने। कार्यक्षमताको मूल्याङ्कनको अङ्क भार ज्येष्ठता बापत तीस, कार्यसम्पादन (विद्यार्थीको सिकाइ उपलब्धि मूल्यङ्कन वापत चालीस, शैक्षिक योग्यता बापत बीस, तालीम बापत दश अङ्क कायम गरी कार्य सम्पादनलाई सबै भन्दा बढी अङ्क प्रदान गर्ने व्यवस्था गरिएको छ। यसबाट कुनै जिल्लामा कार्यरत शिक्षकको छिटो बढुवा हुने तथा कुनै जिल्लामा कार्यरत शिक्षकको ढिलो बढुवा हुने वा वढुवानै नहुने विद्यमान समस्याको समाधान हुने हुन्छ। |
| ६२ | बढुवा समिति | विद्यालय शिक्षक सेवाको आधारभूत र माध्यमिक तहको बढुवाद्वारा पूर्ति हुने रिक्त पदका लागि सिफारिस गर्न प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयको सचिवको अध्यक्षतामा तीन सदस्यीय समिति रहने व्यवस्था यस दफामा गरिएको छ । यसबाट शिक्षकको बढुवामा प्रदेश सरकारको भूमीकाको कारण समयमै शिक्षकको बढुवाका काम कारवाही प्रभावकारी ढंङ्गले सञ्चालन हुनेछ। |
| ६३ | बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता | बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदमा बढुवाको लागि दरखास्त आह्वान हुनुभन्दा अघिको शैक्षिक सत्र सम्ममा आधारभूत तहको लागि चार वर्ष तथा माध्यमिक तहको लागि पाँच वर्ष तथा बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी तथा तहको लागि तोकिए बमोजिमको विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने तथा हाल सेवामा कार्यरतको योग्यता स्नातकको व्यवस्था बमोजिम योग्यता पुगेकाको हकमा शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट कार्यरतका सम्बन्धमा न्यूनतम योग्यता नभएकै कारण बढुवा हुन उम्मेदवार हुन नपाउने अवस्था आउदैन। |
| ६४ | बढुवाको लागि उम्मेदवार हुन नपाउने | कुनै शिक्षक निलम्बन भएकोमा सो अवधिभर, नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म, बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर तथा तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर बढुवाको लागि उम्मेदवार हुन नपाउने व्यवस्था यस दफामा गरिएको छ। |
| ६५ | बढुवा नियुक्ति रोक्का | बढुवाका लागि सिफारिस भइसकेको कुनै शिक्षक बढुवा नियुक्ति लिनु भन्दा अगावै कुनै कारणले निलम्बन भएमा निलम्बन भएको अवधिभर, निजको बढुवा रोक्का वा तलबवृद्धि रोक्का भएमा बढुवा रोक्का वा तलववृद्धि रोक्का भएको अवधिभर वा निजले नसिहत पाएमा एक वर्षसम्म निजको बढुवा नियुक्ति रोक्का गर्नु पर्नेछ। त्यसरी बढुवा रोक्का वा तलबवृद्धि रोक्का फुकुवा भएको वा नसिहत पाएको अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ६६ | कार्यसम्पादनको मूल्याङ्कन | शिक्षकको वार्षिक रुपमा कार्यसम्पादनको मूल्याङ्कन हुने व्यवस्था गरिएको छ। सुपरीवेक्षकले दिन सक्ने अधिकतम पच्चीस अङ्क, पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम दश अङ्क, पुनरावलोकन समितिले दिनसक्ने अधिकतम पाँच अङ्क कायम गरिएको छ भने यस सम्बन्धी अन्य व्यवस्था नियमावलीमा रहने व्यवस्था गरिएको छ। |
| ६७ | शैक्षिक योग्यता र तालीमको प्रमाणपत्र पेस गर्नु पर्ने | शिक्षकले बढुवाको दरखास्तसँगै शैक्षिक योग्यता र सेवाकालीन तालीम बापतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्ने र यससम्वन्धी द्विविधा भएमा आयोगको परामर्श लिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शिक्षक बढुवामा कुनै द्विविधा भएमा शिक्षक सेवा आयोगको परामर्श समेत हुन सक्ने व्यवस्था हुँदा बढुवा थप व्यवस्थित हुन जानेछ। |
| ६८ | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको आधार | बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सो भन्दा वढी अङ्क प्राप्त गरेको उम्मेदवारलाई ज्येष्ठताको आधारमा बढुवा सिफारिस गर्ने तथा बढुवाको लागि सिफारिस गर्दा ज्येष्ठता कायम गर्ने आधार सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। यो अन्य सरकारी सेवामासमेत कायम भएको व्यवस्था हो। |
| ६९ | बढुवाको उजूरी | बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने शिक्षकले बढुवा सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र आयोगमा उजूरी दिन सक्ने, त्यस्तो उजूरीमा आयोगले उजूरी गर्ने म्याद समाप्त भएको मितिले साठी दिनभित्र टुङ्गो लगाउने र उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट बढुवालाई थप व्यवस्थित गर्न मात्र होइन मर्का पर्नेको विषयमा सुनुवाई समेत हुन सक्नेछ। |
| ७० | बढुवा सम्बन्धी विशेष व्यवस्था | एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म कार्यरत आधारभूत वा माध्यमिक तहको द्वितीय श्रेणी वा सोभन्दा मुनिका स्थायी शिक्षक उमेर हदका कारण अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरिने तथा एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहेको कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकको परिवारलाई साविकको श्रेणीभन्दा माथिल्लो श्रेणीको निवृत्तभरण लगायत अन्य सुविधा प्रदान गरिने, नेपाल सरकारले माध्यमिक तह प्रथम श्रेणीभन्दा माथी प्रत्येक प्रदेशमा विशिष्ट श्रेणीको बढिमा दुई वटा विशेष दरबन्दीको सिर्जना गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७१ | समयपालना र नियमितता | शिक्षकले निर्धारित समयमा नियमित रुपले विद्यालयमा हाजिर भई अध्यापन गर्नु पर्नेछ र सम्भव भएसम्म पहिले बिदाको स्वीकृति नलिई विद्यालयमा अनुपस्थित हुनु हुँदैन भनी समय पालनलाई विशेष जोड दिइएको छ। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ७२ | अनुशासन र आदेश पालना | शिक्षकले अनुशासन र आदेश पालना गर्नु पर्ने तथा त्यसरी कार्य गर्दा आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नुपर्ने, विद्यालयको अध्यापन सम्बन्धी काममा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले दिएको जिम्मेवारी तथा निर्देशनलाई शीघ्रताका साथ पालना गर्नुपर्ने, सबै शिक्षक तथा अभिभावकहरु प्रति उचित आदर देखाउनु पर्ने र विद्यार्थीहरू प्रति बालमैत्रीपूर्ण व्यवहार गर्नुपर्ने व्यवस्था यस दफामा गरिएको छ। अनुशासनमा रहने शिक्षकबाट हुने अध्यापनले शिक्षण सिकाइलाई प्रभावकारी बनाउनेछ। |
| ७३ | राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने | शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने तर आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७४ | लेख प्रकाशन र प्रसारण | शिक्षकले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको पारस्परिक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी वा जनता बीचको आपसी सम्बन्धमा प्रतिकूल असर पर्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, विद्युतीय माध्यम, रेडियो, टेलिभिजन वा सामाजिक सञ्जालको माध्यमबाट कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न नहुने तर प्रचलित कानूनको अधीनमा रही शिक्षण सम्बन्धी आफ्नो पाठ प्रसारण गर्न, शैक्षिक बहस गर्न, अनुसन्धान गर्न तथा लेख प्रकाशन वा प्रसारण गर्न बाधा नपर्ने व्यवस्था यस दफामा गरिएको छ। यसरी अध्ययन अध्यापनमा संलग्न हुन सक्ने भए तापनि सो बाहेकको गतिविधि गर्न नहुने गरी आचरणका व्यवस्था गरिएको छ। यसबाट शिक्षकलाई पेशाप्रति जवाफदेही बनाउन सकिन्छ। |
| ७५ | दान, उपहार, चन्दा प्राप्त गर्न र सहयोग लिन नहुने | विद्यालयको काम र विद्यार्थीको सिकाइ तथा मूल्याङ्कनमा प्रभाव पर्न सक्ने गरी कुनै शिक्षकले स्थानीय तहको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा विद्यार्थी र तिनका अभिभावकसँग सापटी वा सहयोग लिन नहुने व्यवस्था यस दफामा गरिएको छ। |
| ७६ | कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार व्यवसाय गर्न नहुने | शिक्षकले स्थानीय तहको पूर्व स्वीकृति बिना कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न नहुने व्यवस्था गरिएको छ । यसबाट शिक्षकको अन्यत्रको संलग्नताको कारण शिक्षण सिकाइलाई असर पुर्याउने अवस्था आउने हुँदैन। |
| ७७ | अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने | शिक्षकले आफ्नो विद्यालयको काममा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु नहुने तर राष्ट्रिय जनगणना, |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | निर्वाचन, विपद् कार्यमा उद्धार वा यस्तै प्रकारका नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकेको अन्य कुनै काममा संलग्न हुन, साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार, खुला तथा दूर शिक्षा कार्यक्रम वा खेलकुद सम्बन्धी कार्य गर्न, स्थानीय तहको पूर्व स्वीकृति लिई विद्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७८ | प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध | शिक्षकले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, पठनपाठन बन्द गर्न वा अन्य कुनै तरिकाबाट बालबालिकाको पढ्ने अधिकारमा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन भन्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको संरक्षण हुनुका साथै समयमा अध्यापन हुन पुगी शिक्षण सिकाइ प्रभावकारी हुन जानेछ। |
| ७९ | बहुविवाह गर्न नहुने | शिक्षकले बहुविवाह गर्न हुँदैन। बहुबिवाह प्रचलित कानून बमोजिम दण्डनीय भएकोले यस्तो कार्य गर्ने शिक्षकलाई विशेष सजाय हुने व्यवस्था प्रस्तुत ऐनमा गरिएको छ। |
| ८० | यौनजन्य दुर्व्यवहार गर्न नहुने | शिक्षकले विद्यार्थी र अरू कसैप्रति यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन भनेर यस्ता कार्यलाई आचरणमा समावेश गरिएको छ। कुनै पनि शिक्षकले छात्रछात्रा माथि लैङ्गिक हिंसा र दुर्व्यवहार जस्तो कार्य नगरुन भनेर नै प्रचलित कानून बमोजिम सजाय हुने विषयसमेत आचरणमा समावेश गरिएको छ। |
| ८१ | यातना दिन नहुने | शिक्षकले विद्यार्थीलाई कुटपिट गर्न र कसैलाई पनि शारीरिक वा मानसिक यातना दिनु हुँदैन। अध्यापन सम्बन्धी कार्य गर्दा सिकाइलाई प्रभावकारी बनाउन यातना रहीत बालमैत्री वातावरणमा सिकाउनु पर्ने हुन्छ। त्यसैले यातना सम्बन्धी विषयलाई आचरणमा समावेश गरिएको छ। |
| ८२ | सम्पत्ति विवरण पेस गर्नु पर्ने | शिक्षकले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित स्थानीय तहमा आफ्नो सम्पत्तिको विवरण पेस गर्नु पर्ने र स्थानीय तहले त्यस्तो विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सम्पत्ति विवरण सम्बन्धी व्यवस्था प्रभावकारी हुन जानेछ। |
| ८३ | स्थायी आवासीय अनुमति लिन नहुने | सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन भन्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ८४ | चेतावनी दिन सकिने | शिक्षकले समय पालना नगरेमा, सरकारी आदेश पालना नगरेमा, पदिय मर्यादा अनुकुल कार्य नगर्ने सहितका कार्य गरेको अवस्थामा सुपरिवेक्षक वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फाइलमा राख्ने व्यवस्था प्रस्तुत दफामा गरिएको छ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ८५ | सजाय | उचित र पर्याप्त कारण भएमा शिक्षकलाई विभागीय सजाय दिने अधिकारीले सामान्य सजाय (नसिहत दिने, बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने) र विशेष सजाय दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। कुनै पनि शिक्षकले कानून विपरीत कार्य गरेमा त्यस्तो शिक्षकलाई सजाय हुनेछ। |
| ८६ | नसिहत दिने | कुनै पनि शिक्षकको अध्यापन सम्बन्धी काम सन्तोषजनक नभएमा, पूर्वस्वीकृति नलिई पटक पटक विद्यालयमा अनुपस्थित रहेमा, प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा, सामाजिक परीक्षणको प्रतिवेदनबाट विद्यार्थीको सिकाइ सम्बन्धी काममा जिम्मेवार नदेखिएमा, चेतावनी पाएको शिक्षकले पुनः सोही बमोजिमको चेतावनी पाएमा त्यस्तो शिक्षकलाई नसिहतको सजाय हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट कानून विपरीत कार्य गर्नेलाई सजाय हुन जानेछ। |
| ८७ | बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने | कुनै पनि शिक्षकले अध्यापन गर्ने कार्य जिम्मेवारीपूर्वक पूरा नगरेमा, अनुशासनहीन काम गरेमा, विद्यार्थीको पीर मर्का र गुनासो पटक पटक बेवास्ता गरेको सम्बन्धमा प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहले दिएको निर्देशन पालना नगरेमा, यो ऐनमा उल्लिखित आचरण पालना नगरेमा वा उल्लङ्घन गरेमा, अध्ययन अध्यापनमा जानाजान लापरवाही तथा ढिलासुस्ती गरी विद्यार्थीको सिकाइमा हानि पुऱ्याएमा, बढुवाको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेस गरेको प्रमाणित भएमा, विद्यार्थीलाई शारीरिक वा मानसिक रुपमा दुर्व्यवहार गरेमा, बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा, नसिहत पाएको शिक्षकले सोही पदमा रहँदा पुनः सोही दफा बमोजिम नसिहत पाएमा बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने गरी सजाय गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| ८८ | सेवाबाट हटाउने वा बर्खास्त गर्ने | कुनै शिक्षकले अध्यापन गर्ने जिम्मेवारी पूरा गर्न नसकेमा, परीक्षामा प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षा सञ्चालनमा अमर्यादित काम गर्ने वा गराउने, उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने तथा नतिजा प्रकाशनमा अमर्यादित कार्य गरेमा, राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म कार्यरत विद्यालयमा अनुपस्थित रहेमा, बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएकोमा त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा, असाधारण वा अध्ययन बिदा भुक्तान भएको पन्ध्र दिनभित्र विद्यालयमा हाजिर हुन नआएमा, तोकिएको अधिकारीको स्वीकृति नलिइ विद्यालय समयमा |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा, बहुविवाह गरेमा त्यस्तो शिक्षकलाई भविष्यमा शिक्षक सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाइने छ भने भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा, विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा, शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा त्यस्तो अवस्थामा शिक्षकलाई भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिने व्यवस्था यस दफामा गरिएको छ। |
| ८९ | विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रिया | शिक्षकलाई विभागीय सजायको आदेश दिने सम्बन्धमा नसिहत सम्बन्धी सजाय गर्दा शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति, बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, शिक्षकलाई सेवाबाट हटाउन वा बर्खास्त गर्न नियुक्त गर्ने अधिकारी निर्धारण गरिएको छ। त्यस्तै सुनुवाइको मौका दिनु पर्ने, विशेष सजाय गर्नु पर्ने भएमा शिक्षक सेवा आयोगको परामर्श लिनु पर्ने र पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको प्रस्तावित सजाय समेत खुलाई सो सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्ने तथा शिक्षक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्ने र सो को जानकारी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ९० | गयलकट्टी गर्नु पर्ने | बिदा स्वीकृत नगराई आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले गयल र तलबकट्टी गर्नु पर्नेछ र यसरी गयल भएको अवधि सेवा अवधिमा गणना नगरिने तथा गयल र तलबकट्टीको विवरण स्थानीय तह, शिक्षा विभाग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतमा पठाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ९१ | निलम्बन गर्ने | कुनै शिक्षकको सम्बन्धमा कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचवुझ समाप्त नहुन्जेलसम्म उक्त शिक्षकलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। अनुसन्धान प्रभावित नहोस र स्वच्छ रुपमा अनुसन्धान हुन सकोस भनी निलम्बनको व्यवस्था गरिएको छ । साधारणतया साठी दिन निलम्बन गर्ने व्यवस्था रहेको छ । कुनै फौजदारी कसूरमा न्यायिक हिरासतमा रहेको शिक्षक त्यसरी हिरासतमा रहेको अवधिभर |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | स्वतः निलम्बन भएको मानिने व्यवस्था यस दफामा रहेको छ। |
| ९२ | निलम्बनको समाप्ति | कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा, निलम्बन अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, विद्यालय शिक्षक सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ९३ | पुनः बहाली हुन सक्ने | विभागीय सजाय भई हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ९४ | नोकरी नथामिने | कुनै शिक्षकले विशेष सजाय पाएकोमा, अदालतको आदेशबाट सेवामा पुनः बहाली हुने भएमा सो निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी नथामिने व्यवस्था यस दफामा गरिएको छ। |
| ९५ | अनिवार्य अवकाश | साठी वर्ष उमेर पूरा भएको शिक्षकले विद्यालय शिक्षक सेवाबाट स्वतः अवकाश पाउने व्यवस्था गरिएको छ । यसबाट अगावै अवकास भएकोमा बाहेक शिक्षकहरु साठी वर्ष नपुगुन्जेलसम्म शिक्षक सेवामा रहन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ९६ | स्वेच्छिक अवकाश: | कुनै शिक्षकले विद्यालय शिक्षक सेवाबाट अवकाश लिन निवेदन दिएमा नियुक्ति गर्ने अधिकारीले निजलाई सेवाबाट अवकाश दिन सक्ने, शिक्षकले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा वा स्थानीय तहबाट स्थानीय राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्ने तथा यसरी अवकाश दिँदा शिक्षक जुन श्रेणीमा कार्यरत छ सोही श्रेणीमा पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको भएमा आधारभूत तह र माध्यमिक तहका द्वितीय श्रेणी वा सोभन्दा मुनिका शिक्षकलाई एक श्रेणी माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| ९७ | असमर्थ शिक्षक सम्बन्धी विशेष व्यवस्था | कुनै शिक्षक शारीरिक अस्वस्थता वा मानसिक रोगको कारण विद्यालयमा अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी अवकाश दिन सकिने व्यवस्था यस दफामा गरिएको छ। यस्तो अवस्था परेका शिक्षकले अवकास पाउँदा कल्याणकारी कार्य हुनुका अतिरिक्त बालबालिकाको सिक्न पाउने अधिकारको समेत संरक्षण हुन जाने हुन्छ। |
| ९८ | उपदान | पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको शिक्षकले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा त्यस्तो शिक्षकले सेवा अवधिको आधारमा प्रत्येक वर्षका हिसावले |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | उपदान पाउने व्यवस्था यस दफामा गरिएको छ। अन्य सरकारी निकायहरुमा समेत यसै बमोजिमको व्यवस्था रहेको छ। |
| ९९ | निवृत्तभरण | स्थायी नियुक्ति पाई बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको शिक्षकले पाउने मासिक निवृत्तभरण सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै निवृत्तभरणमा वृद्धि, संवत् २०७५ साल चैत्र ४ गतेभन्दा अघि स्थायी नियुक्ति भएका शिक्षकले अवकाश हुँदा निवृत्तभरण पाउने अवस्था नभएमा सो प्रयोजनका लागि बीस वर्षका लागि नपुग हुन आउने अवधिको लागि निजको अधिकतम सात वर्षसम्मको अस्थायी सेवा अवधि जोड्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| १०० | निवृत्तभरणमा वृद्धि | बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका सेवा निवृत्त शिक्षकको निवृत्तभरण रकममा पनि थप गरिने व्यवस्था यस दफामा गरिएको छ। |
| १०१ | पारिवारिक निवृत्तभरण र उपदान | कुनै शिक्षकको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई निवृत्तभरण पाउने अवस्था भएकोमा निवृत्तभरण र निवृत्तभरण पाउने अवस्था नभएमा उपदान प्राप्त हुने तथा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई निवृत्तभरण प्राप्त हुने, शिक्षकको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम पाउने व्यवस्था यस दफामा गरिएको छ। |
| १०२ | पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था | विद्यालयको काममा खटिइरहेको अवस्थामा कुनै स्थायी शिक्षकको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएको प्रमाणित भएमा त्यस्तो शिक्षकको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई आजीवन यस ऐन बमोजिमको निवृत्तभरण रकम दिइने व्यवस्था यस दफामा गरिएको छ। |
| १०३ | बेपत्ता भएको शिक्षकको उपदान र निवृत्तभरण | विद्यालय शिक्षक सेवामा रही काम गरेको कुनै शिक्षक हराई वा बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो शिक्षकले पाउने उपदान वा निवृत्तभरणको रकम निजको परिवारलाई दिइने व्यवस्था यस दफामा गरिएको छ। |
| १०४ | सेवाबाट बर्खास्त भएका शिक्षकले पाउने सुविधा: | भविश्यमा शिक्षक सेवाबाट अयोग्य ठहिने गरी बर्खास्त भएको शिक्षकले सञ्चय कोषको रकम, बीमा रकम र योगदानमा आधारित निवृत्तभरण कोषमा जम्मा भएको त्यस्तो शिक्षकले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा नपाउने व्यवस्था यस दफामा गरिएको छ। |
| १०५ | उमेर गणना | अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि शिक्षकको उमेर गणना गर्दा निजले |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने व्यवस्था यस दफामा गरिएको छ। उमेर गणना सम्बन्धी विषय कुनबाट पहिले अवकास हुन्छ भन्ने आधारमा लिइने भएकोले सोही बमोजिम उमेर गणना सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| १०६ | शिक्षक सेवामा पुनः बहाली भएमा पाउने सुविधा | कुनै शिक्षकलाई विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो शिक्षकले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता र तलबवृद्धि पाउने भए सो समेत पाउने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै द्वन्द्वपीडित स्थायी शिक्षकले सुविधा प्राप्त गर्न छुट भएकोमा सोको प्रमाण संलग्न गरी यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र शिक्षा विभागमा निवेदन पेस गर्नु पर्ने तथा त्यसरी निवेदन प्राप्त हुन आएमा सोको जाँचबुझको लागि तोकिए बमोजिम एक समिति गठन हुने र त्यस्तो समितिको सिफारिसको आधारमा नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १०७ | योगदानमा आधारित निवृत्तभरण | यो ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने तथा निवृत्तभरण कोष सम्बन्धी संघीय कानून प्रारम्भ भएको मितिदेखि यो ऐन प्रारम्भ हुँदाका बखतसम्म नियुक्त भएका स्थायी शिक्षकले यो ऐन प्रारम्भ भएपछि योगदानमा आधारित निवृत्तभरण प्रयोजनको लागि प्रचलित निवृत्तभरण कोष सम्बन्धी कानून बमोजिम निजले गर्नु पर्ने योगदान रकम तोकिए बमोजिम जम्मा गर्नु पर्ने र नेपाल सरकारको तर्फबाट जम्मा गर्नु पर्ने शत प्रतिशत रकम निज हाजिर भएको मितिदेखि हिसाब गरी निजको निवृत्तभरण खातामा जम्मा गरिने तथा योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने शिक्षकको हकमा दफा ९७, ९८, ९९, १००, १०१, १०२ र १०३ को व्यवस्था लागू नहुने व्यवस्था यस दफामा गरिएको छ । यसबाट संवत् २०७५।१२।४ पछि नियुक्त हुने शिक्षकको योगदानमा आधारित निवृतभरणका विषयमा स्पष्टता आउनेछ। |
| १०८ | विद्यालय कर्मचारी रहने | सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम विद्यालय कर्मचारीको दरबन्दी रहने, आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्ने तथा विद्यालय कर्मचारीको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १०९ | विद्यालय कर्मचारी | यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि प्रचलित कानून बमोजिम जिल्ला शिक्षा |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | सम्बन्धी विशेष व्यवस्था | सेवा आयोग वा शिक्षक छनोट उपसमिति वा जिल्ला शिक्षा समितिबाट नियुक्ति पाई अविच्छिन्न सेवा गरी उमेर हद साठी वर्ष पूरा भई सेवाबाट अलग हुने वा अलग भइसकेका विद्यालय कर्मचारीलाई अवकाश हुँदाको बखत काम गरेको पदसँग समान हुने निजामती सेवाको पद वा श्रेणीको शुरू स्केलको दरले बढीमा बीस वर्षको सेवा अवधि मानी एकमुष्ठ रकम दिइने तथा नेपाल सरकारले विद्यालय कर्मचारी व्यवस्थापनका लागि साविकमा विद्यालयलाई दिदै आएको एकमुष्ट सालवसाली अनुदान रकम दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ११० | स्थानीय कानूनमा समावेश गर्नुपर्ने | स्वीकृत विद्यालय कर्मचारीको दरबन्दी बमोजिम पदपूर्ति गर्दा यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत रहेका कर्मचारीहरू मध्येबाट एक पटकका लागि आयोगले तोके बमोजिम विज्ञापन गरी पदपूर्ति गर्ने विषय, विज्ञापनमा उम्मेदवार हुन विद्यालय कर्मचारीलाई उमेरको हद नलाग्ने विषय र विद्यालय कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी विषय स्थानीय कानूनमा समावेश गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १११ | आयोगको गठन | सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने, यस आयोगमा एक जना अध्यक्ष र कम्तीमा एकजना महिला सहित दुई जना सदस्य रहने, सिफारिस समितिको सिफारिसको आधारमा नेपाल सरकारले आयोगको अध्यक्ष र सदस्यमा नियुक्त गर्ने तथा अध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुने तथा छानविन समितिको सिफारिसमा पदबाट हटाउन सकिनेसम्मको व्यवस्था यस दफामा गरिएको छ। यसबाट बलियो कानूनी प्रवन्ध सहितको शिक्षक सेवा आयोगको परिकल्पना यस दफामा गरिएको छ। |
| ११२ | अध्यक्ष वा सदस्यको योग्यता | शिक्षक सेवा आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, चालीस वर्ष उमेर पूरा भएको, अध्यक्षको लागि नेपाल सरकारको विशिष्ट श्रेणीको अनुभव प्राप्त गरेको र सदस्यको लागि कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको र उच्च नैतिक चरित्र भएको हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ११३ | अध्यक्ष वा सदस्यको अयोग्यता | शिक्षक सेवा आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको, नियुक्ति हुँदाका बखत कुनै विद्यालयको शिक्षक वा कुनै विश्वविद्यालयको अध्यापकको रुपमा कार्यरत रहेको वा कुनै सरकारी पदमा बहाल रहेको, दामासाहीमा परेको, कुनै मुलुकको आवासीय |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन गरेको, प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ११४ | अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्था | शिक्षक सेवा आयोगको अध्यक्ष वा सदस्य पदावधि समाप्त भएमा वा निजलाई हटाइएमा, निज अयोग्य भएमा, निजले आफ्नो पदबाट लिखित राजिनामा दिएमा, मनासिब कारण बिना आयोगमा लगातार एक महिनासम्म अनुपस्थित रहेमा, निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा, निजको मृत्यु भएमा पदमा रहन नसक्ने व्यवस्था प्रस्तुत दफामा गरिएको छ। |
| ११५ | अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सेवाका शर्त | आयोगको अध्यक्ष तथा सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुने, अध्यक्ष आयोगको प्रमुख पदाधिकारी हुने र निजको सामान्य निर्देशन र सुपरीवेक्षणमा आयोगको सम्पूर्ण काम कारबाही सञ्चालन हुने तथा अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ११६ | अध्यक्ष र सदस्यले सपथ लिनु पर्ने | आफ्नो कार्यभार समाल्नु अघि आयोगको अध्यक्षले नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्री समक्ष र सदस्यले अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने तथा सोको ढाँचा नियामवलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ११७ | आयोगको काम, कर्तव्य र अधिकार | शिक्षक सेवा आयोगको काम, कर्तव्य र अधिकारमा अध्यापन अनुमतिपत्र जारी गर्ने, सार्वजनिक विद्यालयको विद्यालय शिक्षक सेवाको स्वीकृत स्थायी दरबन्दीको रिक्त पदमा खुला तथा आन्तरिक प्रतियोगिताको माध्यमबाट पूर्ति हुनेमा उपयुक्त उम्मेदवारको छनोट गरी नियुक्तिको लागि सिफारिस गर्ने, प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतबाट दायित्व व्यहोर्ने गरी सार्वजनिक विद्यालयमा सिर्जना गरेको स्थायी दरबन्दीको रिक्त पदमा सम्बन्धित निकायबाट माग भए बमोजिम शिक्षक तथा विद्यालय कर्मचारी छनोट गरी उपयुक्त उम्मेदवारको सिफारिस गर्ने, शिक्षकको बढुवा उपर परेको उजुरीमा निर्णय गर्ने, विद्यालय कर्मचारीको स्वीकृत स्थायी दरबन्दीको रिक्त पदमा खुला तथा आन्तरिक प्रतियोगिताको माध्यमबाट पूर्ति हुनेमा उपयुक्त उम्मेदवारको छनोट गरी नियुक्तिको लागि सिफारिस गर्ने, शिक्षक तथा विद्यालय कर्मचारीलाई विभागीय कारवाही गर्ने विषयमा परामर्श दिने तथा नियमावलीमा व्यवस्था भए बमोजिमका अन्य काम गर्ने, गराउने कार्य हुने व्यवस्था यस दफामा गरिएको छ।यसबाट आयोगकोकाम कारवाहीमा तटस्थता, निश्पष्छ्यता, पारदर्शिता हुन गई सक्षम र योग्य शिक्षकको पदपूर्ति हुन जानेछ। |
| ११८ | आयोगको कार्यालय र कर्मचारी | आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहने, सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न मन्त्रालयले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई तोक्ने र त्यस्तो कर्मचारीले आयोगको सचिवको समेत काम गर्नु |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | पर्ने, आयोगको प्रादेशिक कार्यालय रहने सक्ने तथा आयोगमा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी बमोजिमका निजामती कर्मचारी रहने व्यवस्था यस दफामा रहेका छन्। |
| ११९ | आयोगको बैठक | शिक्षक सेवा आयोगले सम्पादन गर्नुपर्ने काम कारबाही आयोगको निर्णय बमोजिम हुने, यस आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्ने र सोको सूचना सचिवले गर्ने तथा बैठकको अध्यक्षता अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्ने, आयोगको बैठकको निर्णयमा बैठकमा उपस्थित पदाधिकारीले हस्ताक्षर गर्नु पर्ने तथा आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १२० | अध्यक्ष र सदस्यको कार्य विभाजन | आयोगले आवश्यकता अनुसार अध्यक्ष र सदस्यहरुको कार्य विभाजन गर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| १२१ | शैक्षिक योग्यता निर्धारण | कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि सम्बन्धित शिक्षक पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ वा छैन भन्ने प्रश्न उठेमा आयोगले निर्णय गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १२२ | पाठ्यक्रम र परीक्षण विधि | शिक्षक सेवा आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र तत्सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुने, परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधिमा कुनै संशोधन वा परिमार्जन भएमा परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा तीन महिना अगाडि सोको सूचना सार्वजनिक गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १२३ | उम्मेदवारको छनोट | स्थायी दरबन्दीका शिक्षकको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा वा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा शिक्षक सेवा आयोगले लिखित परीक्षाको अतिरिक्त प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता तथा आयोगले समय समयमा निर्धारण गरेका अन्य तरिका अपनाई कार्य गर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| १२४ | विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालन | स्थायी दरबन्दीको रिक्त पद सङ्ख्याको माग प्राप्त भएपछि शिक्षक सेवा आयोगले खुला प्रतियोगिता वा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्न प्रत्येक वर्षको भाद्र मसान्तभित्र छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नुपर्ने, पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्नु पर्ने, विज्ञापन गर्दा आधारभूत तह साधारण तर्फ जिल्लागत आधारमा र आधारभूत तह विषयगत तथा माध्यमिक तह तर्फ प्रदेशगत आधारमा गर्नु पर्ने तथा प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा राखिने सङ्केत नम्बर तथा उत्तरपुस्तिकाको परीक्षण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १२५ | विज्ञापन वा परीक्षा रद्द गर्न सक्ने | विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी लिखित परीक्षा हुनु अगावै सम्बन्धित निकायले विज्ञापन रद्द गर्न कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्ने तथा आयोगले परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरुपले परीक्षा सञ्चालन हुन नसकेमा वा परीक्षाको मर्यादाको दृष्टिकोणबाट परीक्षा सञ्चालन गर्न उपयुक्त नदेखिएमा त्यसको कारण खुलाई त्यस्तो दिनको परीक्षा वा सम्बन्धित विज्ञापनको आंशिक वा सम्पूर्ण परीक्षा रद्द गर्न सक्ने व्यवस्था यस दफामा गरिएहेको छ। |
| १२६ | कामबाट हटाउने | शिक्षक सेवा आयोगबाट भएको परीक्षाको सञ्चालनमा संलग्न कर्मचारी वा व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई आयोगले तत्काल कामबाट हटाउने तथा त्यस्तो व्यक्तिलाई आयोगले अभिलेख राखी भविष्यमा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षा सम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट परीक्षाको वैधता तथा विश्वासनियता कायम हुनेछ। |
| १२७ | निष्कासन गर्ने वा रोक लगाउने | कुनै उम्मेदवारले परीक्षामा चिट चोरेमा वा चोराएमा, अर्काको नक्कल गरेमा वा गराएमा, विद्युतीय उपकरण प्रयोग गरी परीक्षामा अनियमित काम गरे वा गराएमा, परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा अवरोध पुऱ्याएमा, परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लङ्घन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्कासन गर्न सक्ने तथा कसैले आयोगबाट सञ्चालित परीक्षाको मर्यादा विपरीतका काम गरेमा निश्चित अवधिसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १२८ | लिखित परीक्षाको परिणाम | आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुमध्ये रिक्त पदको अनुपातमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम वर्णानुक्रम वा रोल नम्बर अनुसार प्रकाशन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १२९ | अन्तर्वार्ता समितिको गठन | लिखित वा प्रयोगात्मक परीक्षाबाट सफल भएकामध्येबाट उपयुक्त उम्मेदवारको छनोट गर्न आयोगले केन्द्रीय कार्यलय तथा आवश्यक पर्ने अन्य स्थानमा अन्तर्वार्ता समिति गठन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १३० | अन्तिम नतिजा प्रकाशन | शिक्षक पदपूर्तिका लागि उम्मेदवारको छनोट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि आयोगले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, ठेगाना उल्लेख गरी योग्यताक्रम अनुसार खुला र समावेशी तर्फको एकीकृत योग्यताक्रम सहितको अन्तिम नतिजा प्रकाशन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १३१ | नियुक्तिको सिफारिस | उम्मेदवारलाई आयोगले योग्यताक्रम अनुसार नियुक्तिको लागि नियुक्ति गर्ने अधिकारीसमक्ष सिफारिस गर्नु पर्ने तथा यसरी सिफारिस गरिएको उम्मेदवारमध्ये कुनै उम्मेदवारको नियुक्तिको सिफारिस एक वर्षको अवधिभित्र रद्द भएमा आयोगले योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नु पर्ने तथा उम्मेदवारको नियुक्तिको सिफारिस सम्बन्धी अन्य व्यवस्था नियमावलीमा भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १३२ | सिफारिस रद्द गर्ने | आयोगको विज्ञापन बमोजिमको परीक्षामा उम्मेदवार हुने कुनै व्यक्तिले पेस गरेको कुनै विवरण झुट्टा वा गलत प्रमाणित भएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्ने र निजले नियुक्ति पाइसकेको रहेछ भने नियुक्ति रद्द गरी प्रचलित कानून बमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्ने व्यवस्था यस दफामा गरिएका छन्। |
| १३३ | प्रारम्भिक परीक्षा | आयोगले चाहेमा कुनै तहको शिक्षक पदको उम्मेदवार सिफारिस गर्नका लागि प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्नु अघि प्रारम्भिक परीक्षा लिन सक्ने तथा प्रारम्भिक परीक्षा लिइएकोमा त्यस्तो परीक्षा उत्तीर्ण हुने व्यक्ति मात्र खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त शिक्षक पदको लागि आयोगले सञ्चालन गरेको परीक्षामा उम्मेदवार हुन सक्ने र यस सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १३४ | विद्युतीय माध्यमको प्रयोग | आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, दरखास्त पेस गर्ने विधि, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन लगायतका काममा विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १३५ | आयोगका काममा सहयोग गर्नु पर्ने | आयोगले परीक्षा सञ्चालन सम्बन्धी कामको लागि सरकारी निकाय, विद्यालय, शिक्षण संस्था वा सङ्गठित संस्थालाई भवन वा कक्षा कोठा उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ। आयोगले त्यसरी अनुरोध गरेमा सो बमोजिमका सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुने तथा यस्तो कार्यसम्पादन गर्नको लागि आयोगको कर्मचारीबाट मात्र सम्भव नहुने देखिएमा आयोगले मन्त्रालय मार्फत कर्मचारीलाई काजमा ल्याई काममा लगाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १३६ | आयोगको दैनिक तथा आर्थिक प्रशासन | आयोगको अध्यक्षको सामान्य निर्देशनको अधीनमा रही आयोगको सचिवले दैनिक प्रशासन सञ्चालन गर्ने, आयोगको सामान्य नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी आयोगको खाता प्रशासकीय प्रमुख वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने तथा आयोगको राजस्व, धरौटी, नगदी वा जिन्सी खाताको अद्यावधिक श्रेस्ता राख्ने वा राख्न लगाउने र आयोगको आर्थिक प्रशासन सम्बन्धी काम कारबाहीमा कुनै बेरुजु भएमा त्यसको फछ्र्यौट गर्ने जिम्मेवारी सचिवको हुने व्यवस्था यस दफामा गरिएको छ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १३७ | अधिकार प्रत्यायोजन: | आयोगले यस ऐन बमोजिम प्राप्त अधिकारमध्ये अध्यक्ष, सदस्य, सचिव वा आयोगको अधिकृत कर्मचारी, मातहतका कार्यालय तथा नेपाल सरकार वा प्रदेश सरकारको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ र त्यसरी प्रत्यायोजन गर्दा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त समेत निर्धारण गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १३८ | लिखतको गोपनीयता | आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत र कागजात गोप्य रहने र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता लिखत र कागजात सार्वजनिक गर्न आयोग बाध्य नहुने तथा परीक्षा सम्बन्धी कागजात वा परीक्षाको विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| १३९ | वार्षिक प्रतिवेदन | आयोगले आफूले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेस गर्नु पर्ने तथा सो प्रतिवेदनमा अध्यापन अनुमतिपत्रको लागि लिइएको परीक्षाको विवरण, परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी विवरण, शिक्षकको आन्तरिक तथा खुला परीक्षाको सञ्चालन र उत्तीर्ण उम्मेदवार सम्बन्धी विवरण, शिक्षकको बढुवा सम्बन्धी विवरण, विभिन्न निकायलाई परामर्श दिएको भए सोको विवरण, भविष्यमा शिक्षक छनोट प्रक्रिया र अध्यापन अनुमतिपत्र प्रदान गर्ने प्रक्रियामा गर्नुपर्ने सुधार तथा नियमावलीमा व्यवस्थित विवरण उल्लेख हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १४० | शिक्षा सम्बन्धी जिम्मेवारी | नेपाल सरकारको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्वका सम्बन्धमा प्रस्तुत दफामा व्यवस्था गरिएको छ। नेपालभरको विद्यालय शिक्षा प्रणाली तथा पाठ्यक्रम र विद्यार्थी मूल्याङ्नका विषयहरु राष्ट्रिय मापदण्डको आधारमा निर्धारण हुनेछ। त्यस्तै राष्ट्रिय मापदण्डको अधीनमा रही प्रदेश सरकारको विद्यालय शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्वका सम्बन्धमा व्यवस्था गरिएको छ । स्थानीय तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व यस दफामा व्यवस्था गरिएको छ। यसरी विद्यालय तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापन सहितका समग्र विषयमा नेपाल सरकारबाट मापदण्ड सहितका नीतिगत कार्य हुने, प्रदेश सरकारबाट समन्वयात्मक कार्य तथा स्थानीय तहबाट कार्यान्वयन सम्बन्धी कार्य हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १४१ | विषयगत समितिले समन्वय गर्ने | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को विषयगत समितिले विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड र योजनाको कार्यान्वयनमा एकरुपता कायम गर्न सङ्घ, प्रदेश तथा स्थानीय तह बीच समन्वय गर्ने व्यवस्था यस दफामा गरिएको छ। जसबाट शिक्षा सम्बन्धी विषय विषयगत समितिमा समेत छलफल भई समस्या समाधान हुने र अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वय हुनेछ। |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १४२ | कसूर तथा सजाय | कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद र बिगो असुल गरी बिगो बमोजिम जरिबाना हुने व्यवस्था गरिएको छ भने शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षा वा विद्यालय शिक्षाको परीक्षाको मर्यादा विपरीत कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा जरिबाना वा एक कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। त्यस्तै अनुमति नलिई विदेशी कोर्ष वा विदेशी शैक्षिक कार्यक्रम चलाएमा वा सञ्चालन गरेमा, कुनै निजी विद्यालयले यस ऐन विपरीत रकम असुल गरेमा सो उपर सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सकिने व्यवस्था यस दफामा गरिएको छ। यस दफामा कसुरको गाम्भिर्यताको आधारमा क्षेत्राधिकार निर्धारण गरिएको छ। |
| १४३ | नेपाल सरकार वादी हुने | सार्वजनिक सम्पतिको हिनामिना, अनुमति नलिई विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरिएको कसूर उपरको मुद्दा नेपाल सरकार वादी भई चल्ने र त्यस्तो मुद्दा फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था यस दफामा गरिएको छ। |
| १४४ | पुनरावेदन | न्यायिक समितिले, स्थानीय तहले तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १४५ | भ्रष्टाचारमा कारबाही चलाउन बाधा नपर्ने | यस ऐन बमोजिम कसूर मानिने मुद्दा प्रचलित कानून बमोजिम भ्रष्टाचार सम्बन्धी कसूर समेत मानिने रहेछ भने सोही ऐन बमोजिम मुद्दा चलाउन र कारबाही गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था गरिएको छ। |
| १४६ | अध्यापन अनुमतिपत्र प्राप्त नगरी अध्यापन गर्न नहुने | शिक्षक सेवा आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन नपाउने तथा अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था यस दफामा व्यवस्था गरिएको छ। यसबाट शैक्षिक गुणस्तर हासिल हुन मद्धत पुग्ने हुन्छ। |
| १४७ | निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारी | निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय तहबाट स्वीकृत गराई लागू गरेको विनियम बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीसमेत नियमनको दायरामा आई निजहरुको सेवाको सुरक्षा हुन जानेछ। |
| १४८ | तलब, भत्ता तथा अन्य सुविधा विद्यालयले व्यहोर्ने | सार्वजनिक शैक्षिक गुठीका विद्यालय वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा सार्वजनिक विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित विद्यालय आफैंले व्यहोर्नु पर्ने व्यवस्था गरिएको छ। यसबाट निजी लगानीका विद्यालयको आर्थिक दायित्वका सम्बन्धमा स्पष्ट व्यवस्था हुन जानेछ। |
| १४९ | नेपाल सरकारले अनुदान दिने | नेपाल सरकारले प्रत्येक वर्ष बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी सङ्ख्या, स्वीकृत शिक्षक दरबन्दी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- |
| | | नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको लागि सशर्त र विशेष अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ। यसका साथै प्रदेश सरकार तथा स्थानीय तहबाट समेत विद्यालयलाई आवश्यक बजेट विनियोजन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १५० | शिक्षकलाई अन्य कामका लगाउन नपाइने | सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने वा विद्यालयको शैक्षिक प्रशासनिक कार्यमा बाहेक अन्य कुनै कार्यमा लगाउन नहुने, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने कार्यमा बाहेक अन्य कुनै स्थानमा कार्य गर्ने गरी खटाउन वा तोक्न नहुने तर, राष्ट्रिय जनगणना, निर्वाचन, दैवी प्रकोपको उद्धार वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको काममा खटाउन बाधा नपर्ने तथा यस ऐन विपरीत कुनै शिक्षकलाई कसैले काममा लगाएमा वा कुनै काममा तोकेमा त्यस्तो शिक्षकले प्राप्त गरेको सुविधा त्यस्तो काममा लगाउने वा तोक्ने अधिकारीबाट असुल उपर गरिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शिक्षक अध्यापन कार्यमा मात्र संलग्न हुनुका साथै बालबालिकाको अधिकारको समेत संरक्षण हुन जानेछ। |
| १५१ | दान, उपहार, चन्दा तथा सहयोग लिन सक्ने | अभिभावकले आफ्नो स्वेच्छाले सार्वजनिक विद्यालयको शिक्षाको गुणस्तर तथा पूर्वाधार विकासको लागि दान, उपहार, चन्दा वा अन्य कुनै प्रकारको सहयोग गर्न सक्नेछ र त्यस्तो सहयोग सार्वजनिक विद्यालयले स्थानीय तहको सहमतिमा ग्रहण गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १५२ | विद्यालय तथा शिक्षकको अभिलेखको व्यवस्थापन | नेपालभर स्थापना भई सञ्चालनमा रहेका विद्यालय र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राष्ट्रिय किताबखाना (शिक्षक) मा रहने, विद्यालय स्थापना तथा सञ्चालनको अनुमति दिने निकायले विद्यालय, त्यस्तो विद्यालयमा कार्यरत शिक्षक तथा तोकिए बमोजिमको अन्य विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा र शिक्षा विभागलाई उपलब्ध गराउनु पर्ने तथा शिक्षक दरबन्दी मिलान तथा हस्तान्तरण सम्बन्धी विवरण स्थानीय तहले राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । यसबाट विद्यालयको अभिलेख व्यवस्थापनमा एकरुपता कायम हुन जानेछ। |
| १५३ | नेपाल शिक्षक महासंघ | विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा एक नेपाल शिक्षक महासंघ रहने तथा विद्यालय शिक्षालाई परिणाममुखी तथा प्रभावकारी बनाउन, विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न तथा शिक्षक सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माण गर्न नेपाल सरकारलाई रचनात्मक सहयोग गर्नु नेपाल शिक्षक महासंघको कर्तव्य हुने तथा विद्यालय शिक्षक सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी, उत्तरदायी र व्यावसायिक बनाउन क्रियाशील हुनु नेपाल शिक्षक महासंघको जिम्मेवारी हुने तथा यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १५४ | अनुगमन व्यवस्था र अनुगमन सूचकाङ्क | मन्त्रालयले शिक्षाको अधिकार कार्यान्वयन तथा अनुगमनको लागि सूचकाङ्क तयार गर्ने, यस्तो सूचकाङ्क सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्ने तथा अनुगमन संयन्त्र र सूचकाङ्क सम्बन्धी अन्य व्यवस्था नियमावलीमा भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट शिक्षाको पहुँच र शैक्षिक गुणस्तरका विषयमा वस्तुपरक विवरण प्राप्त हुनेछ। |
| १५५ | प्रतिवेदन पेस गर्ने | प्रत्येक गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले प्रत्येक वर्ष गाउँ सभा वा नगर सभामा सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक तथा निजी विद्यालय र त्यस्तो विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या, आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका बालबालिकाको सङ्ख्या, विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका बालबालिकाको सङ्ख्या, विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेका विद्यार्थीका सङ्ख्या, सार्वजनिक तथा निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण,आधारभूत तथा माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत तथा अन्य आवश्यक कुरा यसमा समावेश गरिने र यस्तो प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था यसमा गरिएको छ। यसबाट स्थानीय तहबाट भएका र गरिएका तथा शैक्षिक उपलब्धिको वस्तुपरक विवरण प्राप्त हुन गई भावी कार्य योजना तयारीमा सहज हुनेछ। |
| १५६ | साझेदारी वा सहकार्य गर्न सकिने | विद्यालय व्यवस्थापन सुधार, गुणस्तरयुक्त शिक्षाको विकास तथा विद्यार्थीहरुको सिकाइ अभिवृद्धि सम्बन्धी कार्य गर्नका लागि विद्यालय तथा प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका गैर सरकारी संस्था र स्थानीय तह बीच पारस्परिक साझेदारी वा सहकार्य गर्न सक्ने गरी आवश्यक प्रवन्ध गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट राम्रा अभ्यासको अवलम्बन गरी शैक्षिक उपलब्धिमा सुधार ल्याउन सकिन्छ। |
| १५७ | मार्ग दर्शनको रुपमा लिनु पर्ने | प्रदेश सरकार र स्थानीय तहले विद्यालय शिक्षा सम्बन्धी कानून बनाउँदा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, शिक्षा सम्बन्धी राष्ट्रिय नीति तथा राष्ट्रिय मापदण्डलाई मार्ग दर्शनको रूपमा लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १५८ | ऐन कार्यान्वयन मापन | यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ। सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । यसबाट शिक्षाको प्रत्येक पाँच वर्षको उपलब्धी संघीय संसदमासमेत अभिलेखीकृत हुनेछ । शैक्षिक क्षेत्रको सुधारको लागि यसबाट थप पहल हुन जानेछ। |
| १५९ | समावेशी सिद्धान्त अपनाउनु पर्ने | यस **ऐन** बमोजिम मनोनयन गर्दा समावेशी सिद्धान्त अबलम्बन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट नेपालको संविधानले व्यवस्था गरेको |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | समावेशी सिद्धान्त बमोजिम मनोनित हुने पदमा मनोनयन हुन जानेछ भने शिक्षक सेवाको पदमा नियुक्तिको सम्बन्धमा सम्बन्धित दफामा नै समावेशी सम्बन्धी व्यवस्था गरिएको छ । |
| १६० | राष्ट्रिय मापदण्ड बनाउने | यस ऐनमा भएका व्यवस्थाको कार्यान्वयनको लागि नेपाल सरकारले राष्ट्रिय मापदण्ड बनाउने व्यवस्था गरिएको छ। विद्यालयको अनुमति, स्थापना र सञ्चालन, विद्यालयको स्थानान्तरण, गाभ्ने, तह घटाउने, बन्द गर्ने तथा नाम परिवर्तन गर्ने, विद्यालयको नक्साङ्कन तथा भौतिक पूर्वाधार, प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालन, शिक्षक विद्यार्थी अनुपात, लगानीको आधार, मानवस्रोतको व्यवस्था, प्रारम्भिक बालविकास केन्द्रको स्थापना र सञ्चालन, सार्वजनिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी सम्बन्धी व्यवस्था, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन तथा विद्यार्थीको मूल्याङ्कन, पुस्तकालय, विशिष्टीकृत विद्यालयको स्थापना र सञ्चालन, विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण, पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा यस ऐन बमोजिम बनाउनु पर्ने अन्य मापदण्ड बनाउने व्यवस्था यस दफामा गरिएको छ। यसबाट नेपालभरका विद्यालयहरुमा आधारभुत विषयहरुमा एकरुता कायम हुन जानेछ। |
| १६१ | नियम बनाउने अधिकार | यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने तथा त्यसरी नियम बनाउदा ऐनको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी व्यवस्था गरिएको छ। यसमा विद्यालय संस्थापना र कक्षा थप गर्न अनुमति दिने, शैक्षिक गुठीको विधान दर्ता तथा सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण, सार्वजनिक विद्यालय कोषको सञ्चालन तथा लेखा परीक्षण, विदेशी बोर्ड वा शिक्षण संस्थासँग आबद्ध भएका विद्यालय स्थापना र सञ्चालन, विदेशमा नेपाली शैक्षिक कार्यक्रम सञ्चालन, विद्यालयको सम्पत्ति संरक्षण र प्रयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र तथा सोको काम कारबाही, अध्यापन अनुमतिपत्र र सोको परीक्षा, प्रधानाध्यापकको योग्यता,पदावधि, निजको काम, कर्तव्य र अधिकार, शिक्षकहरुको तहगत रुपान्तरण, विद्यालयमा शिक्षकको दरबन्दी निर्धारण, शिक्षक दरबन्दी हस्तान्तरण तथा समायोजन, विद्यालय शिक्षाको पाठ्यक्रम निर्माण र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणाली, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा, ब्रिज कोर्श र पूर्व तयारी कक्षा सञ्चालन सम्बन्धी व्यवस्था, विद्यालय शिक्षकको योग्यता, पदपूर्ति, नियुक्ति, पदस्थापन, बिदा र अवकाश, शिक्षकको बढुवा र सेवा शर्त, कार्यसम्पादन मूल्याङ्कन, योगदानमा आधारित निवृत्तभरण, शिक्षक तथा विद्यालय कर्मचारीको आचार संहिता, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड र आयोगका पदाधिकारीको आचरण तथा राष्ट्रिय किताबखाना (शिक्षक) सम्बन्धी विषयहरु नियमावलीद्वारा व्यवस्थित हुनेछ। |
| १६२ | निर्देशिका बनाउन सक्ने | यस ऐनको व्यवस्था कार्यान्वयन गर्न मन्त्रालयले छात्रावासको सञ्चालन, प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन, विद्यार्थी छात्रवृत्ति, विद्यालयमा राष्ट्रिय |

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | झण्डा र राष्ट्रिय गानको प्रयोग, विद्यालयको छाप, पोशाक, विद्यालय खुल्ने दिन, विद्यालय खुल्ने समय तथा सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालनका विषयमा निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको छ। यसबाट विद्यालयको सञ्चालन र व्यवस्थापनका विषयमा थप सहजीकरण हुन जानेछ । |
| १६३ | खारेजी र बचाउ | यस ऐन जारी भए पछि शिक्षा ऐन, २०२८ खारेज हुने र शिक्षा ऐन, २०२८ बमोजिम नियुक्ति भई सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगमा कार्यरत स्थायी कर्मचारी यसै ऐन बमोजिम नियुक्त भएको मानिने तथा शिक्षा ऐन, २०२८ बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने गरी बचाउँ सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |

# विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना:** विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, संघीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "विद्यालय शिक्षा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमति" भन्नाले दफा ५ बमोजिम विद्यालय स्थापना वा कक्षा थप गर्न दिइएको अनुमति सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुनु अघि विद्यालय स्थापना वा कक्षा थप गर्न दिइएको अनुमति वा स्वीकृतिलाई समेत जनाउँछ।

(ख) "अपाङ्गता भएका बालबालिका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेएरमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य बालबालिका सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले शिक्षा प्राप्त गर्न बाधा भएका बालबालिका सम्झनु पर्छ।

(ग) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाको बाबु, आमा वा निजको संरक्षक वा माथवर सम्झनु पर्छ।

(घ) "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ र सो शब्दले प्रारम्भिक बालविकास तथा शिक्षालाई समेत जनाउँछ।

(ङ) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले कक्षा आठको अन्त्यमा लिइने परीक्षा सम्झनु पर्छ।

(च) "आयोग" भन्नाले दफा १११ बमोजिमको शिक्षक सेवा आयोग सम्झनु पर्छ।

(छ) "आवासीय विद्यालय" भन्नाले विद्यार्थीको लागि आवास समेतको सुविधा भएको विद्यालय सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "निःशुल्क शिक्षा" भन्नाले विद्यालयले विद्यार्थी वा निजको अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क नलिई दिइने शिक्षा सम्झनु पर्छ।

(ञ) "निजी लगानीका विद्यालय" भन्नाले निजी लगानीमा स्थापना वा सञ्चालन भएको विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको संस्थागत विद्यालयलाई समेत जनाउँछ।

(ट) "परिवार" भन्नाले विद्यालयका शिक्षक वा कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु वा आमा सम्झनु पर्छ र सो शब्दले निजको बाजे, बज्यै तथा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ठ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी समेत निर्वाह गर्ने शिक्षक सम्झनु पर्छ।

(ड) "प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएको बालबालिकालाई कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि दिइने एक वर्ष अवधिको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनु पर्छ।

(ढ) "बोर्ड" भन्नाले दफा २८ बमोजिम गठन भएको राष्ट्रिय परीक्षा बोर्ड सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(त) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ।

(थ) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कुल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेसन)" भन्नाले कक्षा बाह्रको अन्त्यमा लिइने परीक्षा सम्झनु पर्छ।

(द) "राष्ट्रिय मापदण्ड" भन्नाले दफा १६० बमोजिमको राष्ट्रिय मापदण्ड सम्झनु पर्छ।

(ध) "विद्यार्थी" भन्नाले विद्यालयमा भर्ना भई अध्ययन गरिरहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विशेष शिक्षा, खुला वा वैकल्पिक माध्यमबाट अनौपचारिक शिक्षा हासिल गरिरहेका व्यक्तिलाई समेत जनाउँछ।

(न) "विद्यालय" भन्नाले यस ऐन बमोजिम स्थापना तथा सञ्चालन भएको आधारभूत वा माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने सार्वजनिक वा निजी लगानीका विद्यालय सम्झनु पर्छ।

(प) "विद्यालय कर्मचारी" भन्नाले विद्यालयमा शिक्षक बाहेकका पदमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(फ) "विद्यालय शिक्षक सेवा" भन्नाले दफा ३९ बमोजिम गठित विद्यालय शिक्षक सेवा सम्झनु पर्छ।

(ब) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, सुनाइसम्बन्धी अपाङ्गता भएका, अटिज्म, बौद्धिक अपाङ्गता, अति अशक्त शारीरिक अपाङ्गता भएका वा यस्तै प्रकृति वा अवस्थाका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

(भ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(म) "शैक्षिक गुठी" भन्नाले कुनै व्यक्तिले नाफा नलिने गरी विद्यालय सञ्चालन गर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(य) "सार्वजनिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाको बखत सामुदायिक विद्यालयको रुपमा सञ्चालित विद्यालयलाई समेत जनाउँछ।

(र) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ल) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(व) "स्थायी पद" भन्नाले निवृत्तभरण वा योगदानमा आधारित निवृत्तभरण पाउने र म्याद नतोकिएको विद्यालय शिक्षक सेवाको पद सम्झनु पर्छ।

## परिच्छेद-२

## विद्यालय स्थापना तथा सञ्चालन

३. **सार्वजनिक विद्यालयको स्थापना र सञ्चालनः** (१) यो ऐन प्रारम्भ भएपछि सार्वजनिक विद्यालयको स्थापना र सञ्चालन स्थानीय तहले गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितताको आधारमा गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालय यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ।

४. **निजी लगानीका विद्यालयको स्थापना र सञ्चालनः** (१) यो ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुनेछ।

(२) सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भए पछि शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम शैक्षिक गुठीको रुपमा रुपान्तरण गर्नु अघि त्यस्तो संस्थागत विद्यालयले दायित्व फरफारक गर्नु पर्नेछ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत निजी गुठीको रुपमा सञ्चालित विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ।

(६) उपदफा (३) र (५) बमोजिम सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुने विद्यालयलाई प्रोत्साहन गर्न आवश्यक छुट तथा सुविधा दिन सकिनेछ।

(७) यस दफा बमोजिम विद्यालयको स्थापना र कक्षा थपको स्वीकृति प्रदान गर्दा स्थानीय तहले तोकिए बमोजिमको धरौटी माग गर्नु पर्नेछ।

(८) निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **अनुमति दिन सक्नेः** (१) यो ऐन र राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले स्थानीय कानून बमोजिम विद्यालयको स्थापना तथा सञ्चालन वा कक्षा वा तह थपको अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको नक्साङ्कनमा आवश्यकता पहिचान नभएको स्थानमा वा सञ्चालनका लागि आवश्यक पर्ने स्रोत तथा शिक्षकको सुनिश्चितता नभएको अवस्थामा कुनै पनि प्रकारका विद्यालय स्थापना तथा सञ्चालन गर्न वा कक्षा वा तह थप गर्न अनुमति दिन पाइने छैन।

६. **विशेष प्रकृतिका विद्यालयको स्थापना र सञ्चालनः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय मापदण्डको अधीनमा रही देहाय बमोजिमका खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछन्:-

(क) अपाङ्गता भएका बालबालिकाका लागि विशेष वा स्रोत कक्षा सहितका विद्यालय,

(ख) भौगोलिक क्षेत्रमा मौसमी प्रतिकूलतालाई व्यवस्थापन गर्न वा मौसमी श्रम गर्ने अभिभावकका बालबालिकाको लागि घुम्ती विद्यालय,

(ग) विद्यालयमा भर्ना भई नियमित रूपमा अध्ययन गर्न नसक्ने बालबालिका र खास उमेर समूहका व्यक्तिका लागि खुला तथा प्रौढ विद्यालय।

(२) नेपाल सरकारबाट वा सुरक्षा निकायका कल्याणकारी कोषबाट नमूना विद्यालय वा विशिष्टीकृत विद्यालय वा यस्तै अन्य विशेष प्रकारका विद्यालय स्थापना गरी सञ्चालन गर्ने व्यवस्था गर्न सकिनेछ।

७. **<u>माध्यमिक तहमा पढाइ हुने शिक्षाका धार:</u>** माध्यमिक तहमा प्राविधिक शिक्षा, साधारण शिक्षा र परम्परागत शिक्षाका धार (स्ट्रीम) मा पढाइ हुन सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस ऐनको प्रयोजनको लागि "परम्परागत शिक्षा" भन्नाले संस्कृत धारमा पढाइ हुने विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, आश्रम तथा मदरसा लगायतका परम्परागत शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनु पर्छ।

८. **<u>शिक्षणको माध्यमभाषा</u>**: (१) शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अङ्ग्रेजी हुन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) मूल विषयमध्ये गणित, विज्ञान र कम्प्युटर विषय अङ्ग्रेजी भाषामा अध्यापन गराउनु पर्ने,

(ख) कुनै विदेशीले नेपालमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा निजले चाहेमा पाठ्यक्रममा निर्धारित भाषामध्ये कुनै एक भाषागत विषय अध्ययन गर्न सक्ने,

(ग) नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरु नेपाली वा मातृभाषाको माध्यमबाट अध्यापन गराउने।

९. **<u>शैक्षिक गुठी स्थापना गर्न सक्ने:</u>** (१) यस ऐन बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक गुठीको विधानमा कम्तीमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) शैक्षिक गुठी सञ्चालक समिति (बोर्ड अफ ट्रष्टि) सङ्गठित संस्था हुने,

(ख) सार्वजनिक वा निजी शैक्षिक गुठी खुलेको हुनु पर्ने,

(ग) सञ्चालक समिति (बोर्ड अफ ट्रष्टि) मा कम्तीमा पाँचजना सदस्य रहने,

(घ) शैक्षिक गुठीको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्ने तथा सोको लेखा परीक्षण मान्यताप्राप्त लेखापरीक्षकबाट हुने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था,

(च) सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने र सो विद्यालय बन्द भएमा त्यस्तो सम्पत्ति स्वतः सार्वजनिक सम्पत्ति कायम हुने व्यवस्था,

(छ) निजी शैक्षिक गुठीको तत्काल कायम रहेको गुठीका सञ्चालक (ट्रष्टि) ले आफ्नो जीवनकालमा वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने व्यवस्था।

१०. **विदेशी बोर्ड वा शिक्षण संस्थासँग आबद्ध भएका विद्यालयको सञ्चालनः** (१) नेपालस्थित कूटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(२) नेपालका विद्यालयमा पठनपाठन नहुने नवीनतम प्रविधिको कुनै खास विषयमा विदेशी बोर्ड वा शिक्षण संस्थासँग सम्बन्धन लिई निजी लगानीको विद्यालय स्थापना गर्न विदेशी कूटनीतिक नियोगको सिफारिस सहित निवेदन दिएमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कूटनीतिक नियोगबाट सञ्चालित विद्यालय र कूटनीतिक नियोगको सिफारिसमा मन्त्रालय वा नेपाल सरकारसँगको सम्झौता बमोजिम सञ्चालित विद्यालयले यसै ऐन बमोजिम अनुमति प्राप्त गरेको मानिनेछ।

(४) उपदफा (१) र (२) बमोजिम अनुमतिप्राप्त विद्यालयले नेपाल सरकारले तोकेको शर्त वा उपदफा (३) बमोजिमको विद्यालयले अनुमतिपत्र प्राप्त गर्दा सम्झौतामा उल्लिखित शर्त तथा मन्त्रालयले तोकेका अन्य शर्त पालना गर्नु पर्नेछ।

(५) उपदफा (४) मा तोकेको शर्त वा सम्झौता बमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम विद्यालय बन्द गर्ने आदेश दिनु अघि अध्ययनरत विद्यार्थीलाई अन्य कुनै विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

११. **विदेशमा नेपाली शैक्षिक कार्यक्रम सञ्चालनः** (१) कुनै व्यक्ति वा सङ्गठित संस्थाले विदेशस्थित विद्यालय वा शिक्षण संस्थामा नेपाली पाठ्यक्रम बमोजिम शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा मन्त्रालय समक्ष देहायको विवरण सहित निवेदन दिनु पर्नेछः-

(क) सम्बन्धित देशबाट प्राप्त अनुमति वा मनसायपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित मुलुक हेर्ने नेपाली कूटनीतिक नियोगको सिफारिस,

(ग) नेपाली पाठ्यक्रम सञ्चालन गर्न चाहेको विद्यालय वा शिक्षण संस्थाको स्वीकृति।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर मन्त्रालयले जाँचबुझ गर्दा उपयुक्त देखेमा त्यस्तो शैक्षिक कार्यक्रम सञ्चालनका लागि शर्त तोकी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम शैक्षिक कार्यक्रम सञ्चालनका लागि अनुमति पाएको विद्यालय वा शिक्षण संस्थाले अनुमतिपत्रमा तोकिएको शर्त पालना नगरेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र रद्द गर्नेछ।

(४) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अनुमतिपत्र प्राप्त विद्यालयले भाषा विषय बाहेकका अन्य विषय सम्बन्धित देशको भाषामा समेत अध्यापन गराउन सक्नेछ।

१२. **विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः** (१) विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने सम्बन्धी व्यवस्था विद्यालयको नक्साङ्कन तथा राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

(२) यस दफा बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने निर्णय गर्दा विद्यार्थीको पहुँच र भौगोलिक विकटता समेतलाई विचार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भए गरेको काम कारबाहीको जानकारी स्थानीय तहले राष्ट्रिय किताबखाना (शिक्षक) र शिक्षा विभागलाई दिनु पर्नेछ।

१३. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्गठित संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्गठित संस्था वा विदेशी व्यक्तिबाट नगद वा वस्तुगत सहायता प्राप्त गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषबाट विद्यालयको सबै खर्च ब्यहोरिनेछ।

(५) विद्यालयको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

१४. **विद्यालयको सम्पत्तिः** (१) सार्वजनिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ।

(२) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ। सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसक्ने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृतिमा स्थानीय तहले अर्को कुनै सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ।

(३) अनुमति रद्द वा बन्द गरिएको सार्वजनिक विद्यालयको सम्पत्ति तथा गाभिएको वा गाभिने सार्वजनिक विद्यालयले उपयोग गर्न नसक्ने सम्पत्ति स्थानीय तहले नेपाल सरकारको स्वीकृतिमा अन्य सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्था सञ्चालनको लागि उपयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(४) सार्वजनिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गतका विद्यालयको नाममा रहेको जग्गा बिक्री गर्न, हक हस्तान्तरण गर्न, धितो राख्न वा सट्टापट्टा गर्न पाइने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक विद्यालयको भवन, परिसर, खेल मैदानसँग जोडिएको कुनै व्यक्तिको जग्गासँग सार्वजनिक विद्यालयको जग्गा सट्टापट्टा गर्नु पर्ने भएमा नेपाल सरकारको स्वीकृतिमा सट्टापट्टा गर्न सकिनेछ।

(६) कुनै व्यक्ति वा संस्थाले सार्वजनिक विद्यालयलाई जुन प्रयोजनको लागि जग्गा दान दिएको हो सो प्रयोजन वा विद्यालयको काममा बाहेक अन्य काममा प्रयोग गर्न वा बिक्री गर्न पाइने छैन।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयले सरकारी वा सार्वजनिक जग्गामा विद्यालयको भौतिक संरचना निर्माण गरी भोगचलन गर्दै आएको रहेछ र त्यस्तो विद्यालय अन्य स्थानमा स्थानान्तरण गर्न उपयुक्त नहुने देखिएमा स्थानीय तहको सिफारिसमा त्यस्तो जग्गा सार्वजनिक विद्यालयले भोगचलन गर्न पाउने गरी नेपाल सरकारले स्वीकृति दिन सक्नेछ।

१५. **शुल्कः** (१) सार्वजनिक विद्यालयले विद्यार्थीसँग शुल्क लिन पाउने छैन।

(२) निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क लिन सक्नेछन्।

१६. **प्रधानाध्यापकः** (१) प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ।

(२) सार्वजनिक विद्यालयको प्रधानाध्यापकको छनोटका लागि जिल्ला स्थित शिक्षा कार्यालयको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको एक छनोट समिति रहनेछ र छनोट समितिका सदस्यमध्ये वरिष्ठ कर्मचारीले छनोट समितिको संयोजक भई काम गर्नेछ।

(३) उपदफा (२) बमोजिमको छनोट समितिले प्रधानाध्यापकको छनोट गर्दा देहाय बमोजिमका शिक्षकहरुमध्येबाट विद्यालय सञ्चालन तथा शैक्षिक गुणस्तर सुधार योजना समेतमा प्रस्तुति गर्न लगाई खुला प्रतिस्पर्धाका आधारमा छनोट गर्नु पर्नेछः-

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकको हकमा सम्बन्धित स्थानीय तहभित्रका माध्यमिक तहमा अध्यापन गर्ने स्थायी शिक्षकहरुमध्येबाट, र

(ख) आधारभूत विद्यालयको प्रधानाध्यापकको हकमा सम्बन्धित स्थानीय तहभित्रका आधारभूत तहमा अध्यापन गर्ने स्थायी शिक्षकहरुमध्येबाट।

(४) उपदफा (२) बमोजिमको छनोट समितिले छनोट गरेको शिक्षकलाई सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले प्रधानाध्यापकमा काम काज गर्न तोक्नेछ।

(५) यस दफा बमोजिम प्रधानाध्यापकको छनोट सम्बन्धी पाठ्यक्रम र अन्य मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **विद्यालय व्यवस्थापन समितिः** (१) प्रत्येक सार्वजनिक विद्यालयमा अभिभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजिवी, शिक्षाप्रेमी तथा समाजसेवी मध्येबाट कम्तीमा दुई जना महिला समेत रहने गरी समावेशी सिद्धान्तको आधारमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) मा उल्लिखित विद्यालय बाहेक अन्य विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन त्यस्तो विद्यालय सञ्चालन गर्ने कम्पनीको प्रवन्धपत्र तथा नियमावली वा शैक्षिक गुठीको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको संयोजक र सदस्यहरुको छनोट तथा विद्यालय व्यवस्थापन समितिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम बमोजिम हुनेछ।

१८. **लिखत रजिष्ट्रेशन गर्दा छुट हुनेः** (१) सार्वजनिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिमको विद्यालय बाहेकका अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम रजिष्ट्रेशन दस्तुर छुट दिन सकिनेछ।

१९. **अनुमति रद्द गर्नेः** विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा स्थानीय तहले त्यस्तो विद्यालयको अनुमति रद्द गर्न सक्नेछ।

तर त्यसरी अनुमति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

२०. **प्रारम्भिक बालविकास केन्द्रः** (१) स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रलाई सम्बन्धित स्थानीय तहले प्रत्येक विद्यालयमा एकभन्दा बढी नहुने गरी समायोजन तथा पुनर्वितरण गर्न सक्नेछ।

(३) प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम सहयोगी कार्यकर्ताको पारिश्रमिक श्रमसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुने गरी गर्नु पर्नेछ।

२१. **शिक्षा विभाग:** (१) विद्यालय शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न वा गराउन तथा विद्यालय शिक्षा सम्बन्धमा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा विभाग रहनेछ।

(२) शिक्षा विभागको प्रमुखको रूपमा महानिर्देशक रहनेछ।

(३) विभागको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **शिक्षा कार्यालय:** (१) प्रत्येक जिल्लामा शिक्षा कार्यालय रहनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा कार्यालयको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,

(ख) विद्यालय नक्साङ्कन सम्बन्धी काम गर्ने,

(ग) विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन सम्बन्धी कार्यको सहजीकरण गर्ने,

(घ) जिल्लाको शैक्षिक तथ्याङ्क सङ्कलन गर्ने,

(ङ) विद्यालय शिक्षामा कार्यरत शिक्षक तथा अन्य जनशक्तिको क्षमता विकास सम्बन्धी कार्य गर्ने,

(च) सार्वजनिक विद्यालयको सम्पत्तिको अभिलेख राख्ने,

(छ) स्थानीय तहसँग समन्वय गरी सार्वजनिक विद्यालय, शिक्षक तथा विद्यार्थीको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ज) मूल्याङ्कनबाट उत्कृष्ट देखिएका शिक्षक तथा विद्यालयलाई पुरस्कार तथा प्रोत्साहनको सिफारिस गर्ने,

(झ) नेपाल सरकार, प्रदेश सरकार, बोर्ड र आयोगले तोकेका अन्य कार्य गर्ने।

(३) शिक्षा कार्यालयमा सङ्घीय निजामती सेवाका कर्मचारी रहनेछन्।

(४) उपदफा (२) बमोजिमको काम कारबाही गर्दा शिक्षा कार्यालयले प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ।

## परिच्छेद-३

## राष्ट्रिय पाठ्यक्रम, पाठ्यसामग्री र शैक्षिक गुणस्तर

२३. **राष्ट्रिय पाठ्यक्रम परिषद्:** (१) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा, पाठ्यक्रम संरचना, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न एक राष्ट्रिय पाठ्यक्रम परिषद् रहनेछ।

(२) राष्ट्रिय पाठ्यक्रम परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव (विद्यालय शिक्षा हेर्ने), मन्त्रालय -सदस्य

(घ) महानिर्देशक, शिक्षा विभाग -सदस्य

(ङ) प्रमुख, शैक्षिक गुणस्तर परीक्षण केन्द्र -सदस्य

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(च) सदस्य सचिव, बोर्ड -सदस्य

(छ) प्रमुख, त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्र -सदस्य

(ज) विश्वविद्यालयका शिक्षा शास्त्र संकायका डिनहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना -सदस्य

(झ) प्रशासकीय प्रमुख, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् -सदस्य

(ञ) पाठ्यक्रम सम्बन्धी विज्ञहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिलासहित तीन जना -सदस्य

(ट) अध्यक्ष, नेपाल शिक्षक महासंघ -सदस्य

(ठ) निजी लगानी विद्यालयका सञ्चालक मध्येबाट मन्त्रालयले मनोनित गरेको एकजना -सदस्य

(ड) प्रमुख, पाठ्यक्रम विकास केन्द्र - सदस्य सचिव

(३) उपदफा (१) को खण्ड (ज), (ञ) र (ठ) बमोजिमका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ। निजहरु पुनः एक पटक मनोनीत हुन सक्नेछन्।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) राष्ट्रिय पाठ्यक्रम परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(६) राष्ट्रिय पाठ्यक्रम परिषद्को बैठकमा सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) राष्ट्रिय पाठ्यक्रम परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) राष्ट्रिय पाठ्यक्रम परिषद्को सचिवालयको काम पाठ्यक्रम विकास केन्द्रले गर्नेछ।

२४. **<u>राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकारः</u>** राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय तहमा अध्यापन हुने सामान्य तथा प्राविधिक विषयको पहिचान गर्ने,

(ख) विद्यालयमा लागू गरिने राष्ट्रिय पाठ्यक्रम प्रारुप, पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने,

(ग) पाठ्यक्रम निर्माणको लागि प्रक्रिया निर्धारण गरी आवश्यकता अनुसार विषयगत समिति वा उपसमिति गठन गर्ने,

(घ) पाठ्यसामग्री लेखन तथा निर्माण सम्बन्धी लेखक तथा विज्ञ छनोटको मापदण्ड निर्धारण गर्ने,

(ङ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको गुणस्तर सुधार गर्ने,

(च) पाठ्यक्रम तथा पाठ्यसामग्री व्यावहारिक, व्यावसायिक, उपयोगी र शिक्षामूलक भए नभएको परीक्षण गर्ने वा गराउने,

(छ) स्थानीय पाठ्यक्रम विकास सम्बन्धी कार्यविधि तथा निर्देशिका तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ज) पाठ्यक्रमको विकास तथा त्यसको गुणस्तरको सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२५. **पाठ्यक्रम विकास केन्द्रः** (१) विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्न तथा सोका लागि आवश्यक पर्ने नीति, योजना र मापदण्ड निर्धारण गर्नका लागि राष्ट्रिय पाठ्यक्रम परिषद् तथा मन्त्रालयलाई सहजीकरण गर्न मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्रको प्रमुखको रूपमा नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत रहनेछ।

(३) पाठ्यक्रम विकास केन्द्रको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **शैक्षिक गुणस्तर परीक्षण केन्द्रः** (१) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षण, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धिको परीक्षण गरी प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सार्वजनिक गरेको विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको प्रतिवेदन समेतलाई आधार मान्नु पर्नेछ।

## परिच्छेद-४

## परीक्षा सञ्चालन तथा व्यवस्थापन

२७. **परीक्षा सञ्चालन तथा व्यवस्थापनः** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको मूल विषयको प्रश्नपत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको प्रश्नपत्र स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही निर्माण गर्नेछ।

२८. **बोर्डको गठनः** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तर नियन्त्रणको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परीक्षा बोर्ड रहनेछ।

(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति | - अध्यक्ष |
| (ख) | सचिव, मन्त्रालय | - उपाध्यक्ष |
| (ग) | सहसचिव (विद्यालय शिक्षा हेर्ने), मन्त्रालय | - सदस्य |
| (घ) | महानिर्देशक, शिक्षा विभाग | - सदस्य |
| (ङ) | प्रमुख, पाठ्यक्रम विकास केन्द्र | - सदस्य |
| (च) | प्रशासकीय प्रमुख, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् | - सदस्य |

(छ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ज) सार्वजनिक तथा निजी लगानीका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(झ) शिक्षा प्रशासन वा प्राध्यापन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरी परीक्षा सम्बन्धी विशेषज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(ञ) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठतम् अधिकृतमध्येबाट मन्त्रालयले तोकेको अधिकृत - सदस्य सचिव

(३) बोर्डको अध्यक्षको नियुक्तिको लागि राष्ट्रिय योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा मन्त्रालयको सचिव र ख्यातिप्राप्त शिक्षाविदहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना महिला सहितको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ।

(४) बोर्डको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र मनोनीत सदस्य पुनः एक पटक मनोनीत हुन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा अध्यक्षको हकमा नेपाल सरकारले र मनोनीत सदस्यको हकमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको बोर्डको अध्यक्ष र सदस्य यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ र निज नियुक्ति हुँदाका बखत तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।

(७) बोर्डको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२९. **<u>बोर्ड स्वशासित र सङ्गठित संस्था हुने</u>**ः (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) बोर्डले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

३०. **<u>बोर्डको काम, कर्तव्य र अधिकारः</u>** (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय मापदण्डको अधीनमा रही माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन, व्यवस्थापन, नियन्त्रण, समन्वय, नतिजा प्रकाशन र प्रमाणीकरण गर्ने, गराउने,

(ख) विद्यालय तहको परीक्षा सम्बन्धी नीति निर्धारणका लागि मन्त्रालयलाई आवश्यक परामर्श उपलब्ध गराउने,

(ग) बोर्डको योजना र वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डलाई कार्यसम्पादन गर्न आवश्यक पर्ने आर्थिक स्रोत जुटाउने,

(ङ) परीक्षाका लागि चाहिने परीक्षा साधन (टेष्ट आईटम) निर्माण र स्तरीकरण गर्ने,

(च) परीक्षा र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, नयाँ विधि, प्रणाली र कार्य ढाँचाको विकास गर्ने,

(छ) परीक्षाको मर्यादा र गुणस्तर कायम भए, नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने, गराउने,

(ज) परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण सम्बन्धी प्राविधिक विषयमा सहजीकरण गर्ने ।

(२) बोर्डको परीक्षा सम्बन्धी अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३१. **बोर्डको कार्यालय:** बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका बोर्ड अन्तर्गतका शाखा कार्यालयहरू आवश्यकता अनुसार रहन सक्नेछन्।

३२. **बोर्डको अध्यक्ष तथा सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** (१) बोर्डको अध्यक्ष पूर्णकालीन काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) बोर्डको सदस्य सचिव पूर्णकालीन काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजले परीक्षा नियन्त्रकको समेत काम गर्नेछ।

(३) बोर्डको अध्यक्ष तथा सदस्य सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) बोर्डको अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

३३. **बोर्डका कर्मचारी सम्बन्धी व्यवस्था:** (१) बोर्डमा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी बमोजिमका कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको खर्च बोर्डको कोषबाट ब्यहोरिनेछ।

(३) मन्त्रालयले आवश्यकता अनुसार बोर्डमा कर्मचारी खटाउन सक्नेछ।

(४) बोर्डमा रहने कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **बोर्डको कोष:** (१) बोर्डको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विद्यार्थीको परीक्षा आवेदन र रजिष्ट्रेशन बापत प्राप्त हुने रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्गठित संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(घ) स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि बोर्डले नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) बोर्डको सदस्य सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट बोर्डको कोष सञ्चालन हुनेछ।

(६) उपदफा (१) बमोजिमको कोषबाट बोर्डको सबै खर्च ब्यहोरिनेछ।

(७) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ र मन्त्रालयले चाहेमा जुनसुकै बखत बोर्डको हिसाब किताब जाँच गर्न, गराउन सक्नेछ।

(८) बोर्डको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

३५. **अभिलेख राख्ने:** बोर्डले देहायका विवरणको अभिलेख राख्नु पर्नेछः-

(क) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै परीक्षा नियन्त्रण कार्यालय, उच्च माध्यमिक शिक्षा परिषद् र बोर्डबाट सञ्चालन भएका परीक्षाको नतिजा तथा सोसँग सम्बन्धित परीक्षार्थीको विवरण,

(ख) यो ऐन प्रारम्भ भएपछि बोर्डबाट सञ्चालन हुने परीक्षाको नतिजा र सोसँग सम्बन्धित परीक्षार्थीको विवरण।

३६. **निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

३७. **अधिकार प्रत्यायोजन:** बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अध्यक्ष, सदस्य, सदस्य सचिव वा अधिकृत कर्मचारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. **वार्षिक प्रतिवेदन पेस गर्ने:** बोर्डले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-५

## सार्वजनिक विद्यालयका शिक्षक दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्था

३९. **विद्यालय शिक्षक सेवाको गठन:** (१) सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवाको गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको विद्यालय शिक्षक सेवाभित्र देहायका तहहरू रहनेछन्:-

(क) आधारभूत तह, र

(ख) माध्यमिक तह।

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको आधारभूत तहलाई देहाय बमोजिम विभाजन गरिएको छः-

(क) कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण, र

(ख) कक्षा ६ देखि कक्षा आठसम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत।

४०. **शिक्षकको श्रेणी विभाजन:** (१) सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन गरिनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका तह र श्रेणीका शिक्षक यसै ऐन बमोजिम समान तह र श्रेणीमा कायम हुनेछन्।

४१. **शिक्षकको पद र श्रेणी विभाजन:** शिक्षकको पद र श्रेणी विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **शिक्षकको दरबन्दी:** (१) सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको स्वीकृत शिक्षक दरबन्दी यसै ऐन बमोजिम भएको मानिनेछ।

(३) विशेष शिक्षा दिने विद्यालय वा स्रोत कक्षाका लागि अपाङ्गताको प्रकृति अनुसार सहजीकरण गर्न सक्ने विशेष दक्षता भएका शिक्षकको दरबन्दी रहनेछ।

(४) विद्यालयमा शिक्षक तथा विद्यार्थीको अनुपात र शिक्षक दरबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **शिक्षक दरबन्दी मिलान तथा हस्तान्तरणः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि मन्त्रालयले प्रत्येक स्थानीय तहसँग सम्बन्धित स्थानीय तहभित्रका विद्यालय, विद्यालयमा कार्यरत शिक्षक तथा स्वीकृत दरबन्दीको विवरण माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम माग भएको विवरण सम्बन्धित स्थानीय तहले पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुनेछन्।

(५) उपदफा (४) बमोजिम परिणत भएको दरबन्दीमा आयोगको सिफारिसमा स्थानीय तहले पदपूर्ति गर्नेछ।

(६) यस ऐन बमोजिम हस्तान्तरण भएका शिक्षक कुनै कारणले सेवाबाट अलग भएमा यस ऐनको अधीनमा रही निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्नेछ। त्यस्तो रकम उपलब्ध गराउँदा निज बहाल रहेको सेवा शर्त सम्बन्धी तत्काल प्रचलित कानून बमोजिम पाउने सुविधाभन्दा घटी नहुने गरी उपलब्ध गराइनेछ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको शिक्षकलाई यस उपदफा बमोजिमको कुनै सुविधा दिइने छैन।

(७) यस दफा बमोजिम दरबन्दी मिलान तथा हस्तान्तरण भएका शिक्षकलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयको आवश्यकताका आधारमा पुनर्वितरण गरी पठनपाठनलाई व्यवस्थित गर्न सक्नेछ।

(८) यस दफा बमोजिम दरबन्दी मिलान तथा हस्तान्तरण भएका शिक्षकको सेवा अवधि गणना गर्दा दरबन्दी मिलान तथा हस्तान्तरण हुनु अघि निज स्थायी शिक्षक भए शत प्रतिशत र अस्थायी वा करारमा स्वीकृत दरवन्दीमा रही स्थायी भएकोमा वा राहत अनुदान कोटाको शिक्षक स्थायी भएकोमा त्यस्तो अस्थायी, करार वा राहत अनुदान कोटामा अविच्छिन्न सेवा गरेको अवधिको पचास प्रतिशत सेवा अवधि स्थायी सेवामा जोडिनेछ र त्यस्तो जोडिने सेवा अवधि बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको प्रयोजनका लागि गणना गरिनेछ।

तर अस्थायी वा करारमा स्वीकृत दरवन्दीमा वा राहत अनुदान कोटामा कार्यरत शिक्षकको हकमा कम्तीमा एक वर्ष अविच्छिन्न अध्यापन नगरेको भएमा त्यस्तो सेवा अवधि गणना गरिने छैन।

(९) यो ऐन प्रारम्भ भएपछि रिक्त हुन आउने शिक्षक दरबन्दीको पदपूर्ति आयोगको सिफारिसमा स्थानीय तहले गर्नेछ।

४४. **विद्यालय शिक्षक सेवाको पदपूर्ति:** (१) विद्यालय शिक्षक सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

(क) आधारभूत तहः साधारण तथा विषयगत शिक्षक

| श्रेणी | खुला प्रतियोगिताद्वारा | आन्तरिक प्रतियोगिताद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा |
|---|---|---|---|---|
| तृतीय | १०० प्रतिशत | - | - | - |
| द्वितीय | - | २० प्रतिशत | ६० प्रतिशत | २० प्रतिशत |
| प्रथम | - | २० प्रतिशत | ६० प्रतिशत | २० प्रतिशत |

(ख) माध्यमिक तहः कक्षा नौदेखि बाह्रसम्मका लागि विषयगत शिक्षक

| श्रेणी | खुला प्रतियोगिताद्वारा | आन्तरिक प्रतियोगिताद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा |
|---|---|---|---|---|
| तृतीय | ७० प्रतिशत | ३० प्रतिशत | - | - |
| द्वितीय | ३० प्रतिशत | २० प्रतिशत | ३० प्रतिशत | २० प्रतिशत |
| प्रथम | - | २० प्रतिशत | ५० प्रतिशत | ३० प्रतिशत |

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि शिक्षक सेवा आयोगबाट सञ्चालन हुने परीक्षामा भाग लिन उमेर हद लाग्ने छैन।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४३ को उपदफा (४) बमोजिम कायम भएको कुल दरबन्दीको पचास प्रतिशत सिटमा यो ऐन प्रारम्भ हुँदाका बखत राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकहरुमध्येबाट सीमित प्रतिस्पर्धाका आधारमा र बाँकी पचास प्रतिशत सिटमा खुला प्रतियोगिताका आधारमा परीक्षा लिई आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ।

(४) उपदफा (३) बमोजिम राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटाका लागि छुट्याइएको पचास प्रतिशत सिटमा सो वर्षको विज्ञापनमा पदपूर्ति हुन नसकेमा अर्को वर्ष खुला प्रतियोगिताको आधारमा हुने विज्ञापनबाट बाँकी सिटमा पूर्ति गरिनेछ।

(५) उपदफा (३) बमोजिमको सीमिति प्रतिस्पर्धामा अनुतिर्ण हुने राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षकले निजले गरेको सेवा अवधिको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आर्थिक सुविधा प्राप्त गर्न सक्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कक्षा एघार र बाह्रमा अध्यापन गरिरहेका शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि आयोगबाट लिइने माध्यमिक तहको तृतीय र द्वितीय श्रेणीको खुला तर्फको विज्ञापनमा भाग लिन उमेर हद लाग्ने छैन।

(७) उपदफा (१) को खण्ड (क) को आधारभूत तहको विषयगततर्फ द्वितीय र प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता

भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेका आधारभूत तहमा कार्यरत एक श्रेणी मुनिका स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।

(८) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तह द्वितीय श्रेणीको खुला प्रतियोगिताबाट पूर्ति हुने पदमा कम्तीमा माध्यमिक तहको तृतीय श्रेणी वा सो सरहको शिक्षक पदमा पाँच वर्ष अध्यापन गरेको शिक्षकहरुमध्येबाट प्रतिस्पर्धाको आधारमा पदपूर्ति गरिनेछ।

तर त्यस्तो शिक्षकले कुनै विद्यालयमा एक बर्षभन्दा कम अवधि अध्यापन गरेको भएमा त्यस्तो सेवा अवधि गणना गरिने छैन।

(९) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने तीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेका आधारभूत तहमा कार्यरत स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।

(१०) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेका एक श्रेणी मुनिका स्थायी विषयगत शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी शिक्षकले समान पदमा प्रतिस्पर्धा गर्न पाउने छैन।

(१२) शिक्षक सेवाको पदपूर्ति र वढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **<u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्था</u>**ः (१) विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन दफा ४४ को उपदफा (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूमात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम महिलाहरूमात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पचास प्रतिशत पदलाई शत प्रतिशत मानी देहायका समूहका महिला उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | |
|---|---|
| (क) खस आर्य | -सत्ताईस दशमलब सात प्रतिशत |
| (ख) आदिवासी/जनजाति | -पच्चीस दशमलब सात प्रतिशत |
| (ग) मधेसी | -पन्ध्र दशमलब तीन प्रतिशत |
| (घ) दलित | -बाह्र दशमलब सात प्रतिशत |
| (ङ) थारु | -छ दशमलब छ प्रतिशत |
| (च) अपाङ्गता भएका व्यक्ति | -चार प्रतिशत |
| (छ) पिछडिएको क्षेत्रका वासिन्दा | -चार प्रतिशत |
| (ज) मुस्लिम | -चार प्रतिशत |

**<u>स्पष्टीकरण</u>**ः खण्ड (छ) र उपदफा (३) को खण्ड (छ) को प्रयोजनका लागि "पिछडिएको क्षेत्रका वासिन्दा" भन्नाले तोकिए बमोजिमका स्थानीय तहमा स्थायी रुपमा वसोवास गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी पचास प्रतिशत पदलाई शत प्रतिशत मानी देहायका समूहका उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) आदिवासी जनजाति -बत्तीस दशमलब पाँच प्रतिशत

(ख) मधेसी -उन्नाईस प्रतिशत

(ग) दलित -पन्ध्र दशमलब पाँच प्रतिशत

(घ) विपन्न खस आर्य -दश प्रतिशत

(ङ) थारु -नौ प्रतिशत

(च) पिछडिएको क्षेत्रका वासिन्दा -पाँच प्रतिशत

(छ) मुस्लिम -पाँच प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति -चार प्रतिशत

**स्पष्टीकरण**ः खण्ड (ग) को प्रयोजनका लागि "विपन्न खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त खस आर्य समुदायको व्यक्ति र त्यसरी परिचयपत्र उपलब्ध नगराएसम्मका लागि तोकिए बमोजिम भन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरी पठाएको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ।

(४) उपदफा (२) बमोजिम कुनै समूहको महिलाका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पदमा सोही उपदफा बमोजिम अन्य समूहको महिलाका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कुनै समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा सोही उपदफा बमोजिम अन्य समूहका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ।

(६) उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५) बमोजिम समेत पूर्ति हुन नसकेमा त्यस्तो पदमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ।

(७) यस दफा बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एकपटक मात्र लिन पाउनेछ।

(८) उपदफा (२) वा (३) बमोजिमको समूहका लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेस गर्नु पर्नेछ।

(९) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको समूहमा प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानून बमोजिमको पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता वा मध्यम अशक्त अपाङ्गताको प्रमाणपत्र समेत पेस गर्नु पर्नेछ।

(१०) यस दफा बमोजिमको प्रतिशतका आधारमा पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा आयोगको निर्णय अन्तिम हुनेछ।

(११) यस दफा बमोजिमको प्रावधान प्रत्येक दश वर्षमा पुनरावलोकन गरिनेछ।

४६. **आयोगको सिफारिसमा नियुक्ति हुने**: (१) खुला प्रतियोगिता र आन्तरिक प्रतियोगिताद्वारा पूर्ति हुने पदमा आयोगको सिफारिसमा शिक्षकको नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्तिको लागि आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ।

४७. **पदपूर्तिका लागि माग गर्ने**: (१) विद्यालय शिक्षक सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले त्यसरी पद रिक्त भएको मितिले सात दिनभित्र सोको विवरण स्थानीय तहमा पठाउनु पर्नेछ।

(२) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शिक्षा हेर्ने अधिकृतले शिक्षक सेवा आयोगले स्वीकृत गरेको कार्यतालिका बमोजिम विज्ञापन गर्ने मितिभन्दा कम्तीमा एक महिना अघि पदपूर्तिका लागि शिक्षक सेवा आयोगमा पठाउनु पर्नेछ।

(३) स्थानीय तहले शिक्षक सेवाको पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुने पद र सो शैक्षिक सत्रभित्र अनिवार्य अवकाशबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको अवधिभित्र रिक्त पदको जानकारी नगराउने प्रधानाध्यापक तथा कर्मचारीलाई विभागीय कारबाही हुनेछ।

४८. **नियुक्ति र पदस्थापन:** (१) आयोगबाट शिक्षक सेवाको पदमा सिफारिस भई आएको व्यक्तिलाई गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले नियुक्ति गर्नु पर्नेछ।

(२) आयोगले सिफारिस गरेको योग्यताक्रमका आधारमा शिक्षकको पदस्थापन गर्नु पर्नेछ।

(३) अपाङ्गता भएका शिक्षकलाई सम्भव भएसम्म पायक पर्ने विद्यालयमा पदस्थापन गर्नु पर्नेछ।

४९. **व्यक्तिगत विवरण**: (१) विद्यालय शिक्षक सेवामा नियुक्ति भएको शिक्षकले नियुक्ति भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी सम्बन्धित विद्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित विद्यालयले स्थानीय तहमा पठाउनु पर्नेछ र स्थानीय तहले प्राप्त गरेको त्यस्तो विवरण पन्ध्र दिनभित्र राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्नेछ।

(३) राष्ट्रिय किताबखाना (शिक्षक) ले व्यक्तिगत विवरण प्राप्त भएको मितिले एक महिनाभित्र दर्ता गरी अभिलेख राख्नु पर्नेछ।

(४) शिक्षकको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको हुनेछ।

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित शिक्षकको हुनेछ।

५०. **शिक्षकको योग्यता:** (१) देहायको योग्यता भएको व्यक्ति शिक्षक पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) नेपाली नागरिक,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) आधारभूत तहको साधारण शिक्षकको हकमा जुनसुकै विषयमा स्नातक तह तथा विषयगत शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातक तह र माध्यमिक तहको शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ग) अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

(घ) एक्काईस वर्ष उमेर पूरा भई पैंतीस वर्ष पूरा नभएको,

तर,

(१) स्थायी शिक्षकलाई खुला प्रतियोगितामा भाग लिन उमेरको हद लाग्ने छैन।

(२) महिलाको हकमा चालीस वर्षसम्म उम्मेदवार हुन सक्नेछ।

(३) अपाङ्गता भएका उम्मेदवार मात्र प्रतिस्पर्धा गर्ने पदमा चालीस वर्षसम्म उम्मेदवार हुन सक्नेछ।

(४) माध्यमिक तह द्वितीय श्रेणीको खुला प्रतियोगिता तर्फ पैतालीस वर्ष पूरा नभएको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(ङ) दफा ५१ बमोजिम अयोग्य नभएको।

(२) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित योग्यता यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत शिक्षकको हकमा लागू हुने छैन र त्यस्तो शिक्षकलाई आफू बहाल रहेको तहमा अध्यापन गर्न सो व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा प्रदान गर्ने शिक्षकको योग्यता तोकिए बमोजिम हुनेछ।

५१. **<u>उम्मेदवार हुनको लागि अयोग्यता</u>**: देहायको व्यक्ति विद्यालय शिक्षक सेवाको पदमा उम्मेदवार हुन अयोग्य हुनेछः-

(क) दफा ५० बमोजिमको योग्यता नभएको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(ग) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

५२. **<u>परीक्षणकाल</u>**: (१) विद्यालय शिक्षक सेवाको पदमा नियुक्ति गर्दा एक वर्ष परीक्षणकालमा रहने गरी गरिनेछ।

तर महिला शिक्षकको हकमा ६ महिनाको परीक्षणकाल हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा नियुक्ति दिने अधिकारीले निजको नियुक्ति बदर गर्न सक्नेछ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका शिक्षकको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

(४) यस दफा बमोजिम शिक्षक सेवामा एक पटक परीक्षण काल पूरा गरेको शिक्षकलाई पुनः परीक्षणकालमा राखिने छैन।

## परिच्छेद-६

## सार्वजनिक विद्यालयका शिक्षकको पारिश्रमिक, सेवा, शर्त र सुविधा

५३. **तलब, भत्ता**: (१) शिक्षकले विद्यालयमा हाजिर भएको दिनदेखि नेपाल सरकारले निर्धारण गरे बमोजिमको तलब, भत्ता पाउनेछ।

(२) प्रत्येक स्थायी शिक्षकले एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ।

तर त्यस्तो तलबवृद्धि तोकिएको सङ्ख्यामा नबढ्ने गरी निश्चित अवधि वा वर्षसम्म मात्र थप गर्दै लगिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिक्षकको हकमा तत्काल प्रचलित कानून बमोजिम पाउने सेवा, शर्त र सुविधामा प्रतिकूल असर पर्ने गरी कुनै परिवर्तन गरिने छैन।

(४) शिक्षकले पकाएको तलब, भत्ता निज जुनसुकै तरिकाले विद्यालय शिक्षक सेवामा नरहे पनि पाउनेछ।

(५) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि शिक्षकको तलब, भत्ता कट्टा गरिने छैन।

(६) बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित भएको शिक्षकले विद्यालयमा अनुपस्थित भएको अवधिको कुनै सुविधा प्राप्त गर्न सक्ने छैन।

५४. **निलम्बन भएमा पाउने तलब**: (१) कुनै शिक्षक छानबिन वा विभागीय कारबाहीको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ।

तर निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब तथा तलव वृद्धि हुने भएमा सो समेत पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै शिक्षक निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

५५. **चाडपर्व खर्च**: शिक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रुपमा पाउनेछ।

५६. **सञ्चय कोष**: स्थायी शिक्षकको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गर्नु पर्नेछ।

५७. **सावधिक जीवन बीमा**: नेपाल सरकारले शिक्षकको योगदानमा आधारित तोकिए बमोजिम सावधिक जीवन बीमा गर्नेछ।

५८. **उपचार खर्च**: (१) शिक्षकले सेवा अवधिभरमा माध्यमिक तहको शिक्षक भए बाह्र महिना बराबरको, आधारभूत तहको कक्षा ६ देखि कक्षा आठसम्मको शिक्षक भए अठार महिना बराबरको र कक्षा एकदेखि पाँचसम्मको शिक्षक भए एक्काईस महिना बराबरको उपचार खर्च पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिक्षकको हकमा तत्काल प्रचलित कानून बमोजिम पाइरहेको सुविधा भन्दा कम हुने गरी उपचार खर्च दिइने छैन।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

२०

(३) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अन्य जुनसुकै कारणले विद्यालय शिक्षक सेवाबाट अलग हुँदा यस दफा बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ।

५९. **<u>शिक्षकले पाउने बिदा:</u>** (१) शिक्षकले देहायका बिदाहरू तोकिए बमोजिम लिन पाउनेछन्:-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) बिरामी बिदा,

(ग) प्रसुति बिदा,

(घ) प्रसुति स्याहार बिदा,

(ङ) किरिया बिदा,

(च) अध्ययन बिदा, र

(छ) असाधारण बिदा ।

(२) बिदा अधिकार नभई सुविधाको रुपमा मात्र लिन सकिनेछ।

## परिच्छेद-७

## सार्वजनिक विद्यालयका शिक्षकको सरूवा र बढुवा सम्बन्धी व्यवस्था

६०. **<u>शिक्षकको सरुवा:</u>** (१) स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा शिक्षक सरुवा गर्न सक्नेछ। त्यसरी सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्नेछ।

(२) एक स्थानीय तहको सार्वजनिक विद्यालयबाट अर्को स्थानीय तहको सार्वजनिक विद्यालयको रिक्त शिक्षक पदमा सरुवाको लागि कुनै स्थायी शिक्षकले निवेदन दिएमा र रिक्त पद तथा विषयसमेत मिल्ने भएमा कार्यरत रहेको स्थानीय तहको सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले त्यस्तो शिक्षकको सरुवा गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरुवा भई आउने विद्यालयको त्यस्तो रिक्त पदमा पदपूर्तिको लागि विज्ञापन भएको वा पदपूर्तिका लागि माग गरी पठाएको भएमा सो पदमा सरुवा गर्न सकिने छैन।

(४) अपाङ्गता भएको शिक्षकको सरुवा गर्दा सम्भव भएसम्म निजलाई पायक पर्ने स्थानमा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम एक स्थानीय तहको सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकलाई अर्को स्थानीय तहको सार्वजनिक विद्यालयमा सरुवा गर्दा नियुक्ति भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन।

(६) यस दफा बमोजिम सरुवा भएका शिक्षकको राष्ट्रिय किताबखाना (शिक्षक) मा त्यस्तो सरुवाको विवरण विद्युतीय माध्यमबाट अद्यावधिक गरी सकेपछि मात्र रमाना दिनु पर्नेछ।

६१. **<u>शिक्षकको बढुवा:</u>** (१) शिक्षकको बढुवा देहायको आधारमा गरिनेछ:-

(क) आन्तरिक प्रतियोगिता,

(ख) कार्यक्षमताको मूल्याङ्कन,

(ग) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन।

(२) उपदफा (१) बमोजिम बढुवा गर्दा आधारभूत तहको साधारण तर्फ जिल्लागत आधारमा र आधारभूत तहको विषयगत तथा माध्यमिक तह तर्फ प्रदेशगत आधारमा बढुवा गरिनेछ।

(३) कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाको आधार र त्यसको अङ्क भार देहाय बमोजिम हुनेछः-

(क) ज्येष्ठता बापत - तीस अङ्क,

(ख) कार्यसम्पादन (विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन) बापत - चालीस अङ्क,

(ग) शैक्षिक योग्यता बापत - बीस अङ्क,

(घ) तालीम बापत - दश अङ्क।

(४) कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई बढुवा गरिनेछ।

(५) एक भन्दा बढी उम्मेदवारहरु बीच अङ्क बराबर भएमा ज्येष्ठताको आधारमा बढुवा गरिनेछ र ज्येष्ठताको निर्धारण दफा ६८ को उपदफा (२) बमोजिम गरिनेछ।

(६) सार्वजनिक विद्यालय शिक्षकको बढुवाका लागि तालीमको अङ्क गणना गर्दा बढुवा हुने श्रेणीको पद भन्दा एक तह मुनिको श्रेणीको पदमा लिएको तालीमको मात्र गणना गरिनेछ।

(७) ज्येष्ठता, शैक्षिक योग्यता तथा तालीम वापतको अङ्क प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **बढुवा समिति**ः (१) विद्यालय शिक्षक सेवाको आधारभूत र माध्यमिक तहको बढुवाद्वारा पूर्ति हुने रिक्त पदका लागि सिफारिस गर्न देहाय बमोजिमको एक बढुवा समिति रहनेछः-

(क) सचिव, प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) आयोगले तोकेको प्रतिनिधि -सदस्य

(ग) निर्देशक, प्रदेश सरकारको शिक्षा विकास निर्देशनालय –सदस्य सचिव

(२) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको बढुवा समितिको सचिवालय प्रदेश सरकारको शिक्षा विकास निर्देशनालयमा रहनेछ।

(४) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

६३. **बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता**ः (१) बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदमा बढुवाको लागि दरखास्त आह्वान हुनुभन्दा अघिको शैक्षिक सत्रसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) आधारभूत तहको लागि चार वर्ष,

(ख) माध्यमिक तहको लागि पाँच वर्ष।

(२) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी तथा तहको लागि तोकिए बमोजिमको विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिक्षकको हकमा निज सेवा प्रवेश गर्दाको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

६४. **<u>बढुवाको लागि उम्मेदवार हुन नपाउने</u>**: दफा ६३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि शिक्षक देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि उम्मेदवार हुन पाउने छैन:-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर।

६५. **<u>बढुवा नियुक्ति रोक्का</u>**: (१) बढुवाका लागि सिफारिस भइसकेको कुनै शिक्षक बढुवा नियुक्ति लिनु भन्दा अगावै कुनै कारणले निलम्बन भएमा निलम्बन भएको अवधिभर, निजको बढुवा रोक्का वा तलबवृद्धि रोक्का भएमा बढुवा रोक्का वा तलववृद्धि रोक्का भएको अवधिभर वा निजले नसिहत पाएमा एक वर्षसम्म निजको बढुवा नियुक्ति रोक्का गर्नु पर्नेछ। त्यसरी बढुवा रोक्का वा तलबवृद्धि रोक्का फुकुवा भएको वा नसिहत पाएको अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिनु पर्नेछ।

(२) निलम्बन भई बढुवा नियुक्ति रोक्का भएको शिक्षकले लागेको आरोपबाट सफाइ पाएमा वा निलम्बन फुकुवा भएमा निजको बढुवा नियुक्ति रोक्का नभए सरह बढुवा भएको पदको ज्येष्ठता कायम गरिनेछ।

६६. **<u>कार्यसम्पादनको मूल्याङ्कन</u>**: (१) शिक्षकको वार्षिक रुपमा कार्यसम्पादनको मूल्याङ्कन हुनेछ।

(२) शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछ:-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम पच्चीस अङ्क,

(ख) पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम दश अङ्क,

(ग) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम पाँच अङ्क।

(३) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी, कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क दिने आधार, कार्यसम्पादन मूल्याङ्कन फाराम भरी बुझाउने समयावधि तथा कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६७. **<u>शैक्षिक योग्यता र तालीमको प्रमाणपत्र पेस गर्नु पर्ने</u>**: (१) शिक्षकले बढुवाको दरखास्तसँगै शैक्षिक योग्यता र सेवाकालीन तालीम बापतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

(२) दफा ६२ बमोजिमको बढुवा समितिले शिक्षकले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता निजको तह र श्रेणीसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा द्विविधा भएमा आयोगको परामर्श लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम आयोगको परामर्श लिइएको विषयमा आयोगको परामर्श बमोजिम गर्नु पर्नेछ।

६८. **<u>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको आधार</u>**: (१) बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सिफारिस गर्दा दफा ६३ बमोजिमको कम्तीमा ज्येष्ठता वापतको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता भएको तथा दफा ६४ बमोजिम उम्मेदवार हुन नपाउने अवस्था नभएको र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सो भन्दा वढी अङ्क प्राप्त गरेको उम्मेदवारलाई ज्येष्ठताको आधारमा बढुवा सिफारिस गर्नेछ।

(२) बढुवा समितिले उपदफा (१) बमोजिम हुने बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा ज्येष्ठता कायम गरी सिफारिस गर्नु पर्नेछः-

(क) हाल बहाल रहेको तहको पदमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता नछुट्टिएमा हाल बहाल रहेको तहभन्दा तल्लो तहको पदमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत ज्येष्ठता नछुट्टिएमा हाल बहाल रहेको तहको पदमा आयोग वा बढुवा समितिले गरेको सिफारिसको योग्यताक्रमको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत ज्येष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताको आधारमा।

६९. **<u>बढुवाको उजूरी</u>**: (१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने शिक्षकले बढुवा सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र आयोगमा उजूरी दिन सक्नेछ। त्यस्तो उजूरीमा आयोगले उजूरी गर्ने म्याद समाप्त भएको मितिले साठी दिनभित्र टुङ्गो लगाउनेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ।

७०. **<u>बढुवा सम्बन्धी विशेष व्यवस्था</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म कार्यरत आधारभूत वा माध्यमिक तहको द्वितीय श्रेणी वा सोभन्दा मुनिका स्थायी शिक्षक उमेर हदका कारण अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहेको कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकको परिवारलाई साविकको श्रेणीभन्दा माथिल्लो श्रेणीको निवृत्तभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारले विद्यालय शिक्षक सेवाको माध्यमिक तहतर्फ प्रत्येक प्रदेशमा बढिमा दुई वटा विशिष्ट श्रेणीको विशेष दरबन्दी सिर्जना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम दरबन्दी सिर्जना भएमा त्यस्तो दरबन्दीमा स्नातकोत्तर तह उत्तीर्ण गरेका माध्यमिक तहमा प्रथम श्रेणीमा पन्ध्र बर्षभन्दा बढी सेवा गरेका कार्यरत स्थायी शिक्षकमध्येबाट ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा गरिनेछ ।

(५) विशिष्ट श्रेणीमा बढुवा तथा यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-८
## <u>सार्वजनिक विद्यालयका शिक्षकको आचरण</u>

७१. **<u>समयपालना र नियमितता</u>**: शिक्षकले निर्धारित समयमा नियमित रुपले विद्यालयमा हाजिर भई अध्यापन गर्नु पर्नेछ र सम्भव भएसम्म पहिले बिदाको स्वीकृति नलिई विद्यालयमा अनुपस्थित हुनु हुँदैन।

७२. **<u>अनुशासन र आदेश पालना</u>**: शिक्षकले देहाय अनुसारको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) आफ्नो कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नुपर्ने,

(ख) विद्यालयको अध्यापन सम्बन्धी काममा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले दिएको जिम्मेवारी तथा निर्देशनलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ग) सबै शिक्षक तथा अभिभावकहरु प्रति उचित आदर देखाउनु पर्ने, र

(घ) विद्यार्थीहरू प्रति बालमैत्रीपूर्ण व्यवहार गर्नुपर्ने।

७३. **<u>राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने</u>**: शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुनु हुँदैन।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

७४. **<u>लेख प्रकाशन र प्रसारणः</u>** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको पारस्परिक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी वा जनता बीचको आपसी सम्बन्धमा प्रतिकूल असर पर्ने गरी कुनै शिक्षकले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, विद्युतीय माध्यम, रेडियो, टेलिभिजन वा सामाजिक सञ्जालको माध्यमबाट कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनको अधीनमा रही शिक्षण सम्बन्धी आफ्नो पाठ प्रसारण गर्न, शैक्षिक बहस गर्न, अनुसन्धान गर्न तथा लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

७५. **<u>दान, उपहार, चन्दा प्राप्त गर्न र सहयोग लिन नहुने</u>**: (१) विद्यालयको काम र विद्यार्थीको सिकाइ तथा मूल्याङ्कनमा प्रभाव पर्न सक्ने गरी कुनै शिक्षकले स्थानीय तहको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा विद्यार्थी र तिनका अभिभावकसँग सापटी वा सहयोग लिन हुँदैन।

(२) शिक्षकलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले स्थानीय तहलाई सो विषयको जानकारी दिई स्थानीय तहबाट निर्णय भएबमोजिम गर्नु पर्नेछ।

७६. **<u>कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार व्यवसाय गर्न नहुनेः</u>** शिक्षकले स्थानीय तहको पूर्व स्वीकृति बिना कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन।

७७. **<u>अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने</u>**: (१) शिक्षकले आफ्नो विद्यालयको काममा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै शिक्षकले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) राष्ट्रिय जनगणना, निर्वाचन, विपद् कार्यमा उद्धार वा यस्तै प्रकारका नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकेको अन्य कुनै काममा संलग्न हुन,

(ख) विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति विपरीत नहुने गरी शिक्षकले साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार, खुला तथा दूर शिक्षा कार्यक्रम वा खेलकुद सम्बन्धी कार्य गर्न,

(ग) स्थानीय तहको पूर्व स्वीकृति लिई विद्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) विद्यालयको काममा बाधा नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, विद्यालयको काममा बाधा नपर्ने र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको अहित नहुने गरी आफ्नो गैर राजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुनेले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको शिक्षकले त्यसपछि तीन वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन।

७८. **<u>प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः</u>** शिक्षकले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, पठनपाठन बन्द गर्न वा अन्य कुनै तरिकाबाट बालबालिकाको पढ्ने अधिकारमा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

७९. **<u>बहुविवाह गर्न नहुनेः</u>** शिक्षकले बहुविवाह गर्न हुँदैन।

८०. **<u>यौनजन्य दुर्व्यवहार गर्न नहुनेः</u>** शिक्षकले विद्यार्थी र अरू कसैप्रति यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

८१. **<u>यातना दिन नहुनेः</u>** शिक्षकले विद्यार्थीलाई कुटपिट गर्न र कसैलाई पनि शारीरिक वा मानसिक यातना दिनु हुँदैन।

८२. **<u>सम्पत्ति विवरण पेस गर्नु पर्नेः</u>** शिक्षकले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित स्थानीय तहमा आफ्नो सम्पत्तिको विवरण पेस गर्नु पर्नेछ र स्थानीय तहले त्यस्तो विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्नेछ।

८३. **<u>स्थायी आवासीय अनुमति लिन नहुनेः</u>** सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन।

## परिच्छेद-९

## <u>सार्वजनिक विद्यालयका शिक्षकको विभागीय कारबाही र सजाय</u>

८४. **<u>चेतावनी दिन सकिनेः</u>** शिक्षकले देहायको कुनै काम गरेमा सुपरिवेक्षक वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फाइलमा राख्नेछः-

(क) समय पालना नगरेमा,

(ख) मन्त्रालय, प्रदेश सरकार, मन्त्रालय अन्तर्गतका निकाय र स्थानीय तहले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) परीक्षा र पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा,

(ङ) विद्यार्थीलाई बालमैत्री, शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा,

(च) आफ्नो कार्य जवाफदेहीपूर्वक नगरेमा।

२६

८५. **<u>सजाय</u>**ः उचित र पर्याप्त कारण भएमा शिक्षकलाई विभागीय सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

८६. **<u>नसिहत दिने:</u>** देहायको कुनै अवस्था भएमा शिक्षकलाई नसिहत दिन सकिनेछः-

(क) निजको अध्यापन सम्बन्धी काम सन्तोषजनक नभएमा,

(ख) पूर्वस्वीकृति नलिई पटक पटक विद्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(घ) सामाजिक परीक्षणको प्रतिवेदनबाट विद्यार्थीको सिकाइ सम्बन्धी काममा जिम्मेवार नदेखिएमा,

(ङ) दफा ८४ बमोजिम चेतावनी पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको चेतावनी पाएमा।

८७. **<u>बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने</u>**ः (१) देहायको कुनै अवस्थामा शिक्षकलाई बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने गरी सजाय गर्न सकिनेछः-

(क) अध्यापन गर्ने कार्य जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) विद्यार्थीको पीर मर्का र गुनासो पटक पटक बेवास्ता गरेको सम्बन्धमा प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐनमा उल्लिखित आचरण पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(ङ) अध्ययन अध्यापनमा जानाजान लापरवाही तथा ढिलासुस्ती गरी विद्यार्थीको सिकाइमा हानि पुऱ्याएमा,

(च) बढुवाको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेस गरेको प्रमाणित भएमा,

(छ) विद्यार्थीलाई शारीरिक वा मानसिक रुपमा दुर्व्यवहार गरेमा,

(ज) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(झ) दफा ८६ बमोजिम नसिहत पाएको शिक्षकले सोही पदमा रहँदा पुनः सोही दफा बमोजिम नसिहत पाएमा।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकको तलबवृद्धि वा वढुवा रोक्का भएकोमा कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राख्नु पर्नेछ।

८८. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>**ः (१) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) अध्यापन गर्ने जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) परीक्षामा प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षा सञ्चालनमा अमर्यादित काम गर्ने वा गराउने, उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने तथा नतिजा प्रकाशनमा अमर्यादित कार्य गरेमा,

(ग) राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म कार्यरत विद्यालयमा अनुपस्थित रहेमा,

(च) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएकोमा त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(छ) असाधारण वा अध्ययन बिदा भुक्तान भएको पन्ध्र दिनभित्र विद्यालयमा हाजिर हुन नआएमा,

(ज) तोकिएको अधिकारीको स्वीकृति नलिइ विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(झ) बहुविवाह गरेमा,

(ञ) दफा ८७ बमोजिमको सजाय पाएको शिक्षकले पुन: सोही दफा बमोजिमको कुनै काम गरेमा,

(ट) यस ऐनमा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष वा सोभन्दा बढी कैदको सजाय भएमा।

(२) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा।

८९. **<u>विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रिया:</u>** (१) शिक्षकलाई विभागीय सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-

(क) दफा ८६ बमोजिमको नसिहत सम्बन्धी सजाय गर्दा शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति,

(ख) दफा ८७ बमोजिम बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत,

(ग) दफा ८८ बमोजिम शिक्षकलाई सेवाबाट हटाउन वा बर्खास्त गर्न दफा ४८ बमोजिमको नियुक्त गर्ने अधिकारी।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम सजाय दिने अधिकारीले शिक्षकलाई सजाय दिनु अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सफाइको मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित शिक्षकले सो म्यादभित्र उपदफा (३) बमोजिमको आरोपको तथ्य र प्रमाणको आधारमा आफ्नो सफाइ पेस गर्नु पर्नेछ।

(५) सम्बन्धित शिक्षकले उपदफा (४) बमोजिम दिएको सफाइ सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ प्राप्त नभई त्यस्तो शिक्षकलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको सजाय प्रस्ताव गरी आयोगको परामर्श लिनु पर्नेछ।

(६) यस ऐन बमोजिम विशेष सजाय गर्नु पर्ने भएमा उपदफा (५) बमोजिम आयोगको परामर्श लिनु अघि उपदफा (२) बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित शिक्षकले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको प्रस्तावित सजाय समेत खुलाई सो सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ र सो को जानकारी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनु पर्नेछ।

९०. **गयलकट्टी गर्नु पर्ने**: (१) बिदा स्वीकृत नगराई आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले दफा ८७ र ८८ को अधीनमा रही गयल र तलबकट्टी गर्नु पर्नेछ र यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन।

(२) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण स्थानीय तह, शिक्षा विभाग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतमा पठाउनु पर्नेछ।

९१. **निलम्बन गर्ने**: (१) कुनै शिक्षकको सम्बन्धमा कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचवुझ समाप्त नहुन्जेलसम्म उक्त शिक्षकलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर निलम्बन नगरी विद्यालयमा उपस्थित हुन दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको प्रमाण गायब गर्न सक्ने वा निलम्बन नगरी विद्यालयमा काम गर्न दिँदा विद्यालय वा विद्यार्थीलाई हानि नोक्सानी हुन सक्ने सम्भावना नभई साधारणतया निलम्बन गरिने छैन।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन र सो अवधिभित्रै निजउपरको कारबाही किनारा लगाउनु पर्नेछ।

तर कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी कसूरमा न्यायिक हिरासतमा रहेको शिक्षक त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

२९

(४) कुनै शिक्षकको विरुद्ध भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक स्वतः निलम्बन भएको मानिनेछ।

९२. **<u>निलम्बनको समाप्ति</u>**ः (१) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ९१ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, विद्यालय शिक्षक सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय शिक्षकलाई सेवाबाट हटाइएकोमा वा बर्खास्त गरिएकोमा बाहेक निलम्बन समाप्त भएपछि त्यस्तो शिक्षकको पुनः बहाली हुनेछ।

९३. **<u>पुनः बहाली हुन सक्ने</u>**: विभागीय सजाय भई हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

९४. **<u>नोकरी नथामिने</u>**ः कुनै शिक्षकले दफा ८५ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा दफा ९३ बमोजिम अदालतको आदेशबाट सेवामा पुनः बहाली हुने भएमा सो निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन।

## परिच्छेद-१०

## <u>सार्वजनिक विद्यालयका शिक्षकको अवकाश, उपदान र निवृत्तभरण</u>

९५. **<u>अनिवार्य अवकाश</u>**: साठी वर्ष उमेर पूरा भएको शिक्षकले विद्यालय शिक्षक सेवाबाट स्वतः अवकाश पाउनेछ।

९६. **<u>स्वेच्छिक अवकाश</u>**ः (१) कुनै शिक्षकले विद्यालय शिक्षक सेवाबाट अवकाश लिन निवेदन दिएमा नियुक्ति गर्ने अधिकारीले निजलाई सेवाबाट अवकाश दिन सक्नेछ।

(२) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका शिक्षकले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा वा स्थानीय तहबाट स्थानीय राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्वेच्छिक अवकाश दिँदा शिक्षक जुन श्रेणीमा कार्यरत छ सोही श्रेणीमा पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको भएमा आधारभूत तह र माध्यमिक तहका द्वितीय श्रेणी वा सोभन्दा मुनिका शिक्षकलाई एक श्रेणी माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ।

९७. **<u>असमर्थ शिक्षक सम्बन्धी विशेष व्यवस्था</u>**ः कुनै शिक्षक शारीरिक अस्वस्थता वा मानसिक रोगको कारण विद्यालयमा अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी अवकाश दिन सकिनेछ।

९८. **<u>उपदान</u>**ः पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको शिक्षकले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

९९. **निवृत्तभरण:** (१) स्थायी नियुक्ति पाई बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको शिक्षकले देहाय बमोजिम मासिक निवृत्तभरण पाउनेछः-

जम्मा सेवा वर्ष x आखिरी तलबको रकम

५०

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु स्केलभन्दा बढी हुने छैन।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै शिक्षकको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधिसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) संवत् २०७५ साल चैत्र ४ गतेभन्दा अघि स्थायी नियुक्ति भएका शिक्षकले अवकाश हुँदा निवृत्तभरण पाउने अवस्था नभएमा सो प्रयोजनका लागि बीस वर्षका लागि नपुग हुन आउने अवधिको लागि निजको अधिकतम सात वर्षसम्मको अस्थायी सेवा अवधि जोड्न सकिनेछ।

(५) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त वा पारिवारिक निवृत्तभरण पाउने व्यक्तिले एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाइरहेको शिक्षकले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको प्रमाणित भएमा त्यस्तो शिक्षकले निवृत्तभरण पाउने छैन।

१००. **निवृत्तभरणमा वृद्धि**ः बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका सेवा निवृत्त शिक्षकको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

१०१. **पारिवारिक निवृत्तभरण र उपदान**ः (१) कुनै शिक्षकको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई निवृत्तभरण पाउने अवस्था भएकोमा दफा ९९ बमोजिम निवृत्तभरण र निवृत्तभरण पाउने अवस्था नभएमा दफा ९८ बमोजिमको उपदान प्राप्त हुनेछ। निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई दफा ९९ बमोजिम निवृत्तभरण प्राप्त हुनेछ।

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्ष भन्दा बढी समय प्राप्त हुने छैन। निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएका शिक्षकको परिवारलाई सात वर्ष पुगेपछि यस दफा बमोजिमको निवृत्तभरण प्राप्त हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पारिवारिक निवृत्तभरण पाउने व्यक्ति अठार वर्ष पुगेको रहेनछ भने निज अठार वर्ष नपुगेसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(३) शिक्षकको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ।

तर त्यस्तो विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण सुविधा पाउने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षकको निवृत्तभरण पाइरहेको विधुर पति वा विधवा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो शिक्षकको छोरा छोरीले अठार वर्ष उमेर पूरा नभएसम्म तोकिए बमोजिमको निवृत्तभरण रकम पाउनेछ।

(५) बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२) र (३) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(६) कुनै शिक्षकको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्यहरुमध्ये यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

१०२. **<u>पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको काममा खटिइरहेको अवस्थामा कुनै स्थायी शिक्षकको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएको प्रमाणित भएमा त्यस्तो शिक्षकको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई आजीवन यस ऐन बमोजिमको निवृत्तभरण रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा १०१ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने छैन।

(३) यस दफा बमोजिम निवृत्तभरण पाउने व्यक्तिले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण पाउने छैन।

(४) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतकको छोरा छोरी भए त्यस्ता छोरा छोरीले अठार वर्ष उमेर पूरा नभएसम्म पाउनेछन्।

१०३. **<u>बेपत्ता भएको शिक्षकको उपदान र निवृत्तभरण</u>**: (१) विद्यालय शिक्षक सेवामा रही काम गरेको कुनै शिक्षक हराई वा बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो शिक्षकले दफा ९८ वा ९९ बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम दफा १०१ को उपदफा (६) बमोजिम निजको परिवारलाई दिइनेछ।

(२) बेपत्ता भएको शिक्षक पछि फेला परेमा दफा ९८ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ९९ बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको उपदान वा पारिवारिक निवृत्तभरण रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

१०४. **<u>सेवाबाट बर्खास्त भएका शिक्षकले पाउने सुविधा</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८५ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको शिक्षकले दफा ५६ बमोजिमको सञ्चय कोषको रकम, दफा ५७ बमोजिमको बीमा रकम र दफा १०७ बमोजिमको योगदानमा आधारित निवृत्तभरण कोषमा जम्मा भएको त्यस्तो शिक्षकले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ८५ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम सजाय पाई सेवाबाट हटाइएको शिक्षकले सञ्चित घर बिदा र विरामी बिदा वापतको रकम समेत पाउनेछ।

(२) विद्यालय शिक्षक सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई दफा १०१ को उपदफा (६) बमोजिम निजको परिवारले कुनै सुविधा पाउने भएमा र त्यस्तो सुविधा पाउने व्यक्तिले स्थायी आवासीय अनुमति पाएको भएमा त्यस्तो व्यक्तिले उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन।

१०५. **उमेर गणना**: (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि शिक्षकको उमेर गणना गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(२) कुनै शिक्षकको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र वा व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरणको हकमा शुरु नियुक्ति भएको मितिको आधारमा।

(३) शिक्षकले पेस गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्म मिति कायम गरी उमेर गणना गरिनेछ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्म मितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ।

१०६. **शिक्षक सेवामा पुनः बहाली भएमा पाउने सुविधा**: (१) कुनै शिक्षकलाई दफा ८५ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो शिक्षकले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता र तलबवृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि शिक्षक सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको शिक्षक अदालतको आदेशद्वारा शिक्षक सेवामा पुनः बहाली भएमा त्यस्तो शिक्षकले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलबवृद्धि पाउनेछ।

(३) द्वन्द्वपीडित स्थायी शिक्षकले सुविधा प्राप्त गर्न छुट भएकोमा सोको प्रमाण संलग्न गरी यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र शिक्षा विभागमा निवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा सोको जाँचबुझको लागि तोकिए बमोजिम एक समिति गठन हुनेछ र त्यस्तो समितिको सिफारिसको आधारमा नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

१०७. **योगदानमा आधारित निवृत्तभरण**: (१) यो ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण कोष सम्बन्धी संघीय कानून प्रारम्भ भएको मितिदेखी यो ऐन प्रारम्भ हुँदाका बखतसम्म नियुक्त भएका स्थायी शिक्षकले यो ऐन प्रारम्भ भएपछि योगदानमा आधारित निवृत्तभरण प्रयोजनको लागि प्रचलित निवृत्तभरण कोष सम्बन्धी

कानून बमोजिम निजले गर्नु पर्ने योगदान रकम तोकिए बमोजिम जम्मा गर्नु पर्नेछ र नेपाल सरकारको तर्फबाट जम्मा गर्नु पर्ने शत प्रतिशत रकम निज हाजिर भएको मितिदेखि हिसाब गरी निजको निवृत्तभरण खातामा जम्मा गरिनेछ।

(३) उपदफा (२) बमोजिम स्थायी शिक्षकले निवृत्तभरण कोषमा जम्मा गर्नु पर्ने रकम किस्ताबन्दीमा जम्मा गर्न सक्ने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(४) यस दफा बमोजिम दिइने निवृत्तभरण प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाट व्यहोरिनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने शिक्षकको हकमा दफा ९७, ९८, ९९, १००, १०१, १०२ र १०३ को व्यवस्था लागू हुने छैन।

## परिच्छेद-११

## <u>सार्वजनिक विद्यालयका कर्मचारी सम्बन्धी व्यवस्था</u>

१०८. **<u>विद्यालय कर्मचारी रहने:</u>** (१) सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम विद्यालय कर्मचारीको दरबन्दी रहनेछ।

(२) आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्नेछ।

(३) विद्यालय कर्मचारीको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।

१०९. **<u>विद्यालय कर्मचारी सम्बन्धी विशेष व्यवस्था:</u>** (१) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि प्रचलित कानून बमोजिम जिल्ला शिक्षा सेवा आयोग वा शिक्षक छनोट उपसमिति वा जिल्ला शिक्षा समितिबाट नियुक्ति पाई अविच्छिन्न सेवा गरी उमेर हद साठी वर्ष पूरा भई सेवाबाट अलग हुने वा अलग भइसकेका विद्यालय कर्मचारीलाई अवकाश हुँदाको बखत काम गरेको पदसँग समान हुने निजामती सेवाको पद वा श्रेणीको शुरू स्केलको दरले बढीमा बीस वर्षको सेवा अवधि मानी उपदफा (२) बमोजिम एकमुष्ठ रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिमको एकमुष्ठ रकम दिंदा देहायको अवधिको देहायको आधारमा दिइनेछः-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको कर्मचारीलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको कर्मचारीलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब बराबरको रकम ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि नियुक्ति पाई निरन्तर रुपमा विद्यालयमा कार्यरत रहेका साठी वर्ष ननाघेका विद्यालय कर्मचारीले उपदफा (१) बमोजिमको सुविधा लिइ सेवाबाट अलग हुन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सेवाबाट अलग हुन नचाहेमा निजहरुलाई स्थायी गर्ने प्रयोजनको लागि आयोगले एक पटकको लागि परीक्षा सञ्चालन गर्नेछ र त्यस्तो परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत रही उपदफा (४) बमोजिम अवकाश लिन नचाहने विद्यालय कर्मचारीको सेवा सुविधा स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको सुविधा नलिदै कुनै व्यक्तिको मृत्यु भएमा दफा १०१ को उपदफा (६) बमोजिमको निजको परिवारलाई उक्त सुविधा दिइनेछ।

(७) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने विद्यालय कर्मचारीको तलब भत्ता सम्बन्धित स्थानीय तहले व्यहोर्नेछ।

(८) नेपाल सरकारले विद्यालय कर्मचारी व्यवस्थापनका लागि साविकमा विद्यालयलाई दिदै आएको एकमुष्ट सालवसाली अनुदान रकम दिन सक्नेछ।

११०. **<u>स्थानीय कानूनमा समावेश गर्नुपर्ने:</u>** दफा १०९ को उपदफा (५) बमोजिमको स्थानीय कानूनमा अन्य कुराका अतिरिक्त देहायका विषयलाई समावेश गर्नु पर्नेछः-

(क) स्वीकृत विद्यालय कर्मचारीको दरबन्दीमा दफा १०९ को उपदफा (४) बमोजिम पदपूर्ति गर्दा यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत रहेका कर्मचारीहरू मध्येबाट एक पटकका लागि आयोगले तोके बमोजिम विज्ञापन गरी पदपूर्ति गर्ने विषय,

(ख) खण्ड (क) बमोजिमको विज्ञापनमा उम्मेदवार हुन विद्यालय कर्मचारीलाई उमेरको हद नलाग्ने विषय,

(ग) विद्यालय कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी विषय।

## परिच्छेद-१२

## <u>शिक्षक सेवा आयोग</u>

१११. **<u>आयोगको गठनः</u>** (१) सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुनेछ।

(२) आयोगमा एक जना अध्यक्ष र कम्तीमा एकजना महिला सहित दुई जना सदस्य रहनेछन्।

(३) उपदफा (२) बमोजिम अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि उपयुक्त व्यक्ति सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयको उपकुलपति र मन्त्रालयको सचिव सदस्य रहेको समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेका व्यक्तिलाई नेपाल सरकारले आयोगको अध्यक्ष र सदस्यमा नियुक्त गर्नेछ।

(४) एक पटक आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति आयोगको अध्यक्ष वा सदस्यको पदमा पुनः नियुक्तिको लागि योग्य हुने छैन।

(५) उपदफा (३) बमोजिम नियुक्त अध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको आयोगका अध्यक्ष वा सदस्य यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ र निज नियुक्ति हुँदाका बखत तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन्।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य क्षमताको अभाव भएको, खराब आचरण भएको वा पदीय जिम्मेवारी इमान्दारीपूर्वक पालना नगरेको अध्यक्ष वा सदस्यका सम्बन्धमा छानबिनको लागि नेपाल सरकारले उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशको अध्यक्षतामा अन्य दुई जना सदस्य रहेको एक छानबिन समिति गठन गरी त्यस्तो समितिबाट रायसहितको प्रतिवेदन लिनेछ।

(८) उपदफा (७) बमोजिम गठित छानविन समितिबाट प्राप्त रायसहितको प्रतिवेदनका आधारमा नेपाल सरकारले आयोगका अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(९) उपदफा (७) बमोजिमको छानबिन समिति गठन भएपछि त्यस्तो छानबिन नसकिएसम्मको लागि आयोगको अध्यक्ष वा सदस्य स्वत: निलम्बनमा भएको मानिनेछ।

(१०) उपदफा (७) बमोजिमको समितिको कार्यावधि काम प्रारम्भ गरेको मितिले बढीमा एक महिनाको हुनेछ।

(११) उपदफा (७) बमोजिमको समितिले छानबिन गर्दा आयोगको अध्यक्ष, सदस्य वा अन्य कुनै व्यक्तिसँग बयान लिने तथा आवश्यक कागजात बुझ्न सक्नेछ।

(१२) छानबिन समितिको अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११२. **अध्यक्ष वा सदस्यको योग्यता:** देहायको योग्यता पुगेको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुनका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको,

(घ) अध्यक्षको लागि नेपाल सरकारको विशिष्ट श्रेणीको अनुभव प्राप्त गरेको र सदस्यको लागि कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

११३. **अध्यक्ष वा सदस्यको अयोग्यता:** (१) देहायको व्यक्ति आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन योग्य मानिने छैनः-

(क) दफा ११२ बमोजिमको योग्यता नरहेको,

(ख) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) नियुक्ति हुँदाका बखत कुनै विद्यालयको शिक्षक वा कुनै विश्वविद्यालयको अध्यापकको रुपमा कार्यरत रहेको वा कुनै सरकारी पदमा बहाल रहेको,

(घ) दामासाहीमा परेको,

(ङ) कुनै मुलुकको आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन गरेको,

(च) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि योग्य नरहेको।

(२) कुनै व्यक्ति आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्त भएमा सो पदमा बहाली गर्नुभन्दा अघि निजले यस दफा बमोजिम अयोग्य नरहेको लिखित रुपमा घोषणा गर्नु पर्नेछ र त्यस्तो घोषणाको अभिलेख आयोगमा राख्नु पर्नेछ।

११४. **अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्था:** देहायको अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद स्वत: रिक्त हुनेछः-

(क) दफा १११ को उपदफा (५) बमोजिम पदावधि समाप्त भएमा वा उपदफा (८) बमोजिम हटाइएमा,

(ख) दफा ११३ बमोजिम अयोग्य भएमा,

(ग) निजले आफ्नो पदबाट लिखित राजिनामा दिएमा,

(घ) मनासिब कारण बिना आयोगमा लगातार एक महिनासम्म अनुपस्थित रहेमा,

(ङ) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(च) निजको मृत्यु भएमा।

११५. **अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सेवाका शर्त**: (१) आयोगको अध्यक्ष तथा सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) अध्यक्ष आयोगको प्रमुख पदाधिकारी हुनेछ र निजको सामान्य निर्देशन र सुपरीवेक्षणमा आयोगको सम्पूर्ण काम कारबाही सञ्चालन हुनेछ।

(३) कुनै कारणले आयोगको अध्यक्षको पद रिक्त भएमा, निलम्बनमा परेमा वा पन्ध्र दिनभन्दा बढी बिदा बसेमा वा मुलुक बाहिर गई कार्यालयमा अनुपस्थित हुने भएमा आयोगका वरिष्ठतम् सदस्यले कार्यवाहक भई कार्य गर्नेछ।

(४) अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

११६. **अध्यक्ष र सदस्यले सपथ लिनु पर्ने**: (१) आफ्नो कार्यभार समाल्नु अघि आयोगको अध्यक्षले तोकिए बमोजिमको ढाँचामा नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्री समक्ष र सदस्यले अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिएको शपथको एकप्रति मन्त्रालयमा र अर्कोप्रति आयोगको सचिवालयमा रहनेछ।

११७. **आयोगको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यापन अनुमतिपत्र जारी गर्ने,

(ख) सार्वजनिक विद्यालयको विद्यालय शिक्षक सेवाको स्वीकृत स्थायी दरबन्दीको रिक्त पदमा खुला तथा आन्तरिक प्रतियोगिताको माध्यमबाट पूर्ति हुने उपयुक्त उम्मेदवारको छनोट गरी नियुक्तिको लागि सिफारिस गर्ने,

(ग) प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतबाट दायित्व व्यहोर्ने गरी सार्वजनिक विद्यालयमा सिर्जना गरेको स्थायी दरबन्दीको रिक्त पदमा सम्बन्धित निकायबाट माग भए बमोजिम शिक्षक तथा विद्यालय कर्मचारी छनोट गरी उपयुक्त उम्मेदवारको सिफारिस गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) को प्रयोजनका लागि परीक्षा सञ्चालन, उत्तरपुस्तिकाको परीक्षण तथा नतिजाको प्रकाशन गर्ने, गराउने,

(ङ) शिक्षकको बढुवा उपर परेको उजुरीमा निर्णय गर्ने,

(च) विद्यालय कर्मचारीको स्वीकृत स्थायी दरबन्दीको रिक्त पदमा खुला तथा आन्तरिक प्रतियोगिताको माध्यमबाट पूर्ति हुने उपयुक्त उम्मेदवारको छनोट गरी नियुक्तिको लागि सिफारिस गर्ने,

(छ) शिक्षक तथा विद्यालय कर्मचारीलाई विभागीय कारवाही गर्ने विषयमा परामर्श दिने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

११८. **आयोगको कार्यालय र कर्मचारी**: (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न मन्त्रालयले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई तोक्नेछ र त्यस्तो कर्मचारीले आयोगको सचिवको समेत काम गर्नु पर्नेछ।

(३) नेपाल सरकारको स्वीकृतिमा आयोगले प्रादेशिक कार्यालय स्थापना गर्न सक्नेछ।

(४) आयोगमा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी बमोजिमका निजामती कर्मचारी रहनेछन्।

११९. **आयोगको बैठकः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आयोगले सम्पादन गर्नुपर्ने काम कारबाही आयोगको निर्णय बमोजिम हुनेछ।

(२) आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ र सोको सूचना सचिवले गर्नेछ।

(३) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) आयोगको बैठकको निर्णयमा बैठकमा उपस्थित पदाधिकारीले हस्ताक्षर गर्नु पर्नेछ।

(५) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१२०. **अध्यक्ष र सदस्यको कार्य विभाजनः** आयोगले आवश्यकता अनुसार अध्यक्ष र सदस्यहरुको कार्य विभाजन गर्नेछ।

१२१. **शैक्षिक योग्यता निर्धारणः** कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि सम्बन्धित शिक्षक पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ वा छैन भन्ने प्रश्न उठेमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

१२२. **पाठ्यक्रम र परीक्षण विधिः** (१) आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र तत्सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधिमा कुनै संशोधन वा परिमार्जन भएमा परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा तीन महिना अगाडि सोको सूचना सार्वजनिक गर्नु पर्नेछ।

१२३. **उम्मेदवारको छनोटः** स्थायी दरबन्दीका शिक्षकको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा वा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा आयोगले लिखित परीक्षाको अतिरिक्त देहायको मध्ये कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछः-

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तर्वार्ता,

(ग) आयोगले समय समयमा निर्धारण गरेका अन्य तरिका।

१२४. **विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालनः** (१) यस ऐन बमोजिम स्थायी दरबन्दीको रिक्त पद सङ्ख्याको माग प्राप्त भएपछि आयोगले खुला प्रतियोगिता वा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्न प्रत्येक वर्षको भाद्र मसान्तभित्र छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्तिका लागि विज्ञापन गर्दा आयोगले यस ऐनको अधीनमा रही प्रतिशत निर्धारण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विज्ञापन गर्दा आधारभूत तह साधारण तर्फ जिल्लागत आधारमा र आधारभूत तह विषयगत तथा माध्यमिक तह तर्फ प्रदेशगत आधारमा गर्नु पर्नेछ।

(४) प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा राखिने सङ्केत नम्बर तथा उत्तरपुस्तिकाको परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२५. **विज्ञापन वा परीक्षा रद्द गर्न सक्ने:** (१) दफा १२४ बमोजिम प्रकाशित विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी लिखित परीक्षा हुनु अगावै सम्बन्धित निकायले विज्ञापन रद्द गर्न कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्नेछ।

(२) आयोगले परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरुपले परीक्षा सञ्चालन हुन नसकेमा वा परीक्षाको मर्यादाको दृष्टिकोणबाट परीक्षा सञ्चालन गर्न उपयुक्त नदेखिएमा त्यसको कारण खुलाई त्यस्तो दिनको परीक्षा वा सम्बन्धित विज्ञापनको आंशिक वा सम्पूर्ण परीक्षा रद्द गर्न सक्नेछ।

१२६. **कामबाट हटाउने:** (१) यस ऐन बमोजिमको परीक्षा सञ्चालनमा संलग्न कर्मचारी वा व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई आयोगले तत्काल कामबाट हटाउनेछ।

(२) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिलाई आयोगले अभिलेख राखी भविष्यमा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षा सम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिको विवरण आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ।

(४) यस दफा बमोजिम कारबाही हुने व्यक्ति कर्मचारी भएमा निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लेखी आएकोमा त्यस्तो निकायले विभागीय कारबाही गरी आयोगलाई जानकारी गराउनु पर्नेछ।

१२७. **निष्कासन गर्ने वा रोक लगाउने:** (१) कुनै उम्मेदवारले परीक्षामा चिट चोरेमा वा चोराएमा, अर्काको नक्कल गरेमा वा गराएमा, विद्युतीय उपकरण प्रयोग गरी परीक्षामा अनियमित काम गरे वा गराएमा, परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा अवरोध पुऱ्याएमा, परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लङ्घन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्कासन गर्न सक्नेछ।

(२) कसैले आयोगबाट सञ्चालित परीक्षाको मर्यादा विपरीतका काम गरेमा देहाय बमोजिमको अवधिसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछः-

(क) परीक्षामा चिट चोरेमा वा चोराएमा, अर्काको नक्कल गरेमा वा गराएमा वा विद्युतीय उपकरण प्रयोग गरी परीक्षामा अनियमित काम गरेमा दुई वर्षसम्म,

(ख) परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका नबुझाई आफूसाथ लिई गएमा, आयोगले फिर्ता गर्नु पर्ने भनी तोकेका प्रश्नपत्र फिर्ता नबुझाएमा, त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा वा गराएमा तीन वर्षसम्म,

(ग) आयोगले परीक्षा सञ्चालन गरिरहेको परीक्षा केन्द्रमा परीक्षा समयमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा अवरोध पुऱ्याएमा चार वर्षसम्म,

(घ) अर्काको नामबाट परीक्षा दिएमा वा दिन लगाएमा, परीक्षा सञ्चालन गर्ने परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा लिन प्रयत्न गरेमा वा परीक्षा केन्द्रमा हुलहुज्जत वा अन्य कुनै काम गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा पुऱ्याउने प्रयत्न गरेमा वा कुनै किसिमले परीक्षाको गोपनीयता भङ्ग गरेमा वा गराएमा पाँच वर्षसम्म।

(३) परीक्षा सम्बन्धी कार्यमा खटिने कुनै कर्मचारी वा शिक्षकले परीक्षाको मर्यादा विपरीतको कार्य गरेमा विभागीय कारबाही गर्न सम्बन्धित निकायलाई आयोगले लेखी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएकोमा त्यस्तो निकायले विभागीय कारबाही गरी आयोगलाई जानकारी गराउनु पर्नेछ।

१२८. **लिखित परीक्षाको परिणाम:** आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुमध्ये रिक्त पदको अनुपातमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम वर्णानुक्रम वा रोल नम्बर अनुसार प्रकाशन गर्नु पर्नेछ।

१२९. **अन्तर्वार्ता समितिको गठन:** (१) लिखित वा प्रयोगात्मक परीक्षाबाट सफल भएका मध्येबाट उपयुक्त उम्मेदवारको छनोट गर्न आयोगले अन्तर्वार्ता समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अन्तर्वार्ता समिति आयोगको अध्यक्ष, सदस्य वा आयोगले तोकेको व्यक्तिको अध्यक्षतामा गठन हुनेछ।

(३) आयोगको केन्द्रीय कार्यालय बाहेक अन्यत्र स्थानमा अन्तर्वार्ता सञ्चालन गर्नुपर्ने भएमा आयोगले तोके बमोजिमको अन्तर्वार्ता समिति गठन हुनेछ।

(४) यस दफा बमोजिमको अन्तर्वार्ता समितिमा एक जना सम्बन्धित क्षेत्रको विषय विज्ञ रहने गरी समावेशी सिद्धान्तका आधारमा गठन गर्नु पर्नेछ।

१३०. **अन्तिम नतिजा प्रकाशन:** (१) शिक्षक पदपूर्तिका लागि उम्मेदवारको छनोट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि आयोगले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, ठेगाना उल्लेख गरी योग्यताक्रम अनुसार खुला र समावेशी तर्फको एकीकृत योग्यताक्रम सहितको अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिए बमोजिमको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको सूची र अन्तर्वार्तामा छनोट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारमध्येबाट तोकिएको सङ्ख्यामा अस्थायी करारमा नियुक्ति हुने उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैकल्पिक उम्मेदवारको सूची तोकिए बमोजिम एक वर्ष र अस्थायी करार सूची अर्को विज्ञापनबाट स्थायी उम्मेदवार सिफारिस नभएसम्म कायम रहनेछ।

१३१. **नियुक्तिको सिफारिस:** (१) दफा १३० को उपदफा (१) बमोजिमका उम्मेदवारलाई आयोगले योग्यताक्रम अनुसार नियुक्तिको लागि नियुक्ति गर्ने अधिकारीसमक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएको उम्मेदवारमध्ये कुनै उम्मेदवारको नियुक्तिको सिफारिस दफा १३२ को उपदफा (१) बमोजिम रद्द भएमा दफा १३० को उपदफा (३) मा उल्लिखित अवधिको अधीनमा रही आयोगले योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(३) उम्मेदवारको नियुक्तिको सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३२. **<u>सिफारिस रद्द गर्ने</u>:** (१) आयोगको विज्ञापन बमोजिमको परीक्षामा उम्मेदवार हुने कुनै व्यक्तिले पेस गरेको कुनै विवरण झुट्टा वा गलत प्रमाणित भएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्नेछ र निजले नियुक्ति पाइसकेको रहेछ भने नियुक्ति रद्द गरी प्रचलित कानून बमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम झुट्टा वा गलत विवरण पेस गर्ने व्यक्तिलाई आयोगबाट हुने विज्ञापनमा तीन वर्षसम्म सहभागी हुन नपाउने गरी आयोगले प्रतिबन्ध लगाउन सक्नेछ।

१३३. **<u>प्रारम्भिक परीक्षा</u>:** (१) आयोगले चाहेमा कुनै तहको शिक्षक पदको उम्मेदवार सिफारिस गर्नका लागि प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्नु अघि प्रारम्भिक परीक्षा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक परीक्षाको लागि आवश्यक विवरण खुलाई आयोगले विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रारम्भिक परीक्षा लिइएकोमा त्यस्तो परीक्षा उत्तीर्ण हुने व्यक्ति मात्र खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त शिक्षक पदको लागि आयोगले सञ्चालन गरेको परीक्षामा उम्मेदवार हुन सक्नेछ।

(४) प्रारम्भिक परीक्षा दस्तुर र परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१३४. **<u>विद्युतीय माध्यमको प्रयोग</u>:** आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, दरखास्त पेस गर्ने विधि, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन लगायतका काममा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

१३५. **<u>आयोगका काममा सहयोग गर्नु पर्ने</u>:** (१) आयोगले परीक्षा सञ्चालन सम्बन्धी कामको लागि सरकारी निकाय, विद्यालय, शिक्षण संस्था वा सङ्गठित संस्थालाई भवन वा कक्षा कोठा उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ। आयोगले त्यसरी अनुरोध गरेमा सो बमोजिमका सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) आयोगको कार्यसम्पादन गर्नको लागि आयोगको कर्मचारीबाट मात्र सम्भव नहुने देखिएमा आयोगले मन्त्रालय मार्फत कर्मचारीलाई काजमा ल्याई काममा लगाउन सक्नेछ।

१३६. **<u>आयोगको दैनिक तथा आर्थिक प्रशासन</u>:** (१) आयोगको अध्यक्षको सामान्य निर्देशनको अधीनमा रही आयोगको सचिवले दैनिक प्रशासन सञ्चालन गर्नेछ।

(२) आयोगको सामान्य नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी आयोगको खाता प्रशासकीय प्रमुख वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(३) आयोगको राजस्व, धरौटी, नगदी वा जिन्सी खाताको अद्यावधिक श्रेस्ता राख्ने वा राख्न लगाउने र आयोगको आर्थिक प्रशासन सम्बन्धी काम कारबाहीमा कुनै बेरुजु भएमा त्यसको फछ्र्यौट गर्ने जिम्मेवारी सचिवको हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सचिवले आयोगको सहमति लिई उपदफा (१) बमोजिमको अख्तियारी आफ्नो मातहतको अधिकृतलाई सुम्पन सक्नेछ।

१३७. **<u>अधिकार प्रत्यायोजन</u>:** (१) आयोगले यस ऐन बमोजिम प्राप्त अधिकारमध्ये अध्यक्ष, सदस्य, सचिव वा आयोगको अधिकृत कर्मचारी, मातहतका कार्यालय तथा नेपाल सरकार वा प्रदेश सरकारको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ र त्यसरी प्रत्यायोजन गर्दा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त समेत निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

१३८. **लिखतको गोपनीयता:** (१) आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत र कागजात गोप्य रहनेछन् र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता लिखत र कागजात सार्वजनिक गर्न आयोग बाध्य हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका परीक्षा सम्बन्धी कागजात वा परीक्षाको विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिनेछ।

१३९. **वार्षिक प्रतिवेदन:** (१) आयोगले आफूले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस गरिने प्रतिवेदनमा देहायका विवरण समावेश गर्नु पर्नेछः-

(क) अध्यापन अनुमतिपत्रको लागि लिइएको परीक्षाको विवरण,

(ख) खण्ड (क) बमोजिमको परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी विवरण,

(ग) शिक्षकको आन्तरिक तथा खुला परीक्षाको सञ्चालन र उत्तीर्ण उम्मेदवार सम्बन्धी विवरण,

(घ) शिक्षकको बढुवा सम्बन्धी विवरण,

(ङ) विभिन्न निकायलाई परामर्श दिएको भए सोको विवरण

(च) भविष्यमा शिक्षक छनोट प्रक्रिया र अध्यापन अनुमतिपत्र प्रदान गर्ने प्रक्रियामा गर्नुपर्ने सुधार,

(छ) तोकिए बमोजिमका अन्य विवरण।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-१३

## सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व

१४०. **शिक्षा सम्बन्धी जिम्मेवारी:** (१) नेपाल सरकारको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) शिक्षा सम्बन्धी राष्ट्रिय नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

(ख) राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा र सोको स्वीकृति, मूल विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र ऐच्छिक विषयको पाठ्यक्रम सम्बन्धी मापदण्ड निर्धारण,

(ग) सार्वजनिक विद्यालयको शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दी, शिक्षक तथा विद्यालय कर्मचारीको सेवा, शर्त, सुविधा सम्बन्धी नीति तथा राष्ट्रिय मापदण्ड निर्धारण,

(घ) विद्यार्थी मूल्याङ्कन तथा परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, उपलब्धि परीक्षण, कक्षा बाह्रको अन्त्यमा हुने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन,

(ङ) विद्यालयको नक्साङ्कन तथा विद्यालयको अनुमति, स्वीकृति, नामाकरण, नाम परिवर्तन, एकीकरण तथा स्थानान्तरण सम्बन्धी राष्ट्रिय मापदण्डको निर्धारण,

(च) प्रारम्भिक बालविकास तथा शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षा, वैकल्पिक शिक्षा, परम्परागत शिक्षा, आजीवन तथा निरन्तर सिकाइ, विशेष शिक्षा र समावेशी शिक्षा, मातृभाषामा शिक्षा र शैक्षिक परामर्श सेवा सम्बन्धी नीति तथा राष्ट्रिय मापदण्ड निर्धारण,

(छ) पुस्तकालय सम्बन्धी राष्ट्रिय नीति, मापदण्ड तर्जुमा, सञ्चालन तथा नियमन,

(ज) कुटनीतिक नियोग वा विदेशी शिक्षण संस्थाबाट नेपालमा सञ्चालन हुने विद्यालय तथा नेपाली पाठ्यक्रमका आधारमा विदेशमा सञ्चालन हुने विद्यालय सम्बन्धी नीति, कानून तथा मापदण्डको निर्धारण,

(झ) शैक्षिक योग्यताको प्रमाणपत्रको समकक्षता निर्धारण,

(ञ) शिक्षामा लगानी र विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी नीति र मापदण्ड निर्धारण गर्ने,

(ट) राष्ट्रिय योग्यता प्रारूप सम्बन्धी कार्य,

(ठ) विद्यालय शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग द्विपक्षीय वा बहुपक्षीय सम्झौता, सम्पर्क र समन्वय सम्बन्धी कार्य,

(ड) शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा, ब्रिज कोर्श र पूर्व तयारी कक्षा सञ्चालन सम्बन्धी व्यवस्था।

(२) प्रदेश सरकारको विद्यालय शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय नीति तथा मापदण्डको अधीनमा रही शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा र नियमन,

(ख) विशेष शिक्षा सम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

(ग) विद्यालय शिक्षाको लागि सञ्चालन गरिने शैक्षिक परामर्श लगायतका भाषा शिक्षण सम्बन्धी संस्थाको स्वीकृति र नियमन,

(घ) विद्यालय शिक्षक तथा कर्मचारीको अभिलेख व्यवस्थापन,

(ङ) शिक्षक तथा कर्मचारीको पेशागत दक्षताको लागि तालीम सम्बन्धी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र तालीम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन,

(च) प्रदेश पुस्तकालय तथा सङ्ग्रहालय सम्बन्धी कार्य,

(छ) प्रदेश अन्तर्गतका स्थानीय तहहरु बीच शैक्षिक उन्नयनका विषयमा समन्वय र सहजीकरण।

(३) स्थानीय तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन,

(ख) प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र नियमन,

(ग) आधारभूत र माध्यमिक विद्यालयको अनुमति, सञ्चालन र नियमन,

(घ) विशेष शिक्षा, खुला तथा दूर शिक्षा, अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन,

(ङ) मातृभाषामा शिक्षा दिने विद्यालय तथा परम्परागत विद्यालय सम्बन्धी कार्य,

(च) विद्यालयको नामकरण, नाम परिवर्तन र स्थानान्तरण,

(छ) विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा तथा संरक्षण,

(ज) विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयन,

(झ) विद्यालयको नक्साङ्कन, समायोजन र नियमन,

(ञ) सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(ट) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

(ठ) स्थानीयस्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

(ड) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,

(ढ) स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री विकास तथा कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक र पाठ्यसामग्री वितरण तथा कार्यान्वयनमा सहजीकरण,

(ण) स्थानीय पुस्तकालय तथा वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(त) सार्वजनिक विद्यालयलाई अनुदान प्रदान,

(थ) विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

(द) राष्ट्रिय मापदण्डका आधारमा सम्बन्धित स्थानीय तहभित्र सार्वजनिक विद्यालयको शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दी पुनर्वितरण, मिलान र व्यवस्थापन,

(ध) आयोगबाट सिफारिस भएका शिक्षक तथा विद्यालय कर्मचारीलाई नियुक्ति दिने, शिक्षक र कर्मचारीको क्षमता विकास, तालीम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला सञ्चालन,

(न) विद्यालय शिक्षक तथा विद्यालय कर्मचारीको पुरस्कार र प्रोत्साहनको व्यवस्थापन,

(प) अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन र विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

(फ) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन।

१४१. **विषयगत समितिले समन्वय गर्नेः** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिले विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड र योजनाको कार्यान्वयनमा एकरुपता कायम गर्न सङ्घ, प्रदेश तथा स्थानीय तह बीच समन्वय गर्नेछ।

## परिच्छेद-१४

## कसूर र सजाय

१४२. **कसूर तथा सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद र बिगो असुल गरी बिगो बमोजिम जरिबाना हुनेछ।

(२) कसैले आयोगद्वारा सञ्चालित परीक्षा वा विद्यालय शिक्षाको परीक्षाको मर्यादा विपरीत देहायको कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ग) परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा वा अरुको तर्फबाट परीक्षा दिएमा,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने कुनै कार्य गरेमा,

(ङ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा, वा

(च) उम्मेदवार वा विद्यार्थीलाई परीक्षा केन्द्रभन्दा बाहिर लगी परीक्षा दिलाउने कार्य गरेमा।

(३) कसैले दफा १० बमोजिम अनुमति नलिई विदेशी कोर्ष वा विदेशी शैक्षिक कार्यक्रम चलाएमा वा सञ्चालन गरेमा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी विरुद्ध अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी कसूरदार ठहर भएमा निजलाई यस ऐन बमोजिम विभागीय सजायसमेत हुनेछ।

(५) दफा १५ को उपदफा (२) को प्रतिकूल हुने गरी कुनै निजी विद्यालयले रकम असुल गरेमा सो उपर सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सकिनेछ।

(६) उपदफा (५) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा निवेदन दावी मनासिब देखिएमा न्यायिक समितिले त्यस्तो रकम फिर्ता गर्न सम्बन्धित विद्यालयलाई आदेश दिनेछ।

(७) दफा १० बमोजिम बाहेक कसैले अनुमति नलिई विद्यालय सञ्चालन गरेको पाइएमा सम्बन्धित स्थानीय तहले त्यस्तो विद्यालय सञ्चालन गर्ने व्यक्ति वा निकायलाई पाँच लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो विद्यालय तुरुन्त बन्द गर्न आदेश दिन सक्नेछ। यसरी विद्यालय बन्द गर्ने आदेश दिनु अघि अध्ययनरत विद्यार्थीलाई अन्य कुनै विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाइदिनु पर्नेछ।

(८) कसैले अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेको पाइएमा अनुमति दिने निकायले त्यस्तो कार्य गर्ने व्यक्ति वा निकायलाई दशलाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो कार्य तुरुन्त बन्द गर्न आदेश दिन सक्नेछ।

(९) उपदफा (१), (२), (३), (५), (७) र (८) मा उल्लिखित कसूर बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्न लेखी पठाउने,

(ख) कसूरको मात्रा हेरी पाँच हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गर्ने,

(ग) विद्यालयलाई नयाँ विद्यार्थी भर्नामा रोक लगाउने,

(घ) विद्यालयलाई सरकारी अनुदान घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्ने।

१४३. <u>**नेपाल सरकार वादी हुनेः**</u> दफा १४२ को उपदफा (१), (२) र (३) बमोजिमको मुद्दामा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

१४४. <u>**पुनरावेदनः**</u> दफा १४२ को उपदफा (६) बमोजिम न्यायिक समितिले, उपदफा (७) बमोजिम स्थानीय तहले र उपदफा (९) बमोजिम तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

१४५. **भ्रष्टाचारमा कारबाही चलाउन बाधा नपर्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कसूर मानिने मुद्दा प्रचलित कानून बमोजिम भ्रष्टाचार सम्बन्धी कसूर समेत मानिने रहेछ भने सोही ऐन बमोजिम मुद्दा चलाउन र कारबाही गर्न बाधा पर्ने छैन।

## परिच्छेद-१५

## विविध

१४६. **अध्यापन अनुमतिपत्र प्राप्त नगरी अध्यापन गर्न नहुने:** **(१)** आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन पाउने छैन।

(२) अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४७. **निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारी:** (१) निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय तहबाट स्वीकृत गराई लागू गरेको विनियम बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विनियम बनाउँदा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाको प्रतिकूल नहुने गरी स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१४८. **तलब, भत्ता तथा अन्य सुविधा विद्यालयले व्यहोर्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक शैक्षिक गुठीका विद्यालय वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा सार्वजनिक विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित विद्यालय आफैंले व्यहोर्नु पर्नेछ।

१४९. **नेपाल सरकारले अनुदान दिने:** (१) नेपाल सरकारले प्रत्येक वर्ष बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी सङ्ख्या, स्वीकृत शिक्षक दरबन्दी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको लागि सशर्त र विशेष अनुदान रकम उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयलाई दिँदै आएको अनुदान रकम नक्साङ्कनका कारण विद्यालयको तह घटाइएको वा दरबन्दी कटौती भएको अवस्थामा बाहेक कटौती गरिने छैन।

(३) नेपाल सरकार वा प्रदेश सरकार आफैले सञ्चालन गरेको शिक्षण संस्थालाई सङ्घीय कानून वा प्रदेश कानून बमोजिम आवश्यक अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

(४) स्थानीय तहले सार्वजनिक विद्यालय तथा स्थानीय तहले सञ्चालन गरेका प्रत्येक विद्यालयलाई आफ्नो वार्षिक बजेटमा आधारभूत तथा माध्यमिक तहको शिक्षा प्रदान गर्न आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ।

(५) स्थानीय तहले उपदफा (४) बमोजिम बजेट विनियोजन गर्दा प्रत्येक सार्वजनिक विद्यालयले बजेट प्राप्त गर्ने गरी गर्नु पर्नेछ।

(६) विद्यालयलाई दिइने अनुदान र विद्यालयमा गरिने लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५०. **शिक्षकलाई अन्य कामका लगाउन नपाइने:** (१) सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने वा विद्यालयको शैक्षिक प्रशासनिक कार्यमा बाहेक अन्य कुनै कार्यमा लगाउन हुँदैन।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने कार्यमा बाहेक अन्य कुनै स्थानमा कार्य गर्ने गरी खटाउन वा तोक्न हुँदैन।

तर, राष्ट्रिय जनगणना, निर्वाचन, दैवी प्रकोपको उद्धार वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको काममा खटाउन बाधा पर्ने छैन।

(३) उपदफा (१) र (२) विपरीत कुनै शिक्षकलाई कसैले काममा लगाएमा वा कुनै काममा तोकेमा त्यस्तो शिक्षकले प्राप्त गरेको सुविधा त्यस्तो काममा लगाउने वा तोक्ने अधिकारीबाट असुल उपर गरिनेछ।

१५१. **दान, उपहार, चन्दा तथा सहयोग लिन सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभिभावकले आफ्नो स्वेच्छाले सार्वजनिक विद्यालयको शिक्षाको गुणस्तर तथा पूर्वाधार विकासको लागि दान, उपहार, चन्दा वा अन्य कुनै प्रकारको सहयोग गर्न सक्नेछ र त्यस्तो सहयोग सार्वजनिक विद्यालयले स्थानीय तहको सहमतिमा ग्रहण गर्न सक्नेछ।

१५२. **विद्यालय तथा शिक्षकको अभिलेखको व्यवस्थापन:** (१) नेपालभर स्थापना भई सञ्चालनमा रहेका विद्यालय र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राष्ट्रिय किताबखाना (शिक्षक) मा रहनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि विद्यालय स्थापना तथा सञ्चालनको अनुमति दिने निकायले विद्यालय, त्यस्तो विद्यालयमा कार्यरत शिक्षक तथा तोकिए बमोजिमको अन्य विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा र शिक्षा विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(३) दफा ४३ को उपदफा (७) बमोजिमको दरबन्दी मिलान तथा हस्तान्तरण सम्बन्धी विवरण स्थानीय तहले राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्नेछ।

१५३. **नेपाल शिक्षक महासंघ:** (१) विद्यालयका शिक्षकको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने छ।

(२) विद्यालय शिक्षालाई परिणाममुखी तथा प्रभावकारी बनाउन, विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न तथा शिक्षक सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माण गर्न नेपाल सरकारलाई रचनात्मक सहयोग गर्नु नेपाल शिक्षक महासंघको कर्तव्य हुनेछ।

(३) विद्यालय शिक्षक सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी, उत्तरदायी र व्यावसायिक बनाउन क्रियाशील हुनु नेपाल शिक्षक महासंघको जिम्मेवारी हुनेछ।

(४) नेपाल शिक्षक महासंघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५४. **अनुगमन व्यवस्था र अनुगमन सूचकाङ्क:** (१) मन्त्रालयले शिक्षाको अधिकार कार्यान्वयन तथा अनुगमनको लागि सूचकाङ्क तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचकाङ्क सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

(३) अनुगमन संयन्त्र र सूचकाङ्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५५. **प्रतिवेदन पेस गर्ने:** (१) प्रत्येक गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले प्रत्येक वर्ष गाउँ सभा वा नगर सभामा देहायको विवरण सहितको प्रतिवेदन पेस गर्नु पर्नेछः-

(क) सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक तथा निजी विद्यालय र त्यस्तो विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या,

(ख) आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका बालबालिकाको सङ्ख्या,

(ग) विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका बालबालिकाको सङ्ख्या,

(घ) विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेका विद्यार्थीका सङ्ख्या,

(ङ) सार्वजनिक तथा निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण,

(च) आधारभूत तथा माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत,

(छ) अन्य आवश्यक कुरा।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

१५६. **साझेदारी वा सहकार्य गर्न सकिने:** विद्यालय व्यवस्थापन सुधार, गुणस्तरयुक्त शिक्षाको विकास तथा विद्यार्थीहरुको सिकाइ अभिवृद्धि सम्बन्धी कार्य गर्नका लागि विद्यालय तथा प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका गैर सरकारी संस्था र स्थानीय तह बीच पारस्परिक साझेदारी वा सहकार्य गर्न सक्ने गरी आवश्यक प्रवन्ध गर्न सकिनेछ।

१५७. **मार्ग दर्शनको रुपमा लिनु पर्ने:** प्रदेश सरकार र स्थानीय तहले विद्यालय शिक्षा सम्बन्धी कानून बनाउँदा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, शिक्षा सम्बन्धी राष्ट्रिय नीति तथा राष्ट्रिय मापदण्डलाई मार्ग दर्शनको रूपमा लिनु पर्नेछ।

१५८. **ऐन कार्यान्वयन मापन:** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ। सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

१५९. **समावेशी सिद्धान्त अपनाउनु पर्ने:** यस ऐन बमोजिम मनोनयन गर्दा समावेशी सिद्धान्त अबलम्बन गर्नु पर्नेछ।

१६०. **राष्ट्रिय मापदण्ड बनाउने:** यस ऐनमा भएका व्यवस्थाको कार्यान्वयनको लागि नेपाल सरकारले देहायका विषयमा राष्ट्रिय मापदण्ड बनाउनेछः-

(क) विद्यालयको अनुमति, स्थापना र सञ्चालन,

(ख) विद्यालयको स्थानान्तरण, गाभ्ने, तह घटाउने, बन्द गर्ने तथा नाम परिवर्तन गर्ने,

(ग) विद्यालयको नक्साङ्कन तथा भौतिक पूर्वाधार,

(घ) शिक्षक विद्यार्थी अनुपात, लगानीको आधार, मानवस्रोतको व्यवस्था,

(ङ) प्रारम्भिक बालविकास केन्द्र स्थापना र सञ्चालन,

(च) सार्वजनिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी सम्बन्धी व्यवस्था,

(छ) प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन तथा विद्यार्थीको मूल्याङ्कन,

(ज) पुस्तकालय,

(झ) विशिष्टीकृत विद्यालयको स्थापना र सञ्चालन,

(ञ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण,

(ट) पाठ्यक्रम निर्माण र कार्यान्वयन,

(ठ) यस ऐन बमोजिम बनाउनु पर्ने अन्य मापदण्ड।

१६१. **<u>नियम बनाउने अधिकार:</u>** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारले देहायको विषयमा नियमहरु बनाउन सक्नेछः-

(क) विद्यालय संस्थापना र कक्षा थप गर्न अनुमति दिने,
(ख) शैक्षिक गुठीको विधान दर्ता तथा सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण,
(ग) सार्वजनिक विद्यालय कोषको सञ्चालन तथा लेखा परीक्षण,
(घ) विदेशी बोर्ड वा शिक्षण संस्थासँग आबद्ध भएका विद्यालय स्थापना र सञ्चालन,
(ङ) विदेशमा नेपाली शैक्षिक कार्यक्रम सञ्चालन,
(च) विद्यालयको सम्पत्ति संरक्षण र प्रयोग,
(छ) शैक्षिक गुणस्तर परीक्षण केन्द्र तथा सोको काम कारबाही,
(ज) अध्यापन अनुमतिपत्र र सोको परीक्षा,
(झ) प्रधानाध्यापकको योग्यता, पदावधि, निजको काम, कर्तव्य र अधिकार,
(ञ) शिक्षकहरुको तहगत रुपान्तरण,
(ट) विद्यालयमा शिक्षकको दरबन्दी निर्धारण, शिक्षक दरबन्दी हस्तान्तरण तथा समायोजन,
(ठ) विद्यालय शिक्षाको पाठ्यक्रम निर्माण र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणाली,
(ड) शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा, ब्रिज कोर्श र पूर्व तयारी कक्षा सञ्चालन सम्बन्धी व्यवस्था,
(ढ) विद्यालय शिक्षकको योग्यता, पदपूर्ति, नियुक्ति, पदस्थापन, बिदा र अवकाश,
(ण) शिक्षकको बढुवा र सेवा शर्त,
(त) कार्यसम्पादन मूल्याङ्कन,
(थ) योगदानमा आधारित निवृत्तभरण,
(द) शिक्षक तथा विद्यालय कर्मचारीको आचार संहिता,
(ध) राष्ट्रिय परीक्षा बोर्ड,
(न) शिक्षक सेवा आयोग,
(प) राष्ट्रिय परीक्षा बोर्ड र आयोगका पदाधिकारीको आचरण,
(फ) राष्ट्रिय किताबखाना (शिक्षक)।

१६२. **<u>निर्देशिका बनाउन सक्ने:</u>** यो ऐनको व्यवस्था कार्यान्वयन गर्न मन्त्रालयले देहायका विषयमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछः-

(क) छात्रावासको सञ्चालन,
(ख) प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन,
(ग) विद्यार्थी छात्रवृत्ति,
(घ) विद्यालयमा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग, विद्यालयको छाप,
(ङ) पोशाक, विद्यालय खुल्ने दिन, विद्यालय खुल्ने समय
(च) सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन।

१६३. **<u>खारेजी र बचाउः</u>** (१) शिक्षा ऐन, २०२८ खारेज गरिएको छ।

(२) शिक्षा ऐन, २०२८ बमोजिम नियुक्ति भई सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगमा कार्यरत स्थायी कर्मचारी यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ।

(३) शिक्षा ऐन, २०२८ बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# संघीय शिक्षा ऐन सम्बन्धी विधेयक तर्जुमा सम्बन्धी अवधारणा पत्र

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## १. नयाँ ऐन (संघिय शिक्षा ऐन) बनाउनुपर्ने आवश्यकता

### क) संवैधानिक कारण

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारका रुपमा लिदै नीतिगत तथा कानूनी ढाँचामा सुधार लगायत संरचनागत तथा कार्यमूलक सुधार मार्फत शैक्षिक पद्धतिमा व्यापक पुनरावलोकन गर्नुपर्ने कुरा औल्याएको छ। साथै संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले नेपालको संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था गरेकोमा मौजुदा ऐन तथा नियमावलीहरु केन्द्रिकृत शासन प्रणालीका आधारमा निर्माण भएकोले अधिकांश पक्षहरु विद्यमान संविधानसंग बाझिन जाने देखिन्छ, नबाझिएकाहरु पनि संविधानको उक्त प्रावधान कार्यान्वयनका लागि अपर्याप्त हुने देखिन्छन्। तसर्थ वर्तमान संविधानको भावना र मर्म अनुसार संविधानको प्रभावकारी कार्यान्वयनका लागि देहायका पक्षहरु समेत समेट्ने गरी नयाँ ऐन नै बनाउनु अपरिहार्य भएको छ, बनाउनुपर्ने यस्ता नयाँ ऐनहरुमध्ये शिक्षाको सन्चालन र व्यवस्थापनसम्बन्धी संघिय शिक्षा ऐन एउटा हो।

(क) वर्तमान संवैधानिक प्रावधान अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेकोमा मौजुदा शिक्षा ऐनमा सोसँग सम्बन्धित धेरै विषयहरु एवम् व्यवस्थाहरु केन्द्रमा रहेकोले मौजुदा ऐनमा उक्त पक्षहरुमा मात्र संशोधन गर्न भन्दा नयाँ कानून बनाएर मात्र उक्त संवैधानिक व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने हुन्छ।

(ख) मौजुदा शिक्षा ऐनमा रहेको शिक्षा, अझ खासगरी विद्यालय शिक्षाको समग्र सन्चालन तथा व्यवस्थापनसम्बन्धी अधिकार केन्द्रिकृत संरचनाअन्तर्गतका विभिन्न निकाय तथा संरचनामा बाँडिएका छन्। नयाँ संविधानले विद्यालय शिक्षाको यस्तो अधिकार संघिय, प्रादेशिक र स्थानीय तहमा रहनुपर्ने व्यवस्था गरेकोले यी सबै विषयहरु विद्यमान शिक्षा ऐनमा संशोधन गरेर मात्र नपुग्ने भएकोले नयाँ संघिय शिक्षा नै बनाउने पर्ने हुन्छ।

(ग) मौजुदा शिक्षा ऐनमा विद्यालय शिक्षासँग सम्बन्धित राष्ट्रिय परीक्षा बोर्ड, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्रमाणिकरण, समकक्षता, शिक्षक व्यवस्थापन लगाएत विद्यालय शिक्षाको गुणस्तर, मापदण्ड र स्तर निर्धारणसम्बन्धी अधिकार केन्द्रमा कायम गरेको छ। नयाँ संविधान बमोजिम यी अधिकारको पुन तीन तहमा बाँडफाँड गर्नुपर्ने भएकोले मौजुदा शिक्षा ऐनमा संशोधन गरेरमात्र यस्ता अधिकार विभिन्न तहका सरकारमा बाँडफाँड गर्न कठिन हुने भएकोले यस्ता विषयहरुलाई तीनै तहका सरकारमा रहने व्यवस्था गर्नका लागि पनि संघिय शिक्षा ऐनको आवश्यकता पर्ने देखिन्छ।

(घ) शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रुपमा लिइ आजको विश्व परिवेश अनुसार वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न तथा शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउन, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमश निशुल्क बनाउँदै लैजानका लागि पनि संघिय शिक्षा ऐन आवश्यक देखिन्छ।

(ङ) संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्न प्रदेश सभा, गाउँ सभा वा नगर

सभाले कानून बनाउनु पर्ने भएकोले सोका लागि समेत संघिय शिक्षा ऐन बनाउनुपर्छ जस्ले बाँकी दुइ तहका सरकारका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न सकोस्।

(च) नेपालको संविधानले शिक्षालाई सार्वजनिक वस्तुको रुपमा स्वीकार गरेको छ, मौलिक हकको रुपमा स्वीकार गरेको छ। यसले शिक्षा राज्यको दायित्वको रुपमा रहेको छ भन्ने जनाउँछ। यस्तो साझा दायित्वको रुपमा रहेको विषय तीनै तहका सरकारको सहकार्य र समन्वयमा सन्चालन तथा व्यवस्थापन गरिनुपर्छ। यस्तो सहकार्य र समन्वय कायम गर्न मौजुदा शिक्षा ऐनमा संशोधन गरेरमात्र नपुग्ने भएकोले त्यसका लागि पनि संघिय शिक्षा ऐन बनाउनु पर्ने देखिन्छ।

## ख) अन्तराष्ट्रिय दायित्व

संयुक्त राष्ट्र संघ तथा यसअन्तर्गतका विभिन्न निकाय एवम् अन्य अर्न्तराष्ट्रिय मन्चहरुमा मानवअधिकार, बालअधिकार, सबैका लागि शिक्षा, सबैका लागि न्यायपूर्ण अवसर, दिगो विकास लक्ष्यआदिजस्ता विषयहरुमा नेपालले पक्ष राष्ट्रको रुपमा प्रतिवद्धता जनाइ त्यसमा हस्ताक्षर पनि गरिसकेको छ। दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रतिवद्धता जनाइसकेको छ। अहिले मुलुक नयाँ परिवेशमा प्रवेश गरिसकेको सन्दर्भमा यस्ता प्रतिवद्धताहरु पुरा गर्ने दायित्व तीन तहका सरकारमा रहने भएकाले सो को लागि नयाँ संघिय शिक्षा ऐन बनाउनु पर्छ। किनकी यस्ता प्रतिवद्धताहरु पुरा गर्नका लागि नयाँ सन्दर्भमा मौजुदा ऐनमा मात्र संशोधन गरेर नपुग्ने देखिन्छ।
माथि उल्लेख गरिएझै नेपाल सरकार पक्ष भएका विभिन्न समझदारी, सन्धी र सम्झौताका प्रावधानहरु कार्यान्वयन गर्नका लागि पनि संघिय परिवेश अनुकुलको नयाँ संघिय शिक्षा ऐनको आवश्यकता पर्छ।

## ग) सर्वोच्च अदालतको फैसला

मौजुदा शिक्षा ऐनले विद्यालय शिक्षकको सेवा सुविधा लगाएतका पक्षहरुमा केन्द्र सरकारलाई जिम्मेवार बनाएको छ, यसैगरी विद्यालय कर्मचारीहरुको सेवा, सुविधा लगाएतका कतिपय पक्षहरु मौजुदा कानूनमा समेटिएको छैन्। विद्यालय कर्मचारीको सेवा सुविधाका सम्बन्धमा समेटन बाँकी कतिपय विषयहरु लगाएतका सबै पक्षलाइ समेटेर सर्भिस ल समेतका कानून अविलम्ब निर्माण गर्न सम्मानित सर्वोच्च अदालतको मिति २०६७/१०/२३ मा आदेश भएकोले सोको कार्यान्वयन गर्न समेत नयाँ संघिय शिक्षा ऐनको व्यवस्था गर्न आवश्यक छ।

## घ) सरकारको नीति तथा कार्यक्रम

देहायका दस्तावेजमा नेपाल सरकारले संघिय संविधान अनुकुल हुनेगरी कानून निर्माण गर्नका लागि नीतिगत व्यवस्था गरिसकेको सन्दर्भमा नयाँ शिक्षा ऐन बनाउन आवश्यक पर्ने देखिन्छ।

(क) चौधौं योजना (आर्थिक वर्ष २०७३/७४–२०७५/७६)
(ख) आर्थिक वर्ष २०७४/७५ को नेपाल सरकारको नीति तथा कार्यक्रम
(ग) आर्थिक वर्ष २०७४/७५ को नेपाल सरकारको बर्षिक कार्यक्रम र बजेट
(घ) नेपाल सरकार मन्त्रीपरिषद्ले स्वीकृत गरेको संविधानको अनुसुचीको विस्तृतिकरण (कार्य विस्तृतिकरण प्रतिवेदन २०७३)
(ङ) नेपाल सरकार न्याय कानून तथा संसदिय व्यवस्था मन्त्रालयको परिपत्र २०७४।०९।२३
(च) नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र २०७४/०८/०८
(छ) दिगो विकास लक्ष्यप्राप्त गर्नका लागि तर्जुमा गरिएको कार्यढाँचा (Nepal Sustainable Development Goals Status and Roadmap) २०१६-२०३०
(ज) विद्यालय क्षेत्र विकास कार्यक्रम आर्थिक वर्ष २०७३/७४ देखि २०७७/७८

ङ)अन्य कुनै कारण

नेपाल संघिय गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरिसकेको सन्दर्भमा समग्र शिक्षा प्रणालीलाई संविधानले व्यवस्था गरेको मौलिक हकको सुनिश्चितता एवम् संविधानमा उल्लेख गरिएका राज्यका नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने अवस्था सृजना गर्नका लागि संरचना, जनशक्ति, पाठ्यक्रम, कार्यशैली व्यवहार र संस्कार सो बमोजिम बनाउन पर्ने हुन्छ, तसर्थ नयाँ परिवेश अनुकुलको संघिय शिक्षा ऐन आवश्यक पर्ने देखिन्छ।

## २. नयाँ ऐन बनाई कार्यान्वय भए पश्चात हासिल गरिने उपलब्धि

(क) नेपालले विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय मन्चमा व्यक्त गरेका प्रतिवद्धता कार्यान्वयनमा सहयोग पुग्ने।

(ख) संविधानका मौलिक हक तथा राज्यका नीतिहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने।

(ग) शिक्षाक्षेत्रको समग्र व्यवस्थापन, सन्चालन र नियमन भइ संविधान तथा पाठ्यक्रमले राखेका अपेक्षा गुरा गर्न सहयोग पुग्ने।

(घ) शिक्षाको गुणस्तर सुनिश्चित गर्न सहयोग पुग्ने।

(ङ) तीनवटै तहमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक संरचना निर्माण, जनशक्तिको परिचालन तथा कर्मचारी व्यवस्थापन गर्नमा सहयोग पुग्ने।

(च) विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको नियुक्ति, सरुवा वढुवा लगाएतका सेवा सुविधाहरुका सम्वन्धमा स्पष्ट मापदण्ड तर्जुमा भइ कार्यान्वयनमा आउने जसबाट व्यवस्थापन, सन्चालन र गुणस्तर सुनिश्चित गर्ने कार्यमा सहयोग पुग्ने।

(छ) विद्यालय शिक्षाको प्रभावकारिता, निजीक्षेत्रको नियमन, सरोकारवाहरुको सहभागिता सुनिश्चित गर्न सहयोग पुग्ने।

## ३. प्रस्तावित विषयमा मौजुदा कानून भए

क) **ऐनको नाम** : मौजुदा शिक्षा ऐन २०२८ (नवौं संशोधन) हालसम्म कायम रहेको छ। यसले मात्र नयाँ परिवेशमा नपुग्ने भएकोले नयाँ संघिय शिक्षा ऐन बनाउन खोजिएको हो। यस नयाँ ऐनलाई संघिय शिक्षा ऐन २०७५ भनिनेछ।

ख) **नियमावलीको नाम** : मौजुदा अवस्थामा शिक्षा नियमावली २०५९ (आठौं संशोधन) छ। नयाँ ऐन स्वीकृत भए पछि संघिय शिक्षा नियमावली २०७५ तर्जुमा गरिनेछ।

ग) **गठन आदेशको नाम** : यसमा गठन आदेश छैन्। नयाँ गठन आवश्यक पर्दैन किनकी शिक्षाको समग्र सन्चालन र व्यवस्थापन गठन आदेशबाट मात्र सम्भव हुने देखिदैन्।

## ४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण

वर्तमान संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले नेपालको संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था गरेकोले संविधानको प्रभावकारी कार्यान्वयनका लागि मौजुदा ऐनमा संशोधन गरेरमात्र ती सबै व्यवस्था सुनिश्चित गर्न नसकिने। राज्यको समग्र पुर्नसंरचना भइ सकेको सन्दर्भमा शिक्षा क्षेत्रको पनि पुर्नसंरचना हुने निश्चित छ, यस्तो अवस्थामा विद्यमान ऐनमा संशोधन गरेर यी सबै विषयहरु समावेश गर्न कठिन हुने भएकोले नयाँ ऐनको तर्जुमा गर्नु आवश्यक पर्ने देखिन्छ।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो :**

हालसम्म शिक्षा नीति एकिकृत रुपमा तयार भएको छैन्, एकिकृत रुपमा स्वीकृत भएको पनि छैन् । यसो भनेर शिक्षा नीति नै छैन भन्न खोजिएको होइन, शिक्षा नीतिहरु विभिन्न दस्तावेजमा छरिएर रहेका छन् । यसरी विभिन्न दस्तावेजमा छरिएर रहेका नीतिहरु पनि सिद्धान्त, विधि र पद्धतिको आधारमा तर्जुमा भएका थिए । हालसम्म देहायका विधि पद्धति बमोजिम मौजुदा शिक्षा नीति निर्माण गरिएका हुन भन्न सकिन्छ । र अब बन्ने नयाँ नीति तथा ऐन पनि यीनै सिद्धान्त, विधि र पद्धतिका आधारमा तर्जुमा गर्नुपर्ने देखिएको छ ।

क) **तार्किक पद्धति (Rational Method)** : मौजुदा शिक्षा ऐन तथा नियमावलीहरु संविधान प्रदत्त हक तथा अधिकार प्राप्तिको लागि तर्जुमा भइ कार्यान्वयनमा रहेका थिए । तसर्थ विगतमा तर्जुमा भइ कार्यान्वयनमा रहेका नीति तथा कार्यक्रमहरु साविकका कानूनी दस्तावेजलाई मुल आधार मानेर तर्जुमा गरिएका थिए । संविधानले नेपालको मूल संरचना तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था गरेको छ । संविधान प्रदत्त हकको सुनिश्चितता तथा अधिकारहरुको प्राप्तिका लागि अहिले नयाँ व्यवस्था कायम हुन आयो । साथै संविधानको अनुसुची ९ ले शिक्षालाई साझा अधिकार सुचीमा राखी विभिन्न तहका सरकारका काम कार्यवाहिहरुको बीचमा सहकार्य र समन्वय गर्नसमेत निर्दिष्ट गरेको छ । यीनै प्रावधान बमोजिम अहिले बनाउन खोजिएको संघिय शिक्षा ऐनका लागिसमेत तार्किक विधि महत्वपूर्ण हुने निश्चित छ ।

ख) **बढोत्तरी पद्धति (Incremental Method):** मौजुदा ऐनका कतिपय विषय वा क्षेत्रहरु विगतमा देखिएका समस्या तथा मुद्दाहरु सम्बोधन गर्नका लागि तर्जुमा गरिएका थिए । विद्यमान अवस्थामा सुधार ल्याउनका लागि तय गरिएका थिए । हालको संविधानमा दिइएका शिक्षासम्बन्धी कतिपय प्रावधानहरु विगतमा भन्दा थप गरिएका छन् । तसर्थ हिजोका प्रावधानमा सुधार गरेर अब नयाँ थप भएका व्यवस्थासमेतलाई सम्बोधन गर्नका लागि पनि बढोत्तरी सिद्धान्तमा विश्वास गर्नुपर्ने देखिन्छ । कतिपय अवस्थामा भएका व्यवस्थामा संशोधन गरेर नपुग्ने भएको, समय र लागतका हिसाबले पनि खर्चिलो देखिने भएकोले विगतका राम्रा र आवश्यक व्यवस्थालाई नयाँ संघिय शिक्षा ऐनमा ल्याइ त्यसमा थप गर्दै जानुपर्ने पनि हुनसक्छ । तसर्थ नयाँ ऐन पनि बढोत्तरी विधि बमोजिम बन्न जानेमा विश्वास गर्न सकिन्छ ।

ग) **मिश्रित पद्धति (Mixed Method):** विगतका कानूनमा रहेका कतिपय प्रावधानहरु विभिन्न सरोकावालाहरुको बीचमा छलफल अन्तरक्रिया गरेर साझा सहमति तय गर्ने ढँगबाट तर्जुमा भइ कार्यान्वयनमा रहेका थिए । यो विधि नयाँ परिवेशमा पनि उत्तिकै मात्रामा उपयोगी हुन सक्ने भएकोले नयाँ संघिय शिक्षा ऐनको तर्जुमा गर्दा पनि यसलाई प्रयोगमा ल्याउनु पर्ने हुनसक्छ । किनकी यस विधिले सबैको अपनत्व विकास गर्न र विभिन्न दृष्टिकोण र मूल्य मान्यताका बीचमा सामन्जस्यता ल्याउन पनि सहयोग गर्न सक्ने देखिन्छ ।

६. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी** : माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यूको नेतृत्वमा मस्यौदा तर्जुमा गरिने । कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा मस्यौदा संघिय शिक्षा ऐन उपर हुने छलफल प्रयोजनको लागि शिक्षा मन्त्रालयका सचिव र शैक्षिक व्यवस्थापन महाशाखाका सहसचिवसमेत रहने । अन्य छलफल तथा अन्तरक्रियामा आवश्यकताअनुसार मन्त्रालयले विभिन्न पदाधिकारीहरु खटाउन सक्ने ।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :**

शिक्षाको समग्र सन्चालन र व्यवस्थापनका लागि हरेक मुलुकले आ आफ्नै ढँगबाट कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउने गरेको पाइन्छ । यस्ता कानूनहरु विभिन्न नाममा जारी भएका देखिन्छन् ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भइ कानून निर्माण सम्बन्धमा कुनै सुझाब दिएको भए त्यसको संक्षिप्त व्यहोरा :**

(क) नेपाल सरकार मन्त्रीपरिषद्‌ले स्वीकृत गरेको संविधानका अनुसूचीको कार्य विस्तृत प्रतिवेदन २०७३।

(ख) साविक शिक्षा मन्त्रालयको अनुरोधमा नेपाल कानून आयोगबाट मस्यौदाका कतिपय विषयहरुमा छलफल भइ मस्यौदाको खाका तर्जुमा गर्ने कार्य भइरहेको।

(ग) विभिन्न समयमा विभिन्न सरोकारवाला पक्षहरुसँग विभिन्न समयमा भएका छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय सुझावसमेत उपयोगी हुनसक्ने देखिएको।

(घ) सरकारको नेतृत्व गरेका दलको घोषणापत्रमा उल्लेख भएका विषयहरू।

(ङ) सम्माननीय प्रधानमन्त्रीले पद बहालिको क्रममा व्यक्त गर्नु भएको सार्बजनिक सम्बोधनमा समावेश भएका विषयहरु।

(च) माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूले सार्बजनिक गर्नु भएको मार्गचित्रमा समावेश भएका विषयहरु।

(छ) नेपाल सरकार, मन्त्रिपरिषद्बाट शिक्षा क्षेत्रमा सुधार गर्नका लागि सुझाव दिन मिति २०७४/०५/१९ मा गठित उच्चस्तरीय कार्यदलबाट प्राप्त सुझावमा समावेश भएका विषयहरु।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार:** प्रस्तावित संघिय शिक्षा ऐन तर्जुमा गरी कार्यान्वयनका लागि आर्थिक भार पर्छ तर अन्य सूचकहरु तयार नहुदा हाल एकिन गर्न नसकिने।

१०. **प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने:** हालको संविधानको भावना अनुसार राज्यको पुनसंरचना हुँदा संघ, प्रदेश र स्थानीय तहमा गठन हुने संरचनाबाटै प्रस्तावित संघिय शिक्षा ऐनका प्रावधानहरु कार्यान्वयन हुन सक्ने देखिन्छ। तर शिक्षक तथा विद्यालय कर्मचारीका सम्बन्धमा थप व्यवस्था आवश्यक पर्ने हुन्छ।

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:** कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयबाट यस ऐन तर्जुमा गर्नका लागि सैद्धान्तिक सहमति प्राप्त भइसकेको छ। नेपाल कानून आयोगसंग प्रस्तावित ऐनका विषयमा छलफल भएको थियो। मस्यौदा तयारीको चरणमा रहेकोले उक्त मस्यौदाले अन्तिम रुप प्राप्त गरेपछि यसलाई अगाडी वढाईनेछ।

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु :** संविधानमा उल्लेख गरिएका शिक्षासम्बन्धी मौलिक हक र राज्यका नीतिहरू कार्यान्वयनमा सहजिकरण गर्ने विषयका साथमा विद्यालय शिक्षाको समग्र सन्चालन र व्यस्थापन गर्ने विषयहरु यसमा राख्न खोजिएको छ। साथै विद्यालय शिक्षाको गुणस्तर, मापदण्ड, स्तर निर्धारण, विद्यार्थीको उपलब्धिको प्रमाणिकरण, शिक्षक व्यवस्थापनका मापदण्ड, कर्मचारी व्यवस्थापनका मापदण्ड, संघिय, प्रादेशिक र स्थानीय तहको दायित्व र जिम्मेवारी, शैक्षिक योग्यताको समकक्षतालगाएत शिक्षाको समग्र नीतिगत पक्षसम्बन्धी मापदण्ड यसमा समावेश गर्न खोजिएको छ। नेपाल सरकार मन्त्रीपरिषदले स्वीकृत गरेको कार्यविस्तृतिकरण प्रतिवेदनले संघिय सरकारले गर्नुपर्ने भनि तय गरेका कार्यहरु यसमा समावेश गरिनेछ।